# चौतारा साँगाचोकगढी नगरपालिकाको नक्शा




## चौतारा साँगाचोकगढी नगरपालिकाको
# २ वर्षको कार्य तथा उपलव्धी




**प्रकाशक**
चौतारा साँगाचोकगढी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
चौतारा, सिन्धुपाल्चोक
३ नं. प्रदेश, नेपाल

# चौतारा साँगाचोकगढी नगरपालिकाको

# २ वर्षको कार्य तथा उपलब्धी

**प्रमुख संरक्षक**
**अमान सिं तामाङ**
नगर प्रमुख

**संरक्षक**
**जानुका पराजुली**
उप-प्रमुख

**सल्लाहकार**
**इन्द्र प्रसाद बस्याल**
प्रमुख प्रशासकीय अधिकृत
**चन्द्र प्रसाद सापकोटा**
नगर सल्लाहकार

**सम्पादन तथा प्रकाशन**
**राजुभाइ श्रेष्ठ**
बरिष्ठ कार्यक्रम अधिकृत
**ई. रोशन घिमिरे**
सूचना प्रविधि अधिकृत
**चुडामणी पराजुली**
नायब सुब्बा
**रामकृष्ण कार्की**
लेखापाल

**नगरपालिकाको नक्शा तथा कभर ले–आउट**
**ई. रोशन घिमिरे**
सूचना प्रविधि अधिकृत

**प्रकाशक**
**चौतारा साँगाचोकगढी नगरपालिका**
नगर कार्यपालिकाको कार्यालय
चौतारा, सिन्धुपाल्चोक

**मुद्रण**
**ग्लोबल नेपाल प्रिन्टीङ्ग प्रेस सर्भिस प्रा.लि.**
अनामनगर, काठमाडौं, फोन नं. ४१०२७७२

**सर्वाधिकार**
**चौतारा साँगाचोकगढी नगर कार्यपालिकाको कार्यालय**
**वेब साइट :chautaramun.gov.np**
**इमेल :chautaramun@gmail.com**
**☎ : ०११-६३०४७७, ३१३, ३७५**
**फ्याक्स : ०१-६२००४७**

# प्रकाशकीय........................................................

नेपालमा लोकतान्त्रीक व्यवस्थाको पुर्नस्थापना पश्चात संविधान सभाको निर्वाचनबाट नेपालको संविधान असोज २०७२ असोज ३ गते जारी भयो । संविधानमा स्थानीय तहको पुर्नसंरचना पश्चात नगरपालिका तथा गाउँ पालिकाहरु स्थानीय सरकारको रुपमा अस्तित्वमा आएकोछ । सोही आधारमा वि.स. २०७४ वैशाख ३१ गते स्थानीय तहको पहिलो चरणको निर्वाचन सम्पन्न भयो । सिन्धुपाल्चोक जिल्लामा पहिलो चरणमा स्थानीय तहको निर्वाचन सम्पन्न भई जिल्लाका १२ वटै स्थानीय तहहरुमा जन प्रतिनिधिहरुले पद वाहल गर्ने कार्यक्रम सम्पन्न भएको थियो । सोही निर्वाचनबाट चौतारा साँगाचोकगढी नगरपालिकामा समेत पहिलो पटक निर्वाचित जन प्रतिनिधिहरुले कार्यकाल सुरु भएको थियो । लामो समयसम्म स्थानीय निकायको निर्वाचन नभएर जनप्रतिनिधिहरु विहिन थिए । जनप्रतिनिधिहरु नहुँदा निराश स्थानीय जनताहरु निर्वाचनबाट आएको जन प्रतिनिधिहरुसंगको आशा र अपेक्षाको सूचि बोकेर प्रतिक्षारत थिए । जनप्रतिनिधिहरुले आफ्नो मतदाताहरु संग गरेको वाचाहरुलाई अव योजना र कार्यक्रम मार्फत पुरा गर्नु पर्ने अवस्था रह्यो ।

स्थानीय तहहरुको पुर्न संरचना पश्चात गठन भएका स्थानीय तहहरुमा सबै भन्दा पहिले त आधिकारीक तथ्याङ्कको टड्कारो खाँचो रहेको थियो । सहि तथ्याङ्कको प्रयोगबाट मात्र स्थानीय मतदाताहरुको सहि आवश्यकता जानकारी पाउन मद्दत पुग्ने भएकोले स्थानीय जनप्रतिनिधिहरुले चौतारा साँगाचोकगढी नगरपालिकाको नगर पार्श्व चित्र तयार पार्ने कार्यलाई पहिलो कार्यको रुपमा लिएको थियो । निर्वाचनमा मतदातासंग गरेको वाचा अनुरुप वस्ती तथा टोलहरुमा भेला गराएर स्थानीय क्षेत्रको समस्या र संभावना केलाउने कार्य प्रथम चरणमा नगरपालिकाबाट भयो । सोही मुताविक नगरपालिकाको पहिलो नगर सभाबाट चौतारा साँगाचोकगढी नगरपालिकाको पहिलो नगर विकास योजना आ.व. ०७४/७५ तर्जुमा भई कार्यान्वयनमा आएको थियो ।

स्थानीय तहको निर्वाचन भएर निर्वाचित जन प्रतिनिधिहरु आई सकेको छ महिना पछि मात्र वल्ल स्थानीय सरकार सञ्चालन ऐन २०७४ जारी भई कार्यान्वयनमा आयो । नेपालको सन्दर्भमा ३ तहको सरकारको व्यवस्था पहिलो पटक भएको र ऐन, नियमावलीहरुको अभावका संगसंगै कर्मचारी र काम गर्ने स्थानको अभावका बीच लामो समयसम्म स्थानीय तहहरुले कामको गति लिन सकेन । यसनगरपालिका पनि भाडाको घरमा केही कोठाहरुबाट नगर कार्यपालिकाको काम गर्दै आएको थियो । मतदाता प्रतिको जिम्मेवारी र जवाफदेहीता पुरा गर्ने क्रममा थुप्रै समस्याहरुको सामाना गर्दै सिमीत स्रोत र साधनबाट नगरपालिकाले आफ्ना विकास निर्माणका गतिविधिहरु अगाडि बढाउँदै आएको छ । नगरपालिकाका वडा कार्यालयहरुको आफ्नै भवन

नहुँदा थप समस्याको सामना गर्नु परेको थियो । हाल सम्म नगरपालिकाले सबै वडामा वडा कार्यालय स्थापना गरेको छ। आफ्नै स्रोतबाट वडा नं ६ को लागि वडा कार्यालय भवन निर्माण गरेकोछ। सबै वडा कार्यालय सम्म सडक पुगेको छ। केही सडकहरुमा कालो पत्रेको काम सुरु भएकोछ। चौतारा बजारमा कालो पत्रेको काम पहिलो चरणको पुरा भई दोश्रो चरणको सुरुवात भएकोछ। सबै वडामा सहरी स्वास्थ्य क्लिनिक सञ्चालनमा आएको छ। यस नगरपालिकामा नगर स्तरीय सडक मापडण्ड पारित भएको छ। नगर सभा र नगर कार्यपालिका वैठकबाट ऐन, नियम, कार्यविधी  र दिग्दर्शन गरी ३५ वटा पारित भै राजपत्रमा प्रकाशन समेत गरिएको छ। नगरपालिकाबाट लक्ष्य निर्धारण गरे भन्दा उल्लेखनीय रुपमा बढि राजश्व संकलन गरिएको छ। स्थानीय कला संस्कृतिको संरक्षणको लागि पहलहरु भएकाछन । नगरपार्श्व चित्र तयार भएको छ। एकीकृत सहरी विकास योजना तर्जुमा कार्य अन्तिम चरणमा पुगेको छ। कृषि तथा पशु विकासका क्षेत्रमा उल्लेखनीय कार्यहरु भएका छन। नगर पालिकाले २ वर्ष भित्र सम्पादन गरेका कार्यहरुको विस्तृत विवरण आफ्ना मतदाता समक्ष ल्याउने सन्दर्भमा अनेकौं कठीनाईहरुका बावजुद नगरपालिकाले २ वर्षभित्र सम्पादन गरेका कार्यहरुलाई समेटेर आफ्ना मतादाताहरु समक्ष ल्याउनु पर्ने दायित्व महसुस गरेर यस विकास निर्माण गतिविधि सँगालो २०७६ प्रकाशन गरेको छ।

अन्तमा, चौतारा साँगाचोकगढी नगरपालिकाले जनप्रतिनिधिहरु निर्वाचित भएर पदभार सम्हाले देखि हाल सम्म सम्पादन गरेका गतिविधिहरु तयारी गरी “२ **वर्षको कार्य तथा उपलव्धी**” प्रकाशन गर्न पाउँदा हामीलाई खुसि लागेको छ। यस प्रकाशनलाई अध्ययन गरी नगरपालिकाले सञ्चालन गरेका विकास निर्माणका कृयाकलापहरु र आगामी दिनमा अवलम्वन गर्नु पर्ने पद्धति सम्वन्धमा आफ्ना सुझावहरु उपलव्ध गराई दिनु हुनका लागि सर्म्पूण नगरवासी माहानुभावहरुमा नगरपालिका सादर अनुरोध गर्दछ।

# चौतारा साँगाचोकगढी नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
### चौतारा, सिन्धुपाल्चोक

**३ नं. प्रदेश, नेपाल**

प.सं. :०७५/७६ च.नं. : मिति:२०७६।०१।३०



## शुभ कामना

चौतारा साँगाचोकगढी नगरपालिकामा नगर प्रमुखको रुपमा निर्वाचित भएर आए देखि हाल सम्मको नगरपालिकाको गतिविधिका सँगालो  तयारी गरी आफ्ना मतदाता समक्ष ल्याउन पाउँदा मलाई अत्यन्तै खुसि लागेको छ। राज्य पुर्न संरचना पश्चात पहिलो पटक भएको स्थानीय तहको निर्वाचन मार्फत नगरवासीहरुको अपार मायाँ र विश्वास प्राप्त गरेर नगरपालिकामा मिति २०७४।०२।५ गते पदभार ग्रहण गरे पश्चात समृद्ध नगर सुखी नगरवासी बनाउने अभिप्रायले हामीले आफ्नो कार्य प्रारम्भ गरेका थियौं ।

जनताको घरदैलोमा जाँदा आफुले प्रत्यक्ष देखेका र भोगेका विषयवस्तुहरु तथा नगर वासीहरुले आफु समक्ष प्रस्तुत गरेका समस्याहरु लाईनै हामीले नगर विकास योजनामा पहिलो स्थान दिएका थियौं ।कानूनको अभाव, नगरपालिकाको लागि आफ्नो कार्यालय समेत नभएको अवस्था र सीप युक्त र दक्ष कर्मचारीको अभाव एवं स्रोत साधनको सिमीतताका वावजुद हामीले २ वर्षको अवधिमा गरेको कृयाकलापहरुलाई यस २ वर्षको कार्य तथा उपलव्धी मार्फत मतदाता समक्ष ल्याएका छौ ।

निर्वाचनको समयमा गरेका घोषणा पत्र अनुरुपका वाचा र प्रतिवद्धतानै हाम्रा मार्गदर्शक सिद्धान्त हुन। हामीले नगरवासीसंग काठको पोल मुक्त गर्ने प्रतिवद्धता गरे अनुरुप नगरपालिकामा जीर्ण र मक्कीएका काठे विद्युतिय पोलहरु पूर्णरुपमा विस्थापनको अन्तिम तयारीमा लागेका छौ। सबै वडा कार्यालय सम्म मोटरबाटो पुऱ्याई सकिएको छ। वडा कार्यालय सम्म पक्की सडक निर्माणको कामले तिव्रता पाएको छ। विद्यालयहरुमा विद्यार्थी र शिक्षकको अनुपात मिलाईएको छ ।माध्यमिक विद्यालय संचालन भएका तर दरबन्दी नभएका विद्यालयहरुमा दर बन्दी समेत व्यवस्था गरिएको छ ।खानेपानीका लागि स्रोत पहिचान गरि योजना निर्माणकालागि उल्लेखनीय काम भएका छन । जिल्लामै पहिलो पटक सुख्खा डाँडामा समेत डीपवोरिङ्गको माध्यमबाट खानेपानी आपूर्तिको व्यवस्था मिलाईएको छ। नगरवासीहरुले हामीलाई गरेको

विश्वास मुताविक हाम्रा गतिविधि निरन्तर रुपमा अगाडि बढेको छ। आगामी दिनमा समेत हामी नगरवासीहरुको सुख दुःखमा संगै रहने प्रतिवद्धता समेत व्यक्त गर्दछु ।

अन्तमा, चौतारा साँगाचोकगढी नगरपालिकाले २ वर्ष भित्र सम्पादन गरेका विकास निर्माणको गतिविधिहरुको सँगालो तयारी गरी प्रकाशन गर्ने कार्यमा संलग्न प्रमुख प्रशासकिय अधिकृत श्री इन्द्रप्रसाद वस्याल लगायत सम्पूर्ण सम्पादन तथा प्रकाशन टिम एवं प्रत्यक्ष र अप्रत्यक्ष रुपमा संलग्न कर्मचारीहरु प्रति धन्यवाद व्यक्त गर्दछु ।

**(अमान सिं तामाङ्ग)**
**नगर-प्रमुख**

# चौतारा साँगाचोकगढी नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
### चौतारा, सिन्धुपाल्चोक

**३ नं. प्रदेश, नेपाल**

प.सं. :०७५/७६ च.नं. : मिति:२०७६।०१।३०



## शुभ कामना

स्थानीय तहको निर्वाचन सम्पन्न भएर जनप्रतिनिधिको रुपमा निर्वाचित भएको लगभग दुई वर्ष पुग्न लागेको छ । संघीयता कार्यन्वयनको चुनौतीपूर्ण र जटिल परिस्थितिमा स्थानीय तहको जग बसाउने पहिलो कार्यकालका प्रतिनिधि भएका हैसियतले यो दुई वर्षको कार्यकाल हामीलाई निकै चुनौतीपूर्ण हुनुका साथै नयाँ थिती बसाल्ने महत्वपूर्ण अवसरका रुपमा रह्यो । हाम्रो चुनावी घोषणा पत्र र चुनानी अभियानका क्रममा आम मतदाता समक्ष गरेका बाचा र प्रतिवद्धता अनुसार नै नगर विकासका रणनीतिक महत्वका दीर्घकालीन योजनाका साथै अल्पकालिन योजनाहरु बनाएर त्यसको कार्यन्वयमा लागेका छौ । विकासका पूर्वाधारहरु सडक, खानेपानी, विजुली, स्वास्थ्य शिक्षा तथा स्वरो जगारका कार्यक्रमहरुलाई प्राथमिकतामा राखी समग्र नगर विकासको स्पष्ट मार्गचित्र सहित अघि बढेका छौं । यस दुई वर्षको अवधिमा नगरको तर्फबाट भए गरेका गतिविधीहरुलाई २ वर्षको कार्य तथा उपलव्धीका रुपमा आम नगरबासी समक्ष ल्याउन पाउँदा निकै खुसी लागेको छ ।

कृषि, पर्यटन र उद्यमशिलताको माध्यमबाट दिगो र आत्मनिर्भर विकासमा जोड गर्ने, स्थानीय उत्पादनलाई प्राथमिकता दिइ रोजगारी श्रृजना गर्ने, महिलाहरुको निजामती सेवामा प्रवेश बढाउन महिला लोकसेवा तयारी कक्षाको संचालन, आधारभुत कम्प्युटर कोर्ष सम्बन्धी तालिम, महिला नेतृत्व विकास सम्बन्धी तालिम सञ्चालन गरी आर्थिक, सामाजिक, राजनीतिक क्षेत्रमा महिलाहरुको पहुँच बढाई महिला हिंसा मुक्त समाज निर्माणका लागि पहल र प्रयत्न भइरहेको छ ।आधारभुत स्वास्थ्यमा आम जनताको पहुँच स्थापित गर्न १ वडा एक स्वास्थ्य चौकी, वर्थिङ्ग सेन्टरहरुको विस्तार, सामुदायिक विद्यालयहरुको शिक्षाको गुणस्तरमा सुधार ल्याउने खालका विविध कार्यक्रमहरुका माध्यमबाट सम्पूर्ण क्षेत्रमा स्थानीय सरकारको सघन उपस्थिति जनाउन प्रयत्न भएको छ ।

आफ्ना काम कारबाहीहरुलाई अगाडि बढाउन अवस्यक ऐन, कानूनहरुको अभाव, पर्याप्त दक्ष कर्मचारीको अभाव, नगरपालिकाको आफ्नै काम गर्ने भवनको अभाव, जनप्रतिनिधिको रुपमा काम गरेको पहिलो अनुभव आदि विविध प्रतिकुलताको बावजुद पनि नगर विकासका कामहरु सन्तोषजनक रुपमा अगाडि बढेका छन् । चुस्त सेवा प्रवाह र जनमैत्री प्रशासनमा जोड दिइएको छ । स्थानीय तहबाट न्यायीक अभ्यासको थालनी भएको छ जसका कारण समान्य भन्दा समान्य मान्छेहरुको न्यायमा पहुँच

पुगेको छ । स्थानीय सरकार जनताको सबैभन्दा नजिकको सरकार र जनताको आफ्नो सरकार भएको अनुभूति दिलाउने गरी काम अघि बढाएका छौं ।

अन्तमा, हामी संघीयताको नयाँ प्रयोगमा छौ । नयाँ प्रयोग आफैंमा जटिल र चुनौतीपूर्ण कार्य हो । नगरबासीको विकास र संवृद्धिको आकांक्षालाई संवोधन गर्न हाम्रो स्रोत, साधन र कार्यक्षमताले भ्याएम्म लागिरहेका छौ । हाम्रो “संवृद्ध नगर र सुखी नगरवासी” बनाउने अभियानमा सचेत खबरदारी, सहयोग र साझेदारीको लागि नगरबासीमा हार्दिक अपिल गर्दछु । साथै चौतारा साँगाचोकगढी नगरपालिकाले २ वर्षको कार्य तथा उपलव्धीतयारी गरी प्रकाशन गर्ने कार्यमा लागिपर्नुहुने जनप्रतिनिधि र नगरपालिकाका कर्मचारी प्रति हार्दिक धन्यवाद व्यक्त गर्दछु ।

**(जानुका पराजुली)**
**नगर उप-प्रमुख**

# चौतारा साँगाचोकगढी नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
### चौतारा, सिन्धुपाल्चोक

**३ नं. प्रदेश, नेपाल**

**प.सं. :०७५/७६** **च.नं. : मिति:२०७६।०१।३०**



## दुई शब्द

नेपालको संविधानले संघीयता, गणतन्त्र, धर्म निरपेक्षता र समावेशी लोकतन्त्रका मूल्य मान्यतालाई अंगीकार गरेको छ । संघीयतामा व्यवस्था गरिएको स्थानीय तहको सरकारमा जन प्रतिनिधी निर्वाचित भएको २ वर्षको अवधीमा चौतारा साँगाचोकगढी नगरपालिकाले समपादन गरेका मुख्य-मुख्य काम तथा उपलव्धी समेटेर यो पुस्तिका प्रकाशन गरिएको छ । जनताको नजिकको सरकारले नगरवासीको असिमीत ईच्छा र आकाँक्षालाई सीमीत सधान स्रोतले सम्वोधन गर्दा ठूला तथा दीर्घकालीन प्रभाव पार्न सक्ने भन्दा पनि तत्काल सम्वोधन गर्नु पर्ने साना योजनाहरुमा बढी अल्मलिनु परेको अवस्था छ। विकास पूँजी र प्रविधिको संयोजन मात्र होईन यो मानवीय समस्या पनि हो भन्ने विषयमा नगरपालिकाले ध्यान दिएको छ।

यो दुई वर्षको अवधीमा नगरपालिकाको नेतृत्व कार्यालय सञ्चालनको लागि भवन लगायत पूर्वाधारको व्यवस्था, ऐन, नियम, कार्यविधी तथा निर्देशिकाहरुको स्वीकृत गरी स्पष्ट कानूनी व्यवस्था, एकीकृत नगर विकास योजनाको निर्माण अन्तिम चरणमा पुगेको, नगर पार्श्वचित्र वनाईएको, नगरका मुख्य मुख्य योजनाहरुको डि.पि.आर. तयार गरीएको, सडकहरुको मापदण्ड तोकिएको, भुकम्प पछिको निजी आवासको पुनःनिर्माणलाई अन्तीम चरणमा पुऱ्याउन सफल भएको लगायतका महत्वपूर्ण उपलव्धीहरु हासिल भएका छन ।

हामीले यो पुस्तिकामार्फत २ वर्षका उपलव्धीहरु सार्वजनिक गर्ने र आगामी दिनमा नगरको कामलाई अझबढी व्यवस्थित, योजनाबद्ध र प्रभावकारी बनाउनसंघ तथा प्रदेशका माननीय मन्त्री तथा सभासद, सम्पूर्ण प्रवुद्ध वर्ग तथा आदरणीय नगरवासीबाट प्राप्त सुझाव तथा सल्लाहहरुलाई सधैं स्वागत गर्दछौं । हामीले नगरका १३ वटा वडालाई जोडने चौतारा साँगाचोकगढी सहिद स्मृती चक्रपथ, नगरपालिका देखि वडाको केन्द्र जोडने सडकलाई कालोपत्रे गर्ने योजनाहरु, नगरपालिका र सबै वडाका कार्यालयहरुको भवन निर्माण, सबै स्वास्थ्य संस्थाको भवन निर्माण, नगर भित्र पर्यटनका संभावनाहरुको पूर्वाधारहरुको विकास, गुणस्तरीय स्वास्थ्य र शिक्षा, आय आर्जन तथा रोजगारका लागि कृषिको आधुनिकीकरण र पशु विकास तथा लघु उद्यममा जोड

दिने विषयहरु नगरपालिकाको मुख्य प्राथमिकतामा रहेको छ। नगरपालिकाले संघ, प्रदेश सरकार तथा विकासका साझेदार गैर सरकारी संघ/संस्थाहरु संग विकास अभियानमा आपसी सहकार्य तथा समन्वय गरेको छ। २ वर्षको कार्य तथा उपलब्धी समेटिएको पुस्तिका २ वर्ष पुगेको अवसरमा सार्वजनिक गर्न पाउँदा ज्यादै खुसी लागेको छ । यो पुस्तिका तयार पार्न खटनु हुने प्रमुख, उप-प्रमुख, सल्लाहकार लगायत सबै जनप्रतिनिधीज्यूहरु, कर्मचारी साथीहरुमा वरिष्ठ कार्यक्रम अधिकृत श्री राजुभाइ श्रेष्ठ, सूचना प्रविधि अधिकृत श्री रोशन घिमिरे, नायव सुब्बा श्री चुडामणी पराजुली, लेखापाल श्री रामकृष्ण कार्की लगायत सबै शाखा प्रमुख सहित सबै कर्मचारी साथीहरुलाई धन्यवाद दिन चाहन्छु ।

**(इन्द्र प्रसाद बस्याल)**
**प्रमुख प्रशासकीय अधिकृत**

# विषय सूची


प्रकाशकीय

१. नगरपालिकाको परिचय १

१.१ संक्षेपमा नगरपालिका १

२. नगर प्रमुखज्यूको अन्तवार्ता ३

३. नगर उप-प्रमुखज्यूको अन्तवार्ता ६

४. उल्लेखनीय कार्यहरु १०

४.१ स्थानीय चाड पर्वमा नेवारी धिमेबाजाले रौनक बढायो १०

४.२ सधैको सुख्खा कोल्टाडाँडामा खानेपानीको मूल फुट्यो ११

४.३ नगरपालिकाले विपन्न दृष्टि कमजोर विद्यार्थीहरुलाई चस्मा प्रदान १२

४.४ वडा १३ नं को कार्यालय पक्की सडक सञ्जालमा जोडिदै १३

४.५ स्वच्छ र सुन्दर नगरको परिकल्पना सहित नगर सर सफाई अभियान सञ्चालन १४

४.६ नगर पार्श्व चित्र तयार, गुरु योजना अन्तिम चरणमा १५

४.७ कृषि पेशा र किसानलाई सम्मान गर्न कृषि मेला प्रदर्शनी १५

४.८ नव निर्मित भवनमा वडा कार्यालय सञ्चालन १६

४.९ स्थानीयको विवाद समाधान गर्दै न्यायीक समिति १६

४.१० मेयर कप फुटबल आयोजना १७

४.११ राष्ट्रपति रनिङ्ग शिल्ड प्रतियोगिता १७

४.१२ बुद्ध धर्मको गुरु पूजा र गुफा बारे १८

४.१३ चिया खेतीको सम्भाव्यता अध्यन कार्य सम्पन्न १८

४.१४ पर्यटन प्रवर्द्धन गर्दै नगरपालिका : आफ्नै पहलमा प्याराग्लाईडिङ १९

४.१५ पर्सेल डाँडामा ल्याण्ड फिल साईट तयार भई फोहर व्यवस्थापन २०

४.१६ राष्ट्रिय वाल साहित्य सम्मेलन आयोजना २०

४.१७ व्यावसायीक दुग्ध उतपादनका लागि सामुहिक भैसी पालन २१

४.१८ विद्यालयको स्थायी संरचना निर्माण २१

४.१९ लक्षित वर्गलाई नगरपालिकावाटै कार्डको वितरण २२

५. चौतारा साँगाचोकगढी नगरपालिकाले स्वीकृत गरेका ऐन, नियम, निर्देशिका, कार्यविधि तथा दिग्दर्शनहरु २५

६. शाखा आनुसार प्रगति विवरण २७

६.१ योजना तथा प्रशासन २७

६.१.१ योजना तथा कार्यक्रम सम्झौता र भुक्तानीको प्रकृया २७

६.१.२ योजन तथा कार्यक्रम सम्झौताको प्रकृया २७

६.१.३ भौतिक पूर्वाधार तर्फको योजना भुक्तानीको प्रकृया २७

६.१.४ कार्यक्रम भुक्तानीको प्रकृया २८

६.१.५ आ.व. ०७४/०७५ मा उपभोक्ता समिति मार्फत सम्पन्न भएका योजना तथा कार्यक्रमहरुको विवरण २८

६.१.६ उपभोक्ता समिति मार्फत संचालन भएका पूर्वाधार सम्वन्धी योजनाहरु कायान्वयनमा देखिएका समस्याहरु २९

६.१.७ आ.व.०७५/०७६ मा उपभोक्ता समिति मार्फत सञ्चालमा रहेका योजना तथा कार्यक्रमहरुको विवरण (२०७५ चैत्र मसान्त सम्म) ३०

६.२ भौतिक पूर्वाधार विकास तर्फ ३०

६.२.१ सडक तर्फ ३०

६.२.२ आवास तथा भवन तर्फ ३१
६.३.३ विधुतीकरण तर्फ ३१
६.४.४ नक्सा पास तर्फ ३१
६.४.५ आध्ययन तथा परामर्श सेवा तर्फ ३१
६.३ राजश्व शाखा ३२
६.३.१ राजश्व वाडफाड तर्फ ३२
६.३.२ सवारी साधन प्रवेश कर/शुल्क ३२
६.३.३ अन्य बाडफाड हुने राजश्व ३२
६.३.४ आन्तरीक राजस्व तर्फ ३२
६.३.५ नक्शा पास दस्तुर ३४
६.३.६ वडागत विविध ३४
६.३.७ आ.व. २०७४/०७५ देखी हालसम्म दुई वर्षको अवधीमा राजश्व शाखाबाट भएका कार्यहरु ३६
६.४ सूचना तथा प्रविधि शाखा ३७
६.५ शिक्षा, युवा तथा खेलकुद शाखा ३९
६.६ स्वास्थ्य शाखा ४०
६.७ पशुसेवा शाखा ४४
६.७.१ पशु सेवा शाखाको आ.व. २०७४-७५ मा भएको मुख्य मुख्य कृयाकलापहरु ४४
६.७.२ आ.व. २०७५/७६ (वित्तिय समानिकरण तर्फ) वैशाख मसान्त सममको प्रगति विवरण ४७
६.७.३ प्रस्तावीत पशुपालन पकेट क्षेत्र ५०
६.८ कृषि शाखा ५१
६.८.१ कृषि विकास शाखाको आ.व. २०७४/७५ मा भएको मुख्य मुख्य कृयाकलापहरु ५१
६.८.२ आ.व. २०७५/७६ वैशाख मसान्त सम्मको प्रगति (वित्तिय समानिकरण तर्फ) ५३
६.९ आयुर्वेद शाखा ५५
६.१० न्यायीक शाखा ५६
६.१०.१ आ.व. २०७४/०७५ मा दर्ता भएको मुद्दा संख्या : ८१ (न्यायीक समिति र मेलमिलाप केन्द्र समेतबाट) ५६
६.१०.२ आ.व. २०७५/०७६ चैत्र मसान्त सम्मको जम्मा दर्ता संख्या : १०६ ५६
६.११ रोजगार शाखा ५६
६.११.१ पृष्ठभूमि ५६
६.११.२ विगतमा रोजगारी सिर्जनामा जनप्रतिनिधि ५६
६.११.३ ऐन बनेपछिको अवस्था ५७
६.११.४ आगामी बाटो ५७
६.१२ वि.स. २०७२ सालको विनासकारी भुकम्प र पुनःनिर्माण शाखा ५८
६.१३ सहकारी शाखा ५८
७. नगरपालिकाको समन्वयमा संघीय सरकारवाट सञ्चालित योजनाहरु ५९
८. नागरिकको आँखामा चौतारा साँगाचोकगढी नगरपालिका ६३
९. पत्र पत्रिकामा चौतारा साँगाचोकगढी नगरपालिका ६५
अनुसूचीहरु ६७
अनुसूची-१ ६७
अनुसूची-२ ७२

# १. नगरपालिकाको परिचय

सिन्धुपाल्चोक जिल्लाको ३ वटा नगरपालिकाहरु मध्ये सदरमुकाम चौतारामा अवस्थित यस चौतारा साँगाचोकगढी नगरपालिका विविधताले भरिपूर्ण नगरपालिकाको रुपमा रहेको छ । यस नगरपालिकाको नामाकरण साविकको चौतारा नगरपालिका र तत्कालिन साँगाचोक गाउँ विकास समिति तथा उक्त स्थानमा नेपाल एकीकरणका लागि भएको युद्धको समयमा प्रयोग भएको साँगाचोकगढीको समिश्रणबाट चौतारा साँगाचोकगढी नगरपालिकाको नामाकरण भएको हो । यस नगरपालिकाको केन्द्र चौतारा देशको राजधानि काठमाडौबाट ८४ कि.मि. दुरीमा अवस्थित रहेको छ। नगरपालिकाको सिमाना भने राजधानी काठमाडौबाट ५८ कि.मि. दुरीमा रहेको वनदेउबाट शुभारम्भ हुन्छ। स्थानीय तहको पुर्नसंरचनाको क्रममा चौतारा नगरपालिका र तत्कालिन ६ वटा गाउँ विकास समिति (स्याउले, वतासे, कदमवास, ठूलोसिरुवारी, ईर्खु र साँगाचोक) मिलेर यस नगरपालिकाको गठन भएको थियो । यस नगरपालिकामा १४ वटा वडाहरु रहेका छन । उचाईको हिसावले यस नगरपालिका वडा नं ११ स्थित वनदेउको भिमटार करिव ९०० मिटरको उचाई देखि वडा नं १ को ओख्रेनी करिव २१२० मिटर सम्मको उचाई रहेको छ। यहाँको भु-भागमा आँप, लिचि जस्ता गर्मी स्थानमा हुने फलफुल फल्दछन भने अर्कोतिर यस नगरपालिकामा हिमपात हुने क्षेत्र समेत रहेको छ उक्त क्षेत्रमा प्रशस्त मात्रामा निउरो जस्ता लेकाली तरकारीहरु फल्ने गर्दछ। समग्रमा भन्नुपर्दा यस नगरपालिकाको हावापानी विविधतायुक्त रहेको छ। यहाँ गर्मी स्थानमा रहने माझि दनुवार जाती देखि लिएर चिसो हिमाली क्षेत्रमा वसोवास गर्ने शेर्पा जातीको समेत बसोवास रहेको छ।

## १.१ संक्षेपमा नगरपालिका

**अवस्थिति :आक्षांश :** २७°४६' उत्तर, देशान्तर ८५°४२' पूर्व (नगरपालिकाको केन्द्र, चौतारा)

**प्रदेश नम्बर :** ३

**जिल्ला :**सिन्धुपाल्चोक

**क्षेत्रफल :** १६५.२५ वर्ग.कि.मि.

**निर्बाचन क्षेत्र :** २ वटा

**नगरपालिकाका सिमाना :**

**पूर्व :** सुनकोशी र बलेफी गाउँपालिका

**पश्चिम :** इन्द्रावती गाउँपालिका

**उत्तर :** जुगल गाउँपालिका र पाँचपोखरी ठाडपाल गाउँपालिका

**दक्षिण :** काभ्रेपलाञ्चोक

**नगरपालिकामा कूलजनसंख्या :**५१,३४७ (घरधुरी तथ्याङ्क सर्बेक्षण२०७५ अनुसार)

तामाङ : ११,९५७ (२३.२९प्रतिशत)

क्षेत्री : ९,६३५ (१८.७६प्रतिशत )

नेवार : ९,३७६ (१८.२६ प्रतिशत)

ब्राह्मण : ५८०२ (११.३० प्रतिशत)
सन्यासी/दशनामी : ४७९६ (९.३४ प्रतिशत)
अन्य : ९७८१ (१९.०५ प्रतिशत)




**प्रमुख चाडपर्व** : दशैं, तिहार, माघि, महाशिवरात्री, कृष्ण जन्माष्टमी, सोनाम ल्होसार, न्वागी पर्व, होली, बुद्धजयन्ती, क्रिष्मस, गाई जात्रा, गौराती भीमेश्वर जात्रा

**प्रमुख नदीनालाहरु** :सुनकोशी, बलेफी खोला,कुविण्डे खोला, इन्द्रावती, कुम्बेश्वोर खोला, झ्याडी खोला, मगुवा खोला

**प्रमुख धार्मिक तथा पर्यटकीय स्थलहरु** :गौरती भिमेश्वर मन्दिर (पिपलडाँडा), भदौरे गणेश मन्दिर (सानोसिरुबारी), हर्लङ्ग बर्लङ्ग महेदव मन्दिर (स्याउले), साँगाचोकगढी (साँगाचोक), गणेश र भिमसेनमन्दिर (चौतारा), कृष्ण मन्दिर (चौतारा), चण्डेश्वरी मन्दिर (सानोसिरुबारी), दक्षिणकाली मन्दिर (पिपलडाँडा), देवीथान (गिदाने), नारायण स्थान, रक्तकालिका मन्दिर (स्याउले)

## २. नगर प्रमुखज्यूको अन्तवार्ता



**"चौतारा साँगाचोकगढी नगरपालिकामा प्रथम जननिर्वाचित नगर प्रमुख श्री अमान सिं तामाङ्गज्यूसंग नगरको विकास निर्माणको गतिविधि, राजश्व संकलन, ऐन कानून निर्माण र नगरपालिकाको समग्र पक्षहरुमा वहाँ निर्वाचित भएर कार्यभार सम्हानु भए देखि हालसम्म भए गरेको कार्यहरुको सन्दर्भमा विकास निर्माण गतिविधिहरुको सागालो प्रकाशन टोलीको तर्फबाट लिईएको अन्तवार्ता।"**

**तपाईको टिम चौतारा साँगाचोकगढी नगरपालिकामा निर्वाचित भएर आउनु भए पश्चात गर्नु भएको उल्लेखनीय कामहरुको वारेमा वताई दिनुहोस न।**

☞ स्थानीय सरकार कानूनद्धारा सञ्चालन हुनु पर्छ भन्ने हाम्रो मान्यता रहेको छ। कानूनी शासन स्थापनाका लागि ऐनकानूनको निर्माण गरेका छौं। हामी निर्वाचित भएर आए पश्चात विद्युतिय दुर्घटनाबाट नगरवासीहरुलाई जोगाउनका लागि सबैभन्दा पहिले नगरपालिकाबाटजीर्ण र जोखिम पूर्ण काठको विद्युतीय पोलहरु हटाउने कार्यको थालनी गर्‍यौ।

सडक मापडण्ड नहुँदा पुर्ननिर्माण कार्यले गति लिन सकेको थिएन तसर्थ नगर भित्रका सडकहरुको सडक मापडण्ड निर्धारण र भुकम्प पिडितहरुको ढुङ्गा माटोको घरहरुका लागि नक्शा पास गर्नु नपर्ने व्यवस्था गरी पुर्ननिर्माणलाई तिव्रता दियौं। भुकम्प प्रभावित नगरवासीहरुलाई त्रिपाल र टहराबाट पक्कीघरमा सार्ने कामलाई हामीले पहिलो प्राथमिकता रह्यो। नगरपालिकाको एकीकृत तथ्याङ्क सहितको नगर पार्श्वचित्र तयारीका लागि घरधुरी तथ्याङ्क संकलन गरि पार्श्वचित्र तयारी गरियो र हाल प्रकाशनको क्रममा रहेको छ।

नगरको योजनावद्ध विकासका लागि एकीकृत सहरी विकास योजना तर्जुमाको थालानीका गर्‍यौं। हामीले नगरपालिकाबाट सम्पादन हुने कार्यहरुमा सु-शासनको अनुभूति दिनका लागि सबै वडामा वडा कार्यालय स्थापना गरी वडाबाट प्रदान गरिने सेवा सुचारु गर्‍यौ। स्वास्थ्य सेवालाई नगर वासीको घर दैलेमा पुर्‍याउनका लागि स्वास्थ्य चौकी नभएका वडाहरु र स्वास्थ्य संस्था आउन जान टाढा रहेका वस्तीहरुलाई लक्षित गरेर ४ वटा सहरी स्वास्थ्य क्लिनिक स्थापना गर्‍यौ। नगर भित्रका विद्यालयहरुमा पोशाक अनिवार्य लागु गरियो। शिक्षा नियमावली जारी गरी विद्यालय व्यवस्थापनको काम भयो।

चौतारा बजारको पुरानो वसपार्क देखि कुविण्डे चोकसम्म कालो पत्रे गर्ने काम गरियो र अव वन कार्यालयको चोक देखि हुलाक कार्यालयको चोकसम्म सडक ढलानको कार्य हुँदैछ। स्थानीय वासिन्दाको आवश्यकता र औचित्यलाई ध्यानमा दिएर खानेपानी योजनाहरु निर्माण सडक निर्माण तथा मर्मत संभार र वडा कार्यालय सम्म सडक लाने काम भयो। खानेपानीको मुहान नभएको क्षेत्रलाई ध्यानमा राखेर लिफ्टङ्ग प्रविधिबाट र वोरिङ्गबाट समेत खानेपानी

आपूर्ति गर्ने व्यवस्था मिलाईयो । त्यसैगरी कला र संस्कृतिको संरक्षण आय आर्जन, क्षमता विकास लगायतका क्षेत्रहरुमा नगरपालिकाले हामीले स्थानीय नगरवासीहरुको माग अनुसारका कामहरुको शुरुआत गऱ्यौं । नगरपालिकाको नगर क्षेत्रबाट उत्र्सजन हुने फोहर व्यवस्थापनका लागि वडा नं ५ को पर्सेल डाँडामा ल्याण्ड फिल्ड साईटको व्यवस्थापन र उक्त ल्याण्डफिल्ड साईटसम्म जाने सडक निर्माण गरी फोहर विसर्जनको लागि दिगो व्यवस्थापन गरिएकोछ ।

**यहाँको नगरपालिकाको आन्तरिक स्रोतको अवस्था के छ ?**

☞ नगरपालिकाको मुख्य आन्तरिक स्रोतको रुपमा सुनकोशी र इन्द्रावती नदीको गिट्टि, ढुङ्गा, वालुवा, नक्शापास, व्यावसाय दर्ता सवारी कर, घरभाडा कर, काठ, स्लेट ढुङ्गा निकासी कर आदि रहेका छन ।

**नगरपालिकाको विकासका प्राथमिकताका क्षेत्रहरु के के हुन ?**

☞ हाम्रो नगरपालिका सदर मुकामको नगरपालिका भईकन यहाँ दुर्गम र पिछडिएका वडाहरु रहेको र पूर्वाधार तथा अन्य विकासको दृष्टिकोणले समेत पछाडि परेको नगरपालिका हो । हाम्रो प्राथमिकताका क्षेत्रहरुको रुपमा सुरक्षित र गुणस्तरीय विद्युतीय सेवा प्रवाह, सडक, खानेपानी, आय आर्जन तथा जिविकोपार्जनमा सुधार, साँस्कृतिक सम्पदाको संरक्षण जस्ता रहेका छन । यीनै कार्यहरुको माध्यमबाट समृद्ध र विकसित र सुखी नगरपालिका बनाउने हाम्रो उद्देश्य रहेको छ ।

**चौतारा साँगाचोकगढी नगरपालिकाबाट आगामी दिनमा सञ्चालन हुने विशेष कार्यक्रमहरु के के रहेका छन ?**

☞ नगरपालिकाको योजनावद्ध र दिगो विकासका लागि हामी नगरपालिकाको आवधिक एकीकृत शहरी विकास योजना तर्जुमाको क्रममा रहेका छौं । सोही अनुरुप आगामी ५ वर्ष भित्र सबै वडाका केन्द्रमा पक्की सडक पुऱ्याउने हाम्रो लक्ष्य रहेको छ । सबै वडा कार्यालयहरुको आफ्नै भवन बनाउने सबै विद्यालयहरुको सुरक्षित र वालमैत्री भवनमा वालमैत्री सिकाई हुने अवस्थाको सिर्जना गर्ने, नगरवासीहरुलाई स्वच्छ र सुरक्षित खानेपानी उपलब्ध गराउनका लागि एकघर एक धारा वितरण गर्ने, नगरपालिकालाई खुल्ला दिशामुक्त क्षेत्र घोषण गर्ने, खाद्यान्न तरकारीमा आत्म निर्भर बनाउने ।

अर्गानिक खेतीलाई प्रोत्साहन गर्ने, माछा, मासु र अण्डा तथा दुध निकासी गरी किसानको आयस्तर बढाउने, सीप युक्त र प्राविधिक जनशक्तिको उत्पादन गर्ने र साना तथा घरेलु उद्योग स्थापना गर्न प्रोत्साहन गर्ने, धर्म संस्कृति र परंपराको संरक्षण र विकास गर्ने नगरवासीहरु वीच आपसमा मेलमिलाप अभिवद्धि गर्ने लगाएतका क्षेत्र हाम्रो प्राथमिकताको क्षेत्रको रुपमा रहेका छन ।

**नगरपालिकाले हाल सामाना गर्नु परि रहेको समस्याहरु के के छन ?**

☞ खानेपानीको दिगो र पर्याप्त आपूर्ति हुन सकेको छैन । नियमित विद्युत आपूतिमा समस्या

रहेको छ। नगर भित्र आवश्यक पूर्वाधारहरुको कमि रहेको छ। नगरपालिका भईकन पनि वडाहरुमा पुग्ने पक्की सडकको अभाव रहेको छ। आय आर्जका प्रर्याप्त क्षेत्र र अवसरको कमी रहेको छ। सिमीत अनुदानबाट नगरवासीहरुको असिमीत आवश्यकता परिपूर्ति गर्न समस्या रहेकोछ। भौगोलिक रुपमा विकट र ठूलो भौगोलिक क्षेत्र ओगटेको हुँदा विकासको विकास निर्माणका कार्यमा लागत बढने जस्ता समस्याहरु रहेका छन।

**स्थानीय तह, प्रदेश सरकार र केन्द्र सरकारको बीचमा के कस्तो समन्वयको अवस्था रहेको छ ?**

☞ नेपालको संविधानले व्यवस्था गरेको र स्थानीय तहको अधिकार क्षेत्र भित्र रहेको क्षेत्रहरुमा समेत केन्द्र र प्रदेशबाट हस्तक्षेप हुने क्रम जारी रहेको छ। स्थानीय तहलाई तोकिएको अधिकार क्षेत्र भित्र केन्द्र र प्रदेश तहको हस्तक्षेप जारी रहँदा स्थानीय सरकारहरु कमजोर बन्ने संभावना बढेको छ। सबै सरकारहरुले संविधानले आफुलाई तोकेको अधिकारको सीमा भित्र रहेर समन्वय, सहकार्य तथा सह अस्तित्वलाई आत्मसात गरेर काम गर्न सकेमा प्रभावकारी हुने थियो।

**ऐन, नियम र कानूनको अभावले कुनै समस्या वेर्होनु परेको छ कि ?**

☞ हामी निर्वाचित भएर आएको लामो समयसम्म स्थानीय सरकार सञ्चालन ऐन नआउँदा लामो समय अन्यौलग्रस्त भयो। ऐन, नियम तथा कार्यविधी विनानै करिव ६ महिना हाम्रो कार्यकाल बित्यो। हालका दिनमा समेत नगर पालिकाको अधिकार क्षेत्र भित्र पर्ने क्षेत्रहरुको ऐन, नियमावली कार्यविधी पारित गर्दै काम गरि रहेका छौं।

**कार्यालय भवन र कर्मचारीहरुको अवस्था के छ ?**

☞ नगरपालिकाको आफ्नो कार्यालय भवन नहुँदा निकै कठीनाई वेहोरी रहेका छौ। भाडाको भवनबाट भर्खरै साविकको कृषि विकास कार्यालयको भवनको १ तल्लामा जसो तसो कार्यालय सञ्चालन गरी रहेका छौ। खारेज भै सकेका कार्यालयहरुको समेत भवन हस्तान्तरण हुन सकेको छैन। विषयगत शाखा व्यवस्थापन गर्न समेत भवनको अभावमा कठिनाई परि रहेको छ। प्रविधि मैत्री र सीपयुक्त अनुभवी कर्मचारीहरुको अभावमा कामले गति लिन कठीनाई परी रहेको छ। कृषि र पशु विकास शाखातर्फ जनशक्ति पर्याप्त नहुँदा किसानका समस्या समाधान गर्न कठीनाई भएको छ।

**अन्तमा नगरवासीहरुलाई केही भन्नु हुन्छ कि?**

☞ विकसित र समृद्ध, नगरको निर्माणका लागि हामीसबै एकजुट भएरअगाडि बढौं भन्न चाहन्छु।

## ३. नगर उप-प्रमुखज्यूको अन्तवार्ता



"चौतारा साँगाचोकगढी नगरपालिकामा प्रथम जननिर्वाचित नगर उप-प्रमुख श्री जानुका पराजुलीज्यूसंग नगरको विकास निर्माणको गतिविधि, न्यायीक समितिको कार्य, बालबालिकाको क्षेत्रमा भए गरेका कामहरू, अनुगमन समितिको विविध आयाम र नगरपालिकाको समग्र पक्षहरूमा वहा निर्वाचित भएर कार्यभार सम्हानु भए देखि हाल सम्म भए गरेको उपलव्धीहरुको सन्दर्भमा विकास निर्माण गतिविधिहरुको सागालो प्रकाशन टोलीको तर्फबाट वहा संग गरिएको कुराकानीको विवरण।"

**तपाई निर्वाचित भएर आउनुभए पश्चात हालसम्म भएका उत्कृष्ट कार्यहरुका बारेमा हामीलाई बताइदिनुहोस् न ?**

☞ स्थानीय तहको जनप्रतिनिधिको रुपमा काम गरेको लगभग २ वर्ष बित्न लागेको छ । यस अवधिमा नगर विकासका साना ठूला थुप्रै योजनाहरु अघि बढेका छन् । देश संघीय संरचनामा गए पछिको हामी पहिलो कार्यकालका प्रतिनिधि हौं । स्थानीय तहमा व्यवस्थापिका, कार्यपालिका र न्यायपालिकाको अभ्यास नयाँ थियो र त्यो हाम्रो लागि पनि नयाँ थियो ।

निर्वाचित भएको पहिलो वर्ष नगरपालिकाले आफना काम कारबाही अगाडि बढाउन आवश्यक ऐन, कानूनहरुको अभाव, सेवा प्रवाहका निमित्त आवश्यक संरचना र पर्याप्त कर्मचारीको अभावको बीचबाट पनि हामीले यो २ वर्षको बीचमा धेरै कामहरु सम्पन्न गरेका छौ भने केही दीर्घकालीन महत्वका योजनाहरु अघि बढेका छन् ।

लगभग निर्वाचन भएको यो २ वर्षको अवधिमा आफनो कार्यकाल भित्र पूरा गर्ने दीर्घकालीन, मध्यकालीन र अल्पकालीन योजना निर्माण गरी नगरपालिकाको शक्ति र सार्मथ्यले भ्याएसम्म कार्यान्वयनमा लागेका छौ । यस अवधिमा विकासका मुख्य पूर्वाधारहरु सडक, विद्युत खानेपानी, शिक्षा, स्वास्थ्य, कृषि, घरेलु उद्योग, पर्यटन पूर्वाधारको विकास लगायतका क्षेत्रलाई प्राथमिकतामा राखी काम अघि बढाइएको छ ।

वि.सं. २०७२ सालको विनाशकारी भुकम्पबाट हाम्रो जिल्ला साथै हाम्रो नगरपालिका अति प्रभावित क्षेत्र हो । भुकम्पका कारण ९८ प्रतिशत निजी आवासका साथै सार्वजनिक सरोकारका विद्यालय भवन, स्वास्थ्य चौकी, लगायत पुरातात्विक धरोहरुहरु क्षतिग्रस्त भएका थिए । तसर्थ हाम्रो सबैभन्दा पहिलो योजना ती भत्कीएका संरचनाहरुको पूर्नःनिर्माण रहेको थियो । हालसम्म आउँदा निजी आवस पूननिर्माणको काम ९७ प्रतिशत सम्पन्न भइसकेको छ भने विद्यालय भवन, स्वास्थ्य चौकी लगायतका पुनःनिर्माणको काम पनि निकै रफ्तारमा अघि बढेको छ ।

दोस्रो कुरा हाम्रो नगर पालिकाको अर्को मुख्य समस्या खानेपानीको रहेको छ । खानेपानीको समस्यालाई संबोधन गर्न र हाम्रो चुनावी प्रतिबद्धता अनुसार ५ वर्ष भित्रमा १ घर १ धारा अभियानलाई सफल बनाउन संघीय सरकार, प्रदेश सरकार र विभिन्न दातृ निकायसँग सहकार्य गरी ठूला खानेपानी आयोजनाहरु सञ्चालन भएका छन् । जुगल थालखर्क-होल्चे खानेपानी आयोजना चौतारा,जाडेखोला-टुनिबोटे- हेर्रे लिफ्ट खानेपानी आयोजना साँगाचोक, लगायत मझौला र साना आयोजनाहरु सञ्चालन भएका छन् । आगामी ३ वर्षभित्रमा नगरपालिकालाई खानेपानी अभावमुक्त नगरपालिका बनाउने गरी काम अघि बढेको छ ।

तेश्रो नगरका आम जनसमुदायको आधारभूत स्वास्थ्य सेवामा सहज पहुँच स्थापित गर्न नगरका १४ वटै वडामा स्वास्थ्य चौकी तथा शहरी स्वास्थ्य केन्द्रहरुको स्थापना गरी आधारभूत औषधीहरुको व्यवस्था गरिएको छ । आधारभूत तथा माध्यमिक तहसम्मको शिक्षालाई व्यावहारिक बैज्ञानिक तथा गुणस्तरीय बनाउने गरी काम अघि बढाइएको छ ।

नगरका मुख्य-मुख्य सडकहरु जस्तैः चौतारा बजारको सडक,चौतारा-स्याउले सडक, चौतारा-सानो सिरुवारी-झ्याडी सडक, जल्केनी-कुण्डला सडक, साँगाचोक -डडुवा कालोपत्रे गर्ने का भैरहेको छ। जल्केनी-कदमबास -भैसे सडक, नसरी-कटुन्जे-जामुने सडक, मानेडाँडा-फलाटे- भिमटार सडक चौडा गर्ने र स्तरोन्नती गर्ने काम यसै वर्ष अघि बढेको छ । आगामी ३ वर्ष भित्रमा नगरका १४ वटै वडा कार्यालय जोड्ने नगर स्तरीय सडकहरुको स्तरोन्नती तथा कालोपत्रे गर्ने योजना मुताविक नै काम अघि बढेको छ ।

नगरका १४ वटा वडालाई हुने चौतारा सँगाचोकगढी सहिद स्मृति चक्रपथ (६० किलोमिटर) को डि.पि.आर तयार भई छिटै सघन सहरी विकासको अवधारणा अनुरुप ६० करोडकै योजनाका कामहरु अघि बढ्दैछ ।नगरपालिका भित्र पर्यटकिय क्षेत्रहरुको विकास र प्रर्वद्धन गर्ने उद्देश्यले पर्यटन पूर्वाधार विकासका योजनाहरु अघि बढेका छन ।देशमै रोजगारी सृजना गर्ने तथा स्वरो जगार जनशक्ति उत्पादन गर्ने उदेश्यले विभिन्न व्यावसायिक र सीपमूलक तालिमहरु सञ्चालन भएका छन् ।

**तपाईको नगरपालिकामा महिला र बाल बालिकाको अवस्था कस्तो रहेको छ ?**

☞ २०६८ सालको जनगणना अनुसार हाम्रो नगरपालिकामा करिव ४६ हजार जनसंख्या रहेको छ, जसमा ५० प्रतिशत जनसंख्या महिलाहरुको रहेको छ । जनसंख्याको आधा हिंसा ओगट्ने महिलाहरुको अवस्था अझै पनि आर्थिक, सामाजिक, राजनैतीक रुपमा पछाडि नै रहेको छ । महिलाहरुको कामको उचित मूल्याङ्कन नहुँदा (घरायसी कामलाई महत्व नदिने संस्कार) ले गर्दा महिलाहरुको आर्थिक, सामाजिक जीवन कष्टकर रहेको छ । विभिन्न राजनैतिक तथा सार्वजानिक फोरमहरुमा पनि विधानले बाध्य गराएको ठाँउमा मात्र महिला राख्ने, नाम महिलाको राख्ने काम पुरुषले गर्ने, महिलाहरुको नाममा रहेको सम्पत्तिको निर्णय गर्ने अधिकार पुरुषले राख्ने जस्ता सामन्ती तथा पितृसत्तात्मक सोच र प्रवृत्तिका कारण महिलाहरुको आत्मविश्वास बढ्न दिइरहेको

छैनन्, जसमा नगरपालिकाको सचेत हस्तक्षेपको आवश्यकता महशुस गरेका छौँ । हाम्रो नगर पालिकामा बालबालिकाको अवस्थाको कुरा गर्दा नगरका विद्यालय जाने उमेर समुहका सम्पूर्ण विद्यालयमा नियमित रुपमा जाने गरेका छन । वालमैत्री वातावरणमा पठन पाठनको व्यवस्था गरिएको छ । नगरपालिकालाई वालमैत्री बनाउनका लागि विभिन्न कार्यक्रमहरु सञ्चालन गरिएकोछ । बालबालिकाहरुको पोषणमा सुधार ल्याउनका लागि कुखुराको चल्ला र दाना वितरणका कार्यक्रमहरु सञ्चालन गरिएको छ ।

**न्यायीक समितिले कसरी काम गरिरहेको छ ? कस्ता किसिमका विवादहरु न्यायीक समितिमा आउने गरेको छ ?**

☞ नेपालको संविधानको धारा २१७ साथै स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ४७ मा स्थानीय तहमा न्यायीक समिति रहने व्यवस्था गरेको छ । गाँउपालिका तथा नगरपालिकाको उपाध्यक्ष वा उप-प्रमुखहरु संयोजक रहेको ३ सदस्यिय न्यायीक समिति रहने व्यवस्था छ । जसले फौजदारी बाहेकका देवानी प्रकृतिका विवादहरुलाई कारबाही किनारा गर्ने अधिकार प्रदान गरिएको छ । त्यसै बमोजिम हामीले हाम्रा नगर क्षेत्र भित्रका घटेका देवानी प्रकृतिका विवादहरु लाई दुई पक्षबीच छलफल गराएर मेलमिलाप हुन सक्ने मुद्धामा मेल मिलाप गराउँछौ यदि मेल मिलाप हुन नसकेमा आफ्नो क्षेत्राधिकार भित्र निर्णय गर्ने अधिकार भएमा ३ जनाको इजलास वसी निणर्य लिन्छौ । न्यायीक समितिलाई २ प्रकारले न्याय- निरुपण गर्ने अधिकार रहेको छ ।

१. विवाद वा मुद्धाको सुनुवाई गरी निरुपणगर्ने अधिकार
२. मेल मिलापको माध्यमबाट मात्रै विवादको निरुपण गर्ने अधिकार

यद्यपी स्थानीय सरकार सञ्चालन ऐनले सुनुवाई मार्फत विवादको निरुपण गर्ने विवादमा पनि न्यायीक समितिले सुरुमा मेलमिलाप वा मिलापत्र गराउने प्रयास गर्नुपर्ने व्यावस्था गरेको छ। यदि मेल मिलापको प्रयास असफल भएमा मात्र सुनुवाइको प्रक्रियाद्धारा न्याय निरुपण गर्नुपर्दछ । यीनै दुई प्रक्रियाबाट हाम्रो न्यायीक समितिले विवाद समाधान गर्ने गरेको छ । विशेषगरी साँध-सिमाना, ज्याला मजदुरी नदिएको, घरेलु हिंसा, सामान्य खालका कुटपिट, गालीगलैज, जेष्ठ नागरिकलाई हेरचाह नगरेको, अरुलाई असर गर्ने गरी रुख विरुवा लगाएको, पति-पत्नीबीचको सम्बन्ध बीचछेद आदि जस्ता विवादहरु न्यायीक समितिमा आउने गरेका छन् । हामी न्यायीक समितिको क्षेत्राधिकार भित्र पर्ने विवादहरुलाई मात्र न्यायीक समितिमा दर्ता गरी समाधानको विधि अपनाउने गर्दछौ ।

**नगर विकास योजनामा महिला तथा बालबालिकालाई प्रत्यक्ष लाभ पुग्ने प्रमुख कार्यहरु के–के रहेका छन् ?**

☞ नगरको विकास र समृद्धिको पहिलो शर्त भनेको जनसंख्याको आधाभन्दा बढी हिस्सा ओगट्ने महिला तथा बालबालिकाको हित सम्बोधन हुने गरी नीति योजना कार्यक्रम बन्छ की बन्दैन भन्ने हो । पितृसत्तात्मक राज्य व्यावस्थाले आर्थिक, सामाजिक, राजनीतिक रुपमा हजारौं वर्ष देखि पछाडि पारेको महिला वर्गलाई माथि उठाउने गरी योजना बनाउन सक्दा मात्र हामीले देखेको समृद्धि संभव छ । नगरको पहिलो योजना भनेको हरेक राजनैतिक, सामुदायिक वा सार्वजनिक

फोरमहरुमा महिलाहरुको ३३% उपस्थिति गराइ उनीहरुलाई हरेक क्षेत्रको नीति निर्माणमा सक्रिय सहभागि गराउने रहेको छ। दोश्रो, महिला हिंसा मुक्त नगरपालिका अर्थात महिला र बालबालिका मैत्री नगरपालिका बनाउने रहेको छ ।तेश्रो, महिलाहरु लाई आर्थिक रुपमा आत्मनिर्भर र सक्रिय बनाउन उनीहरुलाई ज्ञान, सिप र प्रविधि हस्तान्तरण गरी उनीहरुको आर्थिक, सामाजिक जीवनमा गुणात्मक परिवर्तन ल्याउने रहेको छ। चौथो कुरा, विकास निर्माणका गतिविधिहरुमा महिलाहरु लाई सक्रिय सहभागि गराउने : जस्तै उपभोक्ता समितिमा महिला, अनुगमन समितिमा महिला अनिवार्य हुनुपर्ने व्यवस्थालाई जोड गरेका छौ। अर्को कुरा महिलाहरुको निजामती सेवामा प्रवेश बढाउन साथै प्राविधिक शिक्षामा उनीहरुको पहुँच वृद्धि गर्न महिला लोकसेवा तयारी कक्षा तथा आधारभूत कम्प्यूटर तालिम जस्ता कार्यक्रमहरु राखेका छौ।

**आगामी दिनमा महिला तथा बालबालिकाको अवस्थामा सुधार ल्याउन के कस्ता कार्यक्रमहरु तर्जुमा गर्ने सोचमा हुनुहुन्छ?**

☞ महिलाहरुलाई आर्थिक रुपमा आत्मनिर्भर नबनाइकन अरु काम गर्न सकिदैन, तसर्थ हामीले "एक घर एक महिला उद्यमी" को निति लिएका छौं। महिलाहरुलाई आत्मनिर्भर र स्वारोजगार बनाउने खालका कार्यक्रमहरु निर्माण गर्नेछौ। दोस्रो कुरा महिलाहरुको आर्थिक, सामाजिक र राजनैतिक जीवनमा परिवर्तन ल्याउन विविध रचनात्मक कार्यक्रम र सचेतनामुलक कार्यक्रमहरु निर्माण गर्नेछौ। तेस्रो कुरा भनेको हामीले नगरपालिकालाई बालमैत्री नगरपालिका बनाउने प्रतिवद्धता जाहेर गरेका छौ। बालमैत्री नगरपालिकाका लागि आवश्यक पूर्वाधार र सुचाङ्कहरु पुरा गर्नेगरी काम अघि बढाउने छौ। बालमैत्री, महिलामैत्री, अपांगमैत्री नगरपालिका बनाउने गरी काम अघि बढाउने छौ।

**काम गर्ने सिलसिलामा कुनै समस्या छन् कि?**

☞ पहिलो कुरा त नगरपालिकाको आफ्नो भवन नहुँदा र पर्याप्त ठाँउ नहुँदा नगरपालिकाका शाखाहरुलाई अझै व्यवस्थित ढंगबाट सञ्चालन गर्न सकिएको छैन।

संघ प्रदेश र स्थानीय सरकारको साझा अधिकारको सुचिमा रहेको कतिपय विषयहरु अझै फाइनल नहुँदा ऐन बनाएर कार्यन्वयनमा जान अप्ठ्यरो परेको छ। प्रर्याप्त र दक्ष कर्मचारी नहुँदा सोचे जसरी काम अघि बढाउन केही अप्ठेरो परेको छ।

**अन्तमा थप केही भन्न चाहनुहुन्छ कि ?**

हामी स्थानीय तहको पहिलो कार्यकालका जनप्रतिनिधि हौं। हामी संघीयताको नयाँ प्रयोगमा छौ। नयाँ प्रयोग आफैंमा जटिल र चुनौतीपूर्ण कार्य हो। नगरबासीको विकास र संवृद्धिको आकांक्षालाई संवोधन गर्न हाम्रो स्रोत, साधान र कार्यक्षमताले भ्याएसम्म लागिरहेका छौ। हाम्रो "संवृद्ध नगर र सुखी नगरबासी बनाउने अभियानमा सचेत खबारदारी, सहयोग र साझेदारीका लागि नगरबासीमा हार्दिक अपिल गर्दछु।

# ४. नगरपालिकाले २ वर्षमा गरेकाउल्लेखनीय कार्यहरु

## ४.१ स्थानीय चाड पर्वमा नेवारी धिमेबाजाले रौनक बढायो

चौतारा साँगाचोकगढी नगरपालिकाले नगरपालिका भित्र बसोवास गर्ने विभिन्न जातजातीको धर्म, कला संस्कृति संरक्षणका लागि वार्षिक नगर विकास योजनामा कार्यक्रमहरु समावेश गरे पश्चात चौतारा नगरपालिका भित्र बसोवास गर्ने नेवार जातीको युवाहरुलाई लक्षित गरेर सिन्धु नेवा खलःको विशेष पहलमा नगरपालिकाले ६ महिने धिमेवाजा प्रशिक्षण कार्यक्रम सञ्चालन गऱ्यो ।

काठमाडौ उपत्यका वाहिर विभिन्न स्थानमा छरिएर रहेका नेवार जातीहरुको भाषा, धर्म र संस्कृति क्रमश लोप भएर जाने संभावना बढदै गएको थियो । बढदो आधुनिकीकरण संगसंगै मातृभाषा वोल्ने



धिमे बाजा टोलीमा युवतीहरू

नेवारहरुको संख्यामा निरत्तर ह्रास भई रहेको । नेवार संस्कृतिका अगुवाहरु र नेवारी बाजाका ज्ञाताहरु समेत कमी हुँदै गएको थियो ।

राज्यको पुर्नःसंरचना पश्चात स्थानीय तहको निर्वाचनको माध्यमबाटनगरपालिकामा नयाँ जन प्रतिनिधिहरु निर्वाचित भएर २०७४ सालमा पदवहाली गरे पश्चात नगर भित्र वसोवास गर्ने विभिन्न जातजातीका नगरवासीहरु संग छलफल गर्दै स्थानीय नेवार समुदायका नगरवासीहरुले आफ्नो कला र संस्कृतिको संरक्षणका लागि विभिन्न चाडपर्व र औपचारिक कार्यक्रममा जातीय संस्कृति अनुसारको बाजा गाजालाई प्रोत्साहन गर्ने निति अनुरुप आ.व. २०७४/७५ को वार्षिक कार्यक्रममा धिमे बाजा प्रशिक्षण कार्यक्रमका लागि नगरपालिका तथा वडा नं ५ बाट समेत गरी दुईलाख पचास हजार रुपैयाँस्वीकृत भएको थियो ।

विभिन्न निकाय र संघ संस्थाहरुसंगको समन्वयमा बाजा तथा नेवारी पोशाक जुटाईएको र उक्त कार्यक्रम अन्तर्गत धिमे बाजा सिक्न चाहने युवा युवती छनौट गरी प्रशिक्षण दिईएको थियो । ६ महिना सम्मको प्रशिक्षण निरन्तरको लगन र मेहनतबाट यस नगरपालिकामा स्थायी वसोवास गर्ने पुरुष १८

जना महिला १४ जना गरि जम्मा ३२ जना युवा युवतीले धिमेबाजा भक्तपुर वचत तथा ऋण सहकारी संस्था लिमिटेडले दिएको प्रशिक्षणसिक्न सफल भएको छ । हाल स्थानीय जात्रामात्रा, चाड पर्व र नगरस्तरीय तथा राष्ट्रिय दिवसहरुमा धिमे बाजा बजाएर नगर परिक्रमा गर्ने कार्यको थलानी भएको छ । यस बाट कार्यक्रमको रौनक बढनका साथै कार्यक्रमको प्रभावकारीता र महत्व समेत बढन गएकोछ । धिमे बाजाको शुभारम्भबाट नगरको छुट्टै पहिचान स्थापित हुनका साथै स्थानीय जात जातीको कला संस्कृतिको समेत संरक्षण हुने क्रमको सुरुवात भएकोछ । यस कार्यबाट सिकेर जिल्ला भित्रका अन्य गाउँपालिका नगरपालिका हरुले समेत यस प्रकारको कार्यक्रम आफ्नो वार्षिक कार्यक्रममा राख्ने कार्यको शुभारम्भ भएको छ ।

चौतारा साँगाचोकगढी नगरपालिका नगर कार्यपालिकाको कार्यालय तथा वडा नं ५ को वडा तर्फको वार्षिक स्वीकृत कार्यक्रम एवं स्थानीय कलाप्रेमी युवाहरुको सह्राहनीय प्रयासबैाट भएको यस उदाहरणीय कार्यको सबै क्षेत्रबाट प्रशंशा भएकोछ । आगामी दिनमा नगर भित्र वसोवास गर्ने सबै जातीको धर्म, संस्कृति, रितिरिवाज तथा परंपराको संरक्षणमा नगरपालिकाले निरन्तरता दिनु पर्ने समेत स्थानीय वासिन्दाहरुको माग बढेकोछ ।



धिमेबाजाको रौनक




भिन्तुना र्‍याली

## ४.२ सधैंको सुख्खा कोल्टाडाँडामा खानेपानीको मूल फुट्यो

सिन्धुपाल्चोक जिल्लाको साविकको साँगाचोक गाँउ विकास समिति तथा हालको चौतारा साँगाचोकगढी नगरपालिकाको वडा नं १२ साँगाचोकका वासिन्दाहरु वर्षौ देखि खाने पानीको अभावमा कष्टकर जीवन बाँची रहेका थिए । राज्य पूर्न संरचना पश्चात भएको स्थानीय तहको निर्वाचनबाट निर्वाचित जन प्रतिनिधिहरुले पद वहाल गरे पछि वडा नं १२ का



तामाङ्ग, नेवार, गिरी, व्राम्हण तथा मगर जातीको वसोवास रहेको स्थानका वासिन्दाहरुको प्यास मेटाउनका लागि संभावित उपायहरु खोज्ने क्रममा डिप वोरिङ द्धारा सुख्खा स्थानमा खानेपानी आपूर्ति गर्न सकिने रहेछ भन्ने निश्कर्षमा स्थानीय वासिन्दा र जनप्रतिनिधिहरुको एउटै मत भयो ।चौतारा साँगाचो कगढी नगर कार्यपालिकाको कार्यालय र वडा नं १२ को वडा कार्यालयको संयुक्त पहलमा स्थानीय वासिन्दाहरुका लागि सहज, सुलभ र सुरक्षित रुपमा खानेपानी कसरी उपलव्ध गराउन सकिन्छ भन्ने सम्वन्धमा लामो बीचार मन्थन, संभाव्यता अध्ययन पश्चात प्राविधिकहरुसंगको सर सल्लाहमा डिप वोरिङको माध्यमबाट खानेपानी निकालेर वितरण गर्न सकिने निश्कर्षमा स्थानीय वासिन्दा, जनप्रतिनिधि र प्राविधिकहरु पुगे ।

कूल लागत रु ३१ लाख रुपैयाँमा प्रतिघण्टा ५००० लिटर खानेपानी उपलव्ध गर्ने गरी १५० घरधुरीको करिव ८०० जना नगरवासीहरुका लागि खानेपानी उपलव्ध गराउन कोल्टाडाँडा खानेपानी उपभोक्ता समिति गठन भई फाल्गुणको सुख्खा याममा कोल्टा डाँडाबाट प्रति घण्टा ५००० लिटर खाने पानी उपलव्ध गराउने कार्य सफलतापूर्वक सम्पन्न भयो ।

जिल्लामानै नौलो प्रयोगको रुपमा सुख्खा डाँडाबाट समेत खानेपानी आपूर्ति भएको देख्दा स्थानीय वासिन्दाहरु र नगरवासीहरु नगर तथा जिल्लाका अन्य सुख्खाग्रस्त क्षेत्रमा समेत यस प्रविधिको विस्तार गरी खानेपानीको आपूर्ति गर्न सकिने भएकोले यस कार्यलाई अन्य गाउँ पालिका तथा नगरपालिकाहरुले समेत सिकाईको रुपमा लिन सकिने स्थानीय वासिन्दाहरुको भनाई छ ।

## ४.३ नगरपालिकाले विपन्न दृष्टि कमजोर विद्यार्थीहरुलाई चस्मा प्रदान

चौतारा साँगाचोकगढी नगरपालिका पाहाडी क्षेत्रको विपन्न भेगमा अवस्थित नगरपालिका हो । यस नगरपालिकामा वसोवास गर्ने बालबालिकाहरु विपन्नताको कारण शारिरीक श्रम गर्न वाध्य छन । आर्थिक विपन्नताले गर्दा दृष्टि कमजोर भएका नगरका १४ वटा वडा भित्रका विद्यालयमा अध्ययनरत बालबालिकाहरुले राजधानी सम्म पुगेर आँखा परिक्षण गर्न तथा चस्मा प्राप्त गर्न असंभव जस्तै अवस्था थियो ।



चस्मा प्रदान गर्नु हुँदै नगर प्रमुख श्री अमान सिं तामाङ्ग

सिन्धुपाल्चोक जिल्लाको जिल्ला सदरमुकाम चौतारामा तिलगंगा आँखा अस्पतालको जिल्ला आँखा उपचार केन्द्र स्थापना भए पश्चात चौतारा साँगाचोकगढी नगरपालिका र जिल्ला आँखा उपचार केन्द्रको समन्वयमा नगरका १४ वटै वडामा वसोवास गर्ने करिव ८०० जना बालबालिकाहरुको लागि आँखा परिक्षण शिविर सञ्चालन गर्ने र साथै आँखा परिक्षणबाट दृष्टि कमजोर भएका बालबालिकाहरुका लागि निशुल्क रुपमा चस्मा वितरण गर्ने कार्यका लागि नगरपालिकाले आ.व. ०७४/७५ र आ.व. ०७५/७६ मा समेत कार्यक्रम र बजेट स्वीकृत गरी आँखा परिक्षण तथा चस्मा वितरण गर्ने कार्य गरि रहेको छ । नगरपालिकाले गरेको यस उल्लखनीय तथा नौलो कार्यबाटविद्‍यालयमा अध्ययनरत बालबालिकाहरु लाभाम्वित भई विद्‍यालयमा निरन्तरता बढेकोछ । बालबालिकाहरुको नियमित अध्ययन र अन्य कृयाकलापहरुमा समेत संलग्नता बढेको पाईन्छ । कमजोर आर्थिक हैसियतका बालबालिकाले आफ्नो घर आँगनमानै आँखापरिक्षण र चस्माको सुविधा प्राप्त गर्न सफल भएको हुँदा भावि दिनमा सबैले, सक्षम, र समृद्ध नगर निर्माणको अभियानमा समेत यस कार्यबाट टेवा पुग्न जाने आँकलन गरिएको छ ।आँखा परिक्षण र चस्मा वितरण कार्यलाई आगामी आ.व.हरुमा समेत निरन्तरता दिनु पर्ने विद्‍यार्थी, विद्‍यालय, अविभावक र नागरिक समाजको धारणा रहेको छ ।

## ४.४ वडा १३ नं को कार्यालय पक्की सडक सञ्जालमा जोडिदै

चौतारा साँगाचोकगढी नगरपालिकालाई समृद्ध र विकसित बनाउने र सरकारी सेवा सुविधामा स्थानीय नागरिकको सहज रुपमा पहुँच पुऱ्याउनका लागि ५ वर्ष भित्र वडा कार्यालयहरुलाई पक्की सडकमा जोडने लक्ष्य नगरपालिकाले लिएको थियो । सोही मुताविक यस नगरपालिकाको वडा नं १३ स्थित कोटडाँडामा रहेको वडा कार्यालय भवन सम्म पक्की सडक पुऱ्याउने कार्यको थलानी आ.व. ०७४/७५ कै बजेटमा गरिएको छ । नगर पालिकाको पहिलो नगर विकास योजनामा नै वडा कार्यालय सम्म पक्की बाटो शीर्षकमा रकम स्वीकृत भएको थियो ।



कालो पत्रे सडकको अनुगमनको क्रममा नगर प्रमुख र नगर सल्लाहकार



कालो पत्रे पश्चात जल्कीनी कोटाडाँडा, नसिङ्गडाँडा सडक

वडाबाट सडकको स्तरोन्नती गरेका र स्थानीय वडावासीहरुको सहभागिता अत्याधिक भएको वडालाई पहिलो प्राथमिकता दिई कालो पत्रे गरिने सडक छनौट गरिएको थियो । जस अन्तर्गत वडा नं १३ ले जल्कीनी, कोटडाँडा, नसिङ्ग डाँडा सडकलाई कालोपत्रे गर्नका लागि वडाबाट स्तरोननती गरि नगरपालिकामा कालोपत्रे गरिने सडकमा समावेश गर्न माग भई आएको र नगर कार्यपालिका बाट छनौट भई आ.व. ०७४/७५ मा नै सडक कालो पत्रे गर्ने कार्यको थलानी भएको थियो । हाल उक्त सडकको बाँकी भागमा कालोपत्रे गर्ने कार्यका लागि प्रदेश सरकारबाट समेत थप अनुदान प्राप्त गरि कालो पत्रे गर्ने कार्य अगाडि बढाईएको छ । आगामी वर्ष वडा कार्यालय सम्म पक्की सडक जोडिने लक्ष्यका साथ नगरपालिकाले तिव्र रुपमा कार्य गरि रहेको छ । साथै यहि आ.व. मा साँगाचोक डडुवा सडकलाई समेत कालो पत्रे गर्नका लागि बजेट स्वीकृत भई काम अगाडि बढाईएको छ ।

### ४.५ स्वच्छ र सुन्दर नगरको परिकल्पना सहित नगर सर सफाई अभियान सञ्चालन

चौतारा साँगाचोकगढी नगरपालिकालाई स्वच्छ र सुन्दर बनाउने परिकल्पना नगरपालिकाले लिएको छ । नगर क्षेत्रबाट उत्सर्जन हुने फोहर मैलालाई नियमित रुपमा संकलन गरेर डम्पिङ्ग साईटमा लगेर व्यवस्थापन गर्नका लागि नगरपालिकाले वडा नं ५ स्थित पर्सेल डाँडामा डम्पिङ्ग साईट निर्माणका लागि प्रारम्भिक वातावरणीय परिक्षण समेत तयार गरि सकेको छ । फोहर मैला विर्सजनका लागि डपिङ्ग साईट सम्म जाने सडक समेत निर्माण गरिएको छ ।




सदरमुकाम चौतारा बजार तथा सरकारी कार्यालयहरू वरपर सरसफाइ कार्यक्रममा नगर प्रमुख सहितको टोली

नगरपालिकालाई सफा राख्नका लागि सिन्धुपाल्चोक जिल्लाको सदरमुकाम चौतारा बजार लगायत वडा कार्यालयहरु रहेको स्थानमा नियमित सर सफाईका लागि हरेक महिनाको ५ गते नगर क्षेत्र सर सफाई अभियान समेत सञ्चालन गरिएको छ । उक्त अभियानमा नेपाली सेना, प्रहरी, विद्यालयहरु, कर्मचारीहरु र नगरवासीहरुको समेत सहभागिता जुटाईएको छ । फोहर मैला संकलन र विसर्जनका लागि सर सफाई कर्मचारीको व्यवस्था गरिएको छ । साथै फोहर मैलालाई डम्पिङ्ग साईट सम्म ढुवानीका लागि नगरपालिकाले सबैरी साधानको समेत व्यवस्था गरेको छ ।

आगामी दिनमा कुहिने र नकुहिने फोहर छुत्याएर विर्सजन स्थालमा लैजाने तथा फोहरको मुल स्रोतमानै उत्पादन हुने फोहर मैलाको परिणाममा न्यूनता ल्याउनका लागि नगरपालिकाले कम्पोष्ट विन साझेदारी कार्यक्रम सञ्चालन गर्ने समेत लक्ष्य लिएको छ ।

## ४.६ नगर पार्श्व चित्र तयार, गुरु योजना अन्तिम चरणमा

विकास योजनाको मुल आधार तथ्याङ्क हो । तथ्याङ्कले नै वास्तविक आवश्यकताको वोध गराउँदछ । भन्ने मुल भावना र मर्मलाई आत्मसात गर्दै नगरपालिकाले घरधुरीको तथ्याङ्क संकलन गरेर चौतारा साँगाचोकगढी नगरपालिकाको नगर पार्श्वचित्र तयार गरेको छ । सहि तथ्याङ्कले वास्तविकताको जानकारी भई भावि उद्देश्य निर्धारण गर्न सहज हुन्छ । सहि उद्देश्य भए मात्र तोकिएको लक्ष्य हासिल हुन सक्छ । तसर्थ नगरपालिकाले सहि र विश्वासनीय तथ्याङ्कको दस्तावेज तयार गरेर सोही तथ्याङ्कलाइ सरकारी तथा गैर सरकारी क्षेत्रबाट प्रयोग हुने तथ्याङ्कमा एकरुपता प्रदान गरिने छ ।



नगर पार्श्वचित्र र एकिकृत शहरी विकास गुरू योजना तर्जु सम्बन्धी छलफल

नगर पार्श्वचित्र कै आधारमा चौतारा साँगाचोकगढी नगरपालिकाको सहरी विकास तथा भवन निर्माण विभागको आर्थिक तथा प्राविधिक सहयोगमा एकीकृत शहरी विकास गुरु योजना तर्जुमाको कार्य समेत अगाडि बढाईएको छ । गुरु योजनाको लागि कार्यपालिकाको सदस्य र कर्मचारीहरुको बीचमा अभिमुखिकरण कार्य समेत भएको छ । उपलब्ध तथ्याङ्कलाई सर्बै स्वीकार्य बनाउनका लागि छलफल र सुझाव संकलनको कार्य समेत भएको छ । आगामी दिनमा एकीकृत शहरी विकास गुरुयो जनाको मस्यौदा तर्जुमा गरी पुनः कार्यपालिका सदस्यहरु र कर्मचारी तथा योजनाविदहरु संग छलफल गरी चौतारा साँगाचोकगढी नगरपालिकाको एकीकृत नगर विकास गुरु योजना पारित गरिने छ ।

## ४.७ कृषि पेशा र किसानलाई सम्मान गर्ने कृषि मेला प्रदर्शनी

कृषि पेशानै जीवनका मुल आधार भएको हाम्रो जस्तो ग्रामिण नगरपालिकामा स्थानीय उत्पादनलाई बढाएर किसानहरुको जीवनस्तर माथि उठाउने सोच चौतारा साँगाचोकगढी नगरपालिकाले लिएको छ । आ.व. ०७५/७६ को वार्षिक कार्यक्रममा नगरपालिकामा कृषि मेला प्रदर्शनी आयोजना गर्ने कार्यक्रम स्वीकृत भएको र सोही आधारमा नगरपालिका भित्र उत्पादित खाद्यान्न तथा तरकारी र नगदे वालीहरुको प्रदर्शनि आएकोजना गरिएको थियो । उक्त प्रदर्शनीमा उत्कृष्ट र स्वास्थ्य वाली उत्पादन गर्ने कृषकहरुलाई पुरस्कृत समेत गरिएको थियो ।

यस खालका मेला तथा प्रदर्शनीको माध्यमबाट कृषक र कृषि पेशा प्रति आदर र सम्मान सिर्जना भई नगरपालिका खाद्यान्न तथा तरकारीमा आत्म निर्भर हुने आशा नगरपालिकाले लिएको छ । नगरपालिकाले नगरपालिकाका क्षेत्रका विभिन्न स्थानलाई विभिन्न वालीको पकेट क्षेत्र तोकेर सोही अनुसार आगमामी कार्यक्रमहरु सञ्चालन गर्ने नीति लिएको छ ।



कृषि प्रदर्शनीमा राखिएको नगरमा उत्पादन भएका कृषि सामग्रीहरू



कृषि प्रदर्शनीमा उत्कृष्ट हुने कृषकलाई पुरस्कृत गर्दै नगर प्रमुख र उप-प्रमुख

## ४.८ नव निर्मित भवनमा वडा कार्यालय सञ्चालन

चौतारा साँगाचोकगढी नगरपालिकाले वडा कार्यालयको भवन निर्माण निर्माण गर्ने कार्यको थलानी गरेको छ । आ.व. ०७४/७५ र ०७५/७६ को वार्षिक नीति तथा कार्यक्रममा ६ नं वडा कार्यालय भवन निर्माणका लागि आ.व.रु. ५० लाखबजेट स्वीकृत गरेको थियो । आफ्नो वडा कार्यालय भवन नभएको र भाडाको घरमा वडा कार्यालय सञ्चालन भई रहेका र वडाको नाममा जग्गा भएका वडाहरुलाई पहिलो चरणमा भवन निर्माणको लागि छनौट गरिएको थियो ।



६ नं वडा कार्यालयको नव निर्मित आफ्नै भवन

## ४.९ स्थानीयको विवाद समाधान गर्दै न्यायीक समिति



चौतारा साँगाचोकगढी नगरपालिकाको न्यायीक ईजालसमा विवादरत पक्षहरु बीच मेल मिलाप गर्न न्यायीक समिति सफल भएको छ । न्यायीक समितिले स्थानीयतहमा भएका विवादहरुलाई आपसी छलफलको माध्यमबाटअधिकांश विवाद समाधान गर्ने गरेको छ । स्थानीय तहमा न्यायीक समिति गठन भई कृयाशिल भए पश्चात अदालत जाने मुद्दाको संख्यामा न्यूनिकरण भएको छ ।

## ४.१० मेयर कप फुटबल आयोजना

चौतारा साँगाचोकगढी नगरपालिका युवाहरुमा अन्तरनिहित प्रतिभालाई विकास र प्रस्फुटित गराएर युवाहरुलाई सकारात्मक कार्यमा नगरपालिकासंग संगै अगाडि बढन चाहन्छ । यसै क्रममा जिल्लाकै ठुलो धनरासीको मेयर कप फुटबल प्रतियोगिता नगरपालिको प्रमुख प्रवर्द्धनमा स्थानीय यूवाहरु परिचाल गर्दै बी.डिभिजनको क्लबहरुको समेत सहभागितामा भव्य रुपमा फुटबल प्रतियोगिता सम्पन्न भयो ।



प्रथम चौतारा साँगाचोकगढी मेयर कप फुटबल प्रतियोगिता



दोश्रो चौतारा साँगाचोकगढी मेयर कप फुटबल प्रतियोगिता

जिल्ला र स्थानीय खेलाडीहरुको समेत सहभागिता भएको थियो । खेलकुदले सदरमुकाममा रौनकता मात्र नभई सदरमुकामको व्यापार समेत वृद्धि भयो । जिल्लामै पहिलो पटक अस्थायी प्याराफिटको समेत व्यवस्था गरी सुविधाजनकसुविधात्मक तवरबाट दर्शकहरुलाई खेलको मनोरञ्जन लिने वातावरण वनाएको थियो । सो खेल तोप एक्काईस क्वल द्धारा आयोजना गरिएको थियो । यस खेलले नगरको खेलकुद विकास तथा प्रवर्द्धनमा सहयोग भएको छ । नगरपालिका भित्र खेलको माध्यमबाट आन्तरिक पर्यटन प्रवर्द्धनमा समेत यस खेलले महत्वपूर्ण योगदान पुगेको छ । उक्त प्रतियो गितामा रानी पोखरी कर्नर टिम (आर.सि.टि.) प्रथम तथा आर्मी क्लब दोश्रो भइ क्रमसः रु ५ लाख ५ हजार र २ लाख ५ हजार पुरस्कार समेत जितेका थिए ।

## ४.११ राष्ट्रपति रनिङ्ग शिल्ड प्रतियोगिता



चौतारा साँगाचोकगढी नगरपालिका भित्रका माध्यामिक विद्यालयहरुको सहभागितामा चौताराको टुँडिखेलमा नगरस्तरीय प्रथम र ाष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता सम्पन्न भयो । नगरपालिकाको खेलकुद समितिको व्यवस्थापन र नगरको आयोजनामा सो कार्यक्रम सम्पन्न भएको थियो । प्रतियोगितामा एथेलिटिक्स, रिले दौड, हाई जम्प, लङ जम्प र भलिबल जस्ता विभिन्न विधाहरुमा खेल खेलाईएको थियो।यसबाटविद्यालयमा अध्यायनरत विद्यार्थीहरु बीचआपसी मैत्रीपूर्ण प्रतिस्पर्धा र अनुभव आदान प्रदान गर्न समेत मद्धत पुगेको छ ।

नगर भित्रका माध्यमिक विद्यालयहरुबाट १८ वर्ष मुनिको विद्यार्थीहरुको सहभागी रहेको प्रतियोगितामा इर्खु माध्यामिक विद्यालय दोस्रो र सेतिदेवी माध्यामिक विद्यालय कुविण्डे तेस्रो भएको थियो ।

## ४.१२ बुद्ध धर्मको गुरु पूजा र गुफा बारे



नरपालिकाले तामाङ जातिको संस्कार र संस्कृतिको संरक्षण एवम् प्रवर्द्धन गर्न तिन महिने लामा बौद्ध शिक्षा अध्ययन तथा गुफा ध्यान कार्यगर्नकालागि सहयोग गरेको हो । तिन महिनाको गुफा बसाई सम्पन्न पश्चात तामाङ जातिको धर्म र संस्कारको काजकार्य गर्न सहज भएको स्थानीय वासि बताउँछन् । लोप हुन लागेको लिपि, धर्म, रितिरिवाज, तथा मौलिकतालाई हराउन नदिन सो कार्यले सहयोग गरेको छ । स्थानीय वासि र नगरपालिकाको सयुंक्त सहयोगमा सो कार्य सम्पन्न भएको हो ।

## ४.१३ चिया खेतीको सम्भाव्यता अध्यन कार्य सम्पन्न

चिया सम्भाव्यता अध्यन टोली अनुसार सिन्धुपाल्चोक जिल्लाको चौतारा साँगाचोकगढी नगर पालिकाका भित्र पर्ने वडा नं. १ को लामीडाँडा, बाँसखर्क र वडा नं. १० को हर्रे सामुदायिक वनको उत्तर पूर्व फर्किएको क्षेत्रमा चिया संम्भावना रहेको देखिएको छ ।यस क्षेत्रमा मानव वस्ति निकै कम भएकोले संभावना संगै पछि श्रमीक सजिलै पाउन नसकिने समस्या भने देखिएको छ तर त्यहाँका केहि स्थानीय बासीसंगको कुराकानीले चिया खेति सकारात्मक निर्णय हुने कुरा बुझियो।

यस स्थानमा राष्ट्रिय निकुञ्ज नजिकै भएकोले लगाइएका अन्न बालीलाइ जंगलबाट आउने दुम्सी, हरिण, बदेल र बाँदर आदिले गर्दा सखाप पार्ने भएकोले र चिया एउटा यस्तो नगदेबाली जसलाइ यस्ता जीवजन्तुले खासै असर नपार्ने भएको कारणले गर्दा वर्षौंदेखि बाँझो छाडीएको जमिनको सहि उपयोग हुने देखिन्छ ।

सानो ओखेनी लगायत रानीपोखरी अवस्थित सामुदायिक वनमा चिया सम्भव हुने देखिएता पनि सामाजिक पक्षलाइ मध्यनजर गर्दा रूख भएका क्षेत्रमा अहिलेलाई चिया नलगाउन सुझाव दिइन्छ ।





चियाको संम्भावित ठाउँ यस न.पा.को वडा नं. १ मा पर्ने लामीडाँडा, स्याउले

केहि सम्भावित क्षेत्रमा पछि गएर पानीको समस्या हुन सक्ने देखिएकोले त्यस्ता क्षेत्रमा Rainwater Harvesting गरिनुपर्ने सुझाव दिइन्छ।

चौतारा साँगाचोकगढी नगरपालिकाको नेतृत्वमा भएको यस पहललाइ निरन्तर्ता दिइ चिया खेतियोग्य जमिनलाइ सहि ढङ्गले उपयोग गरेर सहकारी माध्यमबाट चिया क्षेत्रमा हिड्न सकेमा यस ठाउँ भोलिको दिनमा चिया खेती बाट नै परिचित हुनसक्ने कुरामा दुइ मत छैन।चिया खेती एक पटक लगाएपछि ५० देखि ६० वर्ष सम्म उत्पादन दिने मुख्य नगदेबाली हो।तर यसको फल प्राप्त गर्न लामो धैर्य एवं लगनशीलताको आवश्यक पर्दछ। यसका साथै ठूलो लगानीको आवश्यक्ता पर्ने यस चिया क्षेत्रले फड्को मार्न सकेमा चौतारा साँगाचोकगढी नगरपालिकामा नविनतम परिवर्तन अवश्य नै सम्भव हुनेछ।

## ४.१४ पर्यटन प्रवर्द्धन गर्दै नगरपालिका : आफ्नै पहलमा प्याराग्लाईडिङ

चौतारा साँगाचोकगढी नगरपालिकाले आफ्नो नगरलाई पर्यटन प्रर्वद्धन गर्ने हिसाबले आफ्नै पहलमा साहसिक खेल प्याराग्लाइडिङ सञ्चालनमा ल्याएको छ। चौतारा साँगाचोकगढी नगरपालिकाको वडा नं. ९ कदमवासमा मिति२०७५-१२-२५देखि प्याराग्लाइडिङ सञ्चालनमा ल्याइएको हो। स्थानीय युवाहरुको सक्रियतामा सिन्धुपाल्चोक लामाचौर प्याराग्लाइडिङ तथा ह्याङग्लाइडिङ संघले सञ्चालनमा ल्याएको प्याराग्लाइडिङको नगरप्रमुख अमानसिं तामाङले शुभारम्भ गर्नभएको थियो। नगरप्रमुख तामाङले चौतारा साँगाचोकगढी नगरपालिकालाई पर्यटकीय नगरी बनाउने लक्ष्य अनुसार उक्त साहसिक खेल सुरुवातको लागि युवाहरुलाई सघाएको बताउनुभयो। पर्यटन विकासको क्षेत्रमा नगरले अन्य कार्यक्रम समेत तय गरेको र उक्त कार्यक्रमलाई निरन्तरता दिने छ। उद्घाटनका दिन पाँचवटा ग्याडरबाट उडान भरिएको थियो। कार्यक्रममा अतिथि, स्थानीय र आगन्तुकले लामाचौरदेखि कदमवासकै सिरानचौरसम्म उडान भरेका थिए। कदमवासको आकासमा उडेर आसपास क्षेत्र फन्को मार्दै यो दुरी पूरा गर्न ग्याडरलाई २० देखि २५ मिनेट समय लागेको थियो। सोही नगरपालिका वडा नम्बर ९ कदमबासका युवाहरुले सो क्षेत्रमा व्यावसायिक रुपमा प्याराग्लाइडिङ सञ्चालनमा ल्याएका हुन्। पोखराको सारङकोटमा प्याराग्लाइडिङ देखेर हौसिएका युवाको सक्रियतामा कदमबासमा सफल परीक्षण उडानपछि कदमबासमा व्यावसायिक उडान सुरु गरिएको हो। जिल्लाको भोटेचौरमा एक दशक देखि शुरु भएको प्याराग्लाईडिङ अब कदमबासमा समेत सुरु भएको छ। पोखराबाट आएका पाइलट उमेश केसीले सफल दुई परीक्षण उडान गरेपछि हौसिएका लामाचौरबासीले संयुक्त लगानी गरेर सामुदायिक रुपमा व्यावसायिक प्याराग्लाइडिङ सञ्चालन गरेका हुन्। परीक्षण उडानपछि स्थानीयले समिति गठन गरेर अभियानकै रुपमा प्याराग्लाइडिङ सञ्चालन



गर्न लागिपरेका छन् । लामाचौरमा तीन हजार फिटसम्मको उचाइमा उड्दै सुनकोशी, ब्रमहायणी र इन्द्रावती नदी तथा जुगल, गौरिशंकर, लाङ्टाङ लगायत हिमश्रृंखलाको दृश्यावलोकन गर्न सकिने भएकाले पनि यहाँको प्याराग्लाइडिङ उत्कृष्ट गन्तव्यमा पर्ने छ । प्याराग्लाइडिङ सञ्चालनसँगै पर्यटक आगमनमा वृद्धि हुने अपेक्षा गरेका स्थानीयले होमस्टे सुरु गर्ने योजना पनि बनाएका छन् ।

## ४.१५ पर्सेल डाँडामा ल्याण्ड फिल साईट तयार भई फोहर व्यवस्थापन

स्वस्थ र समृद्ध नगरपालिका बनाउने उद्देशय अनुरुप नगरपालिकाबाट उत्सर्जन हुने फोहरलाई नियमित रुपमा संकलन गरी व्यवस्थापन गर्नका लागि वडा नं ५ को चौतारा बजारबाट ३ कि.मि. को दुरीमा रहेको पर्सेल  डाँडामा ल्याण्डफिल साईटको निर्माण गरिएको छ । ल्याण्डफिल साईट छनौट गरी आवश्यक सडक पूर्वाधार समेत व्यवस्था गरिएकोछ । नगरपालिकाबाट नियमित रुपमा संकलन गरिएको फोहर ल्याण्डफिल साईटमा यसै आ.व. ०७५/७६ को सुरु देखिनै व्यवस्थापन गरिएको छ । ल्याण्ड फिल साईटको प्रारम्भिक वातावरणीय परिक्षण प्रतिवेदन समेत तयार तथा स्वीकृत गरी दिर्घकालिन रुपमा फोहरको व्यवस्थित गर्ने कार्य अगाडि बढाईएको छ । ल्याण्ड फिल साईटको निर्माण कार्यबाट नगरपालिकाको सर सफाई कार्यमा सहयोग पुग्न गएको छ ।







## ४.१६ राष्ट्रिय वाल साहित्य सम्मेलन आयोजना

आजका बालबालिकानै भोलिको हाम्रो भविश्य हो । आज हामीले बालबालिकालाई जस्तो वातावरण र अवसर दिन्छौ भोलि सोही अनुरुप बालबालिकाको व्यक्तित्व विकास हुन्छ । भोलीको असल र सभ्य समाजको निर्माणका लागि बालबालिकालाई राम्रो वातावरण प्रदान गर्न नगरपालिकाले बालबालिकाको क्षेत्रमा विविध कार्यक्रमहरु तर्जुमा गरी कार्यान्वयन गर्दै आएको छ । चौतारा साँगाचोकगढी नगर पालिकाले बालबालिकाको साहित्यिक तथा मानशिक स्वास्थ्यको विकासका लागि २०७५ फागुन २५ र २६ गतेका दिन २ दिने २६ औ राष्ट्रिय वाल साहित्य सम्मेलन आयोजना गरिएको थियो ।



राष्ट्रिय वाल साहित्य सममेलनमा नगरपालिकाका १४ वटै वडाका वाल क्लवमा आवद्ध १८ वर्ष मुनिका बालबालिकाहरुको सहभागिता रहेको थियो । विद्‍यालयमा अध्ययनरत बालबालिकाहरुको सिर्जना र क्षमता प्रदर्शनका लागि उक्त सम्मेलनले महत्वपूर्ण योगदान पुगेको छ । सम्मेलनमा सहभागि बालबालिकाहरुले सममेलन अवधिमा कथा, कविता, चित्रकला तथा वक्तृत्जकला जस्ता कृयाकलापहरुमा सहभागिता जनाएको थियो । फर्सदको समयमा साहित्य सिर्जनाको माध्यमबाट रचनात्मक कृयाकलाप सञ्चालनमा उक्त कार्यक्रम उपयोगी रहेको थियो ।

## ४.१७ व्यावसायीक दुग्ध उत्पादनका लागि सामुहिक भैंसी पालन

वडा नं ५ चौतारामा १० जना युवा पशुपालक कृषकहरु मिलेर नमुना भैसी पालन फर्म व्यावसायिक रुपमा नगरपालिकामा गरी भैसी पालन सुरु गरेका छन । सदरमुकाम चौतारामा दुध र दुधजन्य पदार्थको लागि पर्याप्त रुपमा बजार रहेको छ । बजारमा माग अनुसार दुधको आर्पुर्ती हुन सेको छैन । सोही अवस्थालाई मध्यनजर गरी यस नगरपालिकाको वडा नं ५ बाट व्यावसायीक पशुपालनलाई प्रोत्साहनका लागि कार्यक्रम र बजेट समेत स्वीकृत गरेको थियो । उक्त बजेटबाट गोठ निर्माण र जग्गा भाडामा लिई व्यावसाय विस्तार गरेका छन । युवा व्यावसायीहरुले भैसी पालन फर्म संगै रहेको जमिन भाडामा लिएर माछा पालन व्यावसाय समेत गरेका छन ।

गत आ.व. ०७४/७५ मा वडा नं ४ ले व्यावसायीक भैसीपालन गरी दुगद उत्पादनमा वृद्धि गर्नका लागि कृषकहरुलाई अनुदान दिएर भैसी खरिद गरेको र हाल कुविण्डेबाट उत्पादित दुग्ध पदार्थ सदरमुकाम चौतारामा विक्रि वितरण हुँदै आएको छ । यस प्रकारको कृषि तथा पशु पालन क्षेत्रमा युवाहरुको आकर्षण बढनाले आगामी दिनमा रोजगारीका लागि खाडी मुलुकमा जाने युवाहरुको संख्यामा कमी आउने र स्थानीय स्तरमानै रोजगारीको सिर्जना भई बजारको मागलाई समेत पुर्ति गर्ने कार्यमा महत्वपूर्ण योगदान पुग्ने नगरपालिकाले महशुष गरेको छ ।

## ४.१८ विद्यालयको स्थायी संरचना निर्माण

वि.सं. २०७२ बैशाख १२ गते गएको विनासकारी भुकम्पमा यस चौतारा साँगाचोकगढी नगर पालिकामा रहेका ८४ वटै विद्‍यालयको भवनहरु क्षतिग्रस्त भएको थियो । लामो समयसम्म भुकम्पको




श्री कालिका देवी माध्यमिक विद्यालय भवन (अगाडी)

पराकम्पनहरु गई रहेको हुनाले विद्यालय समेत वन्द भई विद्यालयको पठन पाठन समेत बन्द भएको थियो ।

नगरभित्रका सबै विद्यालयहरुको पाठ्य पुस्तक, पाठ्यक्रम र पोशाकमा एकरुपता कायम गरीएको छ । भुकम्प गएको केहि समय पश्चात अस्थायी सिकाई केन्द्रहरु स्थापना गरेर पठन पाठन सुचारु गरिएको थियो । सुरक्षित र वालमैत्री वातावरणमा पठनपाठन गर्नका लागि नगरपालिकाले सरकारी तथा राष्ट्रिय



श्री कालिका देवी माध्यमिक विद्यालय भवन (पछाडी)

एवं अन्तराष्ट्रिय गैर सरकारी संघ संस्थाहरुको समेत सहयोग र समन्वयमा विद्यालयको स्थायी संरचना निर्माणको कार्य अगाडि बढाईएको थियो । नगरपालिका भित्रका क्षतिग्रस्त विद्यालयहरुको हाल सम्म पुनःनिर्माणको अवस्था यस प्रकार रहेको छ । पुनःनिर्माणतर्फको शिक्षा कार्यक्रम अन्तर्गतको डिएलपिआईयू बाट ८० विद्यालयको ५१६ कक्षा कोठा तयार, शौचालय ८० वटै विद्यालयमा वनेको । विद्यालय भवन पुनःनिर्माणको लागि (नेपाल हिल्फे वाईलग्रीस ई.भि. जमर्नीको सहयोगमा देहायको ६ वटा विद्यालयमा करिव ११ करोडको लागतमा ५४ कोठा निर्माण गर्ने सहमति पत्रमा हस्ताक्षर भएकोछ ।

- श्री ज्ञान मन्दिर माध्यमिक विद्यालयवडा नं ७ : ८ कोठे भवन १ वटा
- श्री चिलाउने आदर्श विद्यालय वडा नं ८ : ६ कोठे भवन १ वटा
- श्री ईर्खु माध्यमिक विद्यालयवडा नं ८ : ८ र ६ कोठे गरी भवन २ वटा
- श्री जन जागृतिमाध्यमिक विद्यालयवडा नं १२ : १२ कोठे २ र ६ कोठे १ जम्मा भवन ३ वटा
- श्री कालिका देवी माध्यमिक विद्यालय भवन वडा नं ४

## ४.१९ लक्षित वर्गलाई नगरपालिकावाटै कार्डको वितरण



चौतारा साँगाचोकगढी नगरपालिकाले जेष्ठ नागरिकको परिचय पत्र वितरणका लागि कार्यविधी पारीत गरी परीचय पत्र वितरण प्रकृया अभियानको रुपमा सुरु गरेको छ । जेष्ठ नागरिकहरुको भेलामा सनोसिरुवारी, चौतारा साँगाचोकगढी नगरपालिकाको वडा नं. ७ का जेष्ठ नागरिकहरुलाई जेष्ठ नागरिक परिचय पत्र वितरण गरियो । उक्त कार्यक्रममा चौतारा साँगाचोकगढी

नगरपालिकाका बरिष्ठ कार्यक्रम अधिकृत श्री राजुभाइ श्रेष्ठ, वडा नं. ७ का वडा अधक्ष्य श्री उमा प्रसाद दुलाल, नगरपालिकाका सूचना प्रविधि अधिकृत ई. रोशन घिमिरे र वडा नं. ७ का वडा सचिब आषिस श्रेष्ठ लगायत वडा नं. ७ का निर्वाचित सदस्यहरु तथा वडा नं. ७ का जेष्ठ नागरिकहरुको उपस्थिति रहयो । उक्त कार्यक्रममा चौतारा साँगाचोकगढी नगरपालिकाको वडा नं. ७ का १३७ जना जेष्ठ नागरिकहरुको परिचय पत्र वितरण गरियो !

सिंहदरबारको अधिकार गाँउमा भन्ने जनताका भनाइ र सरकारले दिएको सुबीघाहरु बोकेर गाँउ गाँउमा सेवा प्रदत्त हुन थालेको छ । सिन्धुपाल्चोक जिल्ला चौतारा साँगाचोकगढी नगरपालीका वडा नं १३ ले घरदैलोमा सरकार भन्ने नाराका साथ नगरपालीकाबाट पाइने सेवाहरु प्रदान गरेको छ । चौतारा सँगाचोकगढी नगरपालीकाका प्रमुख प्रशाशसिकय अधिकृत इन्द्र प्रसाद बस्याल, महिला तथा बालबालीका कार्यलय सिन्धुपाल्चोकका महिला बिकास अधिकृत नानी मैया बस्नेत, नगरपालिकाका ना.सु. चुडामणि पराजुली लगाएतका टोलीहरु ठुलो सिरुवारीमा गएर जेष्ठ नागरिक परिचयपत्र, ब्यबसाय दर्ता जस्ता कामहरु गरेर जनताको घरदैलोमा सरकार भन्ने भनाइलाइ ब्यबहारमा उतारेका छन । चौतारा साँगाचोकगढी नगरपालीकाका प्रमुख अमान सिं तामाङले बिशेष गरि जेष्ठ नागरिक असाय अपागंता भएका र असायहरुको लागी स्थानीय स्थानमा नै गएर सेवा दिन पर्ने र नागरिकलाइ सके सम्म कुनै पनि प्रकारका समस्या हुन नदिनका लागी प्रत्यक वडामा गएर सेवा दिने परम्पराको थालनी गर्नका लागी यस्तो योजना अगाडी ल्याएको बताउँनु भयो । परिचय पत्र बितरण गर्न वडा नं १३ पुग्नु भएका प्रमुख प्रशाशकीय अधिकृत बस्यालले जनताका घरदैलोमा सरकार भनेकै यो हो भन्दै सेवाग्रही भएको ठाँउमा आएर सेवा दिन पाँउदा आफुलाइ पनी खुशी लागेको बताउँनु भयो । महिला बिकास अधिकृत नानी मैया बस्नेतले अपागंता भएका ब्यक्ती र जेष्ठ नागरिकलाइ सम्बन्धीत स्थानमा आएर सेवा दिन पाउँदा खुशी मात्र होइन साँच्ची कै सेवा गरेको अनुभब प्राप्त भउको बताउँनु भयो । वडा नं १३ का वडा अध्यक्ष राम प्रसाद गौतमले आफ्ना वडामा करिब चार सय जना जेष्ठ नागरिक रहे को बताउँदै यी लगाएत अपागंता भएका र ब्यबसाय दर्ताका लागी आफ्नो वडामा निबेदन पर्न आएमा त्यसका आधारमा फेरी पनी यो सेवालाइ निरन्तरता दिने बताउँनु भयो । चौतारा आएर परिचय पत्र बनाउँदा पुरै एक दिन समय खर्च हुने, यातायातको समेत असुबीधा भएको ठाँउका जेष्ठ नागरिक तथा अपागंताभएका ब्यक्तीलाइ समस्या पर्ने भएको ले यो सेवाका कारण सबैलाइ राम्रो भएको र आफुलाइ खुशी लागेको जेष्ठ नागरिक परिचय पत्र लिदै ज्ञान बहादुर



थापाले बताउँनु भयो। उक्त कार्यक्रममा १७० जेष्ठ नागरिक परिचय पत्र र १६ जनाले आफनो ब्यबसाय दर्ता गराएका छन ।

साथै नगरपालिकाले अपाङ्ग परिचय पत्र वितरण कार्यविधी स्वीकृत गरी नगर भित्रका अपाङ्गहरुलाई अपाङ्ग परीचय पत्र वितरणको प्रकृया समेत थलानी गरेको छ। नगरपालिकाले हाल सम्म (क) वर्गको ४ जना (ख) वर्गको ४ जना र (ग ) वर्गको १ जना गरी जम्मा ९ जनालाई अपाङ्ग परीचय पत्र वितरण गरीएको छ। यस नगरपालिकावाट लक्षित वर्गको सीप तथा आय आर्जनमा टेवा पुऱ्याउन दलित तथा जनजाती र महिलाहरुलाइ सीपमुलक तालिमहरु प्रदान गरिएकोछ।

## ५. चौतारा साँगाचोकगढी नगरपालिकाले स्वीकृत गरेका ऐन, नियम, निर्देशिका, कार्यविधि तथा दिग्दर्शनहरू




- चौतारा साँगाचोकगढी नगरपालिका नगर कार्यपालिकाको कार्य विभाजन नियमावली, २०७४
- चौतारा साँगाचोकगढी नगर कार्यपालिको कार्यसम्पादन नियमावली, २०७४
- चौतारा साँगाचोकगढी नगरपालिकाको नगर कार्यपालिकाको निर्णय वा आदेश र अधिकारपत्रको प्रमाणीकरण नियमावली, २०७४
- चौतारा साँगाचोकगढी नगरपालिकाको आर्थिक कार्यविधी नियमित तथा व्यवस्थित गर्न बनेको ऐन, २०७४
- चौतारा साँगाचोकगढी नगरपालिकाको न्यायीक समिति कार्यविधी सम्बन्धी ऐन, २०७४
- चौतारा साँगाचोकगढी नगरपालिकाको सहकारी ऐन, २०७४
- चौतारा साँगाचोकगढी नगरपालिकाको स्थानीय कृषि व्यवसाय प्रवर्द्धन ऐन, २०७४
- चौतारा साँगाचोकगढी नगरपालिकाको प्रशासकीय कार्यविधी (नियमित गर्ने) ऐन, २०७४
- चौतारा साँगाचोकगढी नगरपालिकाको योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४
- चौतारा साँगाचोकगढी नगरपालिकाबाट गरिने बजार अनुगमन निर्देशिका, २०७४
- चौतारा साँगाचोकगढी नगरपालिकाको पदाधिकारीहरूको आचारसंहिता, २०७४
- चौतारा साँगाचोकगढी नगरपालिकाको एफ.एम रेडियो (सञ्चालन तथा व्यवस्थापन) कार्यविधी, २०७४
- चौतारा साँगाचोकगढी नगरपालिका सभा सञ्चालन तथा व्यवस्थापन नियमावली (कार्यबिधी), २०७४
- चौतारा साँगाचोकगढी नगरपालिकाको विपद जोखिम न्यूनीकरण तथा व्यवस्थापन गर्न बनेको ऐन, २०७५
- चौतारा साँगाचोकगढी नगरपालिकाको पूर्व प्राथमिक विद्यालय व्यवस्थापन निर्देशिका, २०७५
- चौतारा साँगाचोकगढी नगरपालिकाको विज्ञापन कर निर्देशिका, २०७५
- चौतारा साँगाचोकगढी नगरपालिकाको व्यवसाय कर निर्देशिका, २०७५
- चौतारा साँगाचोकगढी नगरपालिकाको जग्गा प्लटिङ सम्बन्धीकार्यविधी , २०७५

- ☞ अनाथ तथा जोखिमयुक्त बालबालिकाको लागि सामाजिक सुरक्षा कार्यक्रम (सञ्चालन कार्यविधी) ऐन, २०७५
- ☞ चौतारा साँगाचोकगढी नगरपालिकाको सरसफाई तथा फोहरमैला ब्यबस्थापन कार्यविधी, २०७५
- ☞ चौतारा साँगाचोकगढी नगरपालिकाको एकीकृत सम्पत्ति कर व्यवस्थापन कार्यविधी, २०७५
- ☞ चौतारा साँगाचोकगढी नगरपालिकाको जेष्ठ नागरिक परिचय-पत्र वितरण निर्देशिका, २०७४
- ☞ सरकारी नीज क्षेत्र साझेदारी (म्याचिङ्ग फण्ड) कार्यक्रम सञ्चालन कार्यविधी, २०७४
- ☞ चौतारा साँगाचोकगढी नगर कार्यपालिकाको बैठक सञ्चालन तथा व्यवस्थापन नियमावली, २०७४
- ☞ चौतारा साँगाचोकगढी नगरपालिकाको निर्माण व्यवसाय नियमन गर्ने निर्देशिका, २०७४
- ☞ चौतारा साँगाचोकगढी नगरपालिकाको नगर राजपत्र प्रकाशन सम्बन्धी कार्यविधी, २०७४
- ☞ चौतारा साँगाचोकगढी नगरपालिकाको अनुदान तथा आर्थिक सहायता निर्देशिका, २०७५
- ☞ चौतारा साँगाचोकगढी नगरपालिकाको उपभोक्ता समिति गठन, परिचालन तथा व्यवस्थापन सम्बन्धीकार्यविधी, २०७५
- ☞ चौतारा साँगाचोकगढी नगरपालिकाको करारमा प्राविधिक कर्मचारी व्यवस्थापन गर्ने सम्बन्धी कार्यविधी, २०७५
- ☞ चौतारा साँगाचोकगढी नगरपालिकाको आन्तरिक आय संकलन (ठेक्का बन्दोबस्त) सम्बन्धी कार्यविधी, २०७५
- ☞ चौतारा साँगाचोकगढी नगरपालिकाको अपाङ्गता भएका व्यक्तिको परिचय-पत्र वितरण कार्यविधी, २०७५
- ☞ नगर खेलकुद व्यवस्थापन तथा सञ्चालन सम्वन्धी कार्यविधि, २०७५
- ☞ नगर प्रहरी (व्यवस्थापन तथा सञ्चालन) सम्बन्धी कार्यविधि, २०७५
- ☞ चौतारा साँगाचोकगढी नगरपालिकाको सुरक्षित आप्रवासन कार्यक्रम सञ्चालन गर्ने सेवा प्रदायक संस्था छनौट समवन्धी कार्यविधी, २०७६

# ६. शाखा आनुसार प्रगति विवरण

## ६.१ योजना तथा प्रशासन

### ६.१.१ योजना तथा कार्यक्रम सम्झौता र भुक्तानीको प्रकृया

चौतारा साँगाचोकगढी नगरपालिकाको नगर सभाबाट परित उपभोक्ता समिति मार्फत सञ्चालन हुने योजना तथा कार्यक्रमहरु नगर कार्यपालिकाको कार्यालय बाट शाखाबाट कार्यान्वयन हुन्छ ।नगर कार्यपालिकाको कार्यालय योजना शाखाबाट भौतिक निमार्ण तर्फ ग्रामिण सडक, कृषि सडक, सामुदायिक भवन, सहकारी, सिंचाई, खानेपानीका योजनाहरु पर्दछन । लक्षित कार्यक्रम तर्फ महिला, बालवालिका, दलित, अपाङ्ग, जनजाति, जेष्ठ नागरीक, क्षमता अभिबृद्धि, सिपमुलक तालिम,अल्प संख्यक, खेलकुद विकासका योजना तथा अन्य कार्यक्रमहरु सम्बन्धीत बिषयगत शाखा मार्फत कार्यन्वयन हुने ब्यवस्था मिलाईएको छ ।

### ६.१.२ योजन तथा कार्यक्रम सम्झौताको प्रकृया

सम्बन्धीत वडाको स्थानीय टोल वस्तिमा वडा अध्यक्ष वा वडा सदस्यको रोहवरमा आमभेला वोलाई समितिको मुख्य पदमा (अध्यक्ष, कोषाध्यक्ष र सचिव मध्ये) एक जना महिला सहित समितिमा कम्तिमा ३३ प्रतिसत महिला सहभागि हुनेगरि ७ देखी ११ सदस्सीय उपभोक्ता समिति गठन गर्नुपर्छ । यसरी गठन भएको उपभोक्ता समितिले भौतिक निमार्णको काम भए प्राविधिक स्टमेट, उपभोक्ता समति गठनको माइन्युटको प्रतिलिपि, कार्यक्रमहरुको हकमा सम्बन्धीत समितिको बैठकले पारीत गरेको आर्थिक प्रस्तावना सहित वडा कार्यालयले योजना सम्झौताको लागि नगर कार्यपालिकाको कार्यालयलाई अनुरोध गरेको सिफारिस पत्र, उपभोक्ता समतिमा वस्ने सबै सदस्यको नेपाली नगरि कताको फोटोकपी संलग्न राखी निवेदन दिएपछि उपभोक्ता समितिका अध्यक्ष, कोषाध्यक्ष र सचिवसँग नगर कार्यपालिकाको कार्यालयमा योजना तथा कार्यक्रमको संझौता हुन्छ ।

### ६.१.३ भौतिक पूर्वाधार तर्फको योजना भुक्तानीको प्रकृया

योजनाको भुक्तानी माग गर्दा नगर कार्यपालिकाको कार्यालय सँग गरेको योजना सम्झौतामा उल्लेख भएका शर्त नामाहरुको अधिनमा रही उपभोक्ताले कार्य सम्पन्न भए पश्चात उपभोक्ता समितिले यो जना सम्पन्न भएको भन्ने बैठकको निर्णय (खर्च उल्लेख भएको), वडा स्तरीय अनुगमन समिति (३ लाख भन्दा साना वडा कार्यालयमा भएको योजना सम्झौताको हकमा), नगर स्तरीय अनुगमन समतिको सिफारिस (३ लाख भन्दा ठुला नगर कार्यपालिकाको कार्यालयमा भएको योजना सम्झौताको लागि), प्रविधिक कार्य सम्पन्न प्रतिवेदन, प्राविधक एम.वि., समितिले गरेको कामसंग सम्बन्धीत विल भर्पाई पेश गर्नु पर्ने छ । समितिको निवेदन मागको आधारमा योजना सम्झौता अनुसारको रकममा नियमानुसार लाग्ने कर कट्टा गरि नगर कार्यपालिकाको कार्यालयबाट सम्झौता अनुसारको रकम समितिको नामको चेक मार्फत भुक्तानी हुने व्यवस्था रहेको छ ।

### ६.१.४ कार्यक्रम भुक्तानीको प्रकृया

कार्यक्रमको भुक्तानीको माग गर्दा नगर कार्यपालिकाको कार्यालय सँग गरेको कार्यक्रम सम्झौतामा उल्लेख भएका शर्तनामाहरुको अधिनमा रही उपभोक्ता समितिले सम्झौता गर्दा पेश गरेको प्रस्तावना बमोजिम कार्यक्रम सम्पन्न गरेको हुनु पर्दछ । सम्बन्धीत प्राविधिकले तयार पारेको कार्यासम्पन्न प्रतिवेदन, प्राविधिक एम.वि. किताव स्वीकृत गराई, प्रस्तावना अनुसार आर्थिक प्रस्तावनाको कार्यक्रम सम्पन्न भएको भन्ने सम्बन्धीत समितिको बैठकवसी खर्च पारित गरि प्रस्तावना अनुसारको विल र्भपाई सम्लग्न राख्नु पर्छ । कार्यक्रम सम्पन्न भएको भन्ने कार्यक्रम सञ्चालन गरेको वडा कार्यालयबाट सिफारिस, वडा कार्यालय संग सम्झौता भै सञ्चालन गरेको कार्यक्रम भए वडा स्तरीय अनुगमन समितिको सिफारिस, नगर कार्यापालिकाको कार्यालय सँग सम्झौता भै कार्यक्रम सञ्चालन गरेको भएमा नगर स्तरीय अनुगमन समितिको सिफारिस भै सम्बन्धीत समितिको निवेदन मागको आधारमा योजना सम्झौता अनुसारको रकममा नियमुनासर लाग्ने कर कट्टा गरि नगर कार्यपालिकाको कार्यालयबाट समितिको नामको चेकमार्फत भुक्तानीहुने ब्यावस्था रहेको छ ।

### ६.१.५ आ.व. ०७४/०७५ मा उपभोक्ता समिति मार्फत सम्पन्न भएका योजना तथा कार्यक्रमहरुको विवरण

| क्र.सं. | योजनाकोप्रकार | योजनाको संख्या | योजनाको रकम |
|---|---|---|---|
| १ | भौतिक पुर्वाधार निमार्ण तर्फ (सडक, भवन) | २२६ | ८२८५४४२४ |
| २ | खानेपानी | ६७ | १५४४३९५० |
| ३ | सिंचाई | २१ | २८५०००० |
| ४ | शिक्षा तर्फ | ६३ | १०४१०००० |
| ५ | मठमन्दिर गुम्वा, चर्च, मसानेपाटी निमार्ण | ३७ | ७२९०००० |
| ६ | यूवा तथा खेलकुद | १७ | ४३००००० |
| ७ | विद्‌युत | ७ | १६६५००० |
| ८ | पार्क उद्यान, यात्रु प्रतिक्षालय | १० | २२५०००० |
| ९ | लक्षित महिला बालबालिका,अपाङ्ग, अल्प संख्यक, | ३९ | ४९९५००० |
| १० | बचत तथा ऋण सहकारी | ५ | ११४०००० |
| ११ | प्रकाशन तथा एफ.एम. | १ | २००००० |
| १२ | स्वास्थ्य | १० | १२४५००० |
| १३ | कृषि, तरकारी संकलन वंगुर, वाख्रा.मत्स्य पालन, जग्गा खरिद | १३ | ३६३०००० |
| १४ | भु-क्षय नियन्त्रण | २ | १०५०००० |
| १५ | सूचना तथा प्रविधि, संघ संस्था सहयोग | २२ | ४७६०००० |
| १६ | चस्मा खरिद | १ | ५००००० |
| १७ | फोहोर मैला ब्यवस्थापन | १ | १०००००० |
| १८ | संस्कृती संरक्षण | १ | ५००००० |

## ६.१.६ उपभोक्ता समिति मार्फत संचालन भएका पूर्वाधार सम्वन्धी योजनाहरु कायान्वयनमा देखिएका समस्याहरु

- नगर कार्यपालिकाको कार्यालयले योजना सम्झौता र भुक्तानीको लागि निर्धारण गरेको समय तालिका कार्यान्वयन हुन नसक्दा आर्थिक वर्षको अन्तिम समय आषाढ मसान्तमा अधिकांश योजनाको भुक्तानी गर्नुपर्ने अवस्था भएको ।
- उपभोक्ता समितिलाई सम्झौताका वखत आवश्यक पर्ने कागजात र भुक्तानीको लागि आवश्यक पर्ने कागजातको सम्वन्धमा उपभोक्ताहरुको सबैभन्दा नजिकको कार्यालय वडा कार्यालयबाट जानकारी गराउन नसक्दा नगरपालिकामा उपभोक्ताको चाप वढेको ।
- नगरस्तरीय अनुगमन समितिका पदाधिकारीहरु बीचमा आपसि समन्वय हुन नसक्दा श्रोत र साधनको कमि हुँदा अनुगमन गर्ने कार्यमा कठिनाई आएको ।
- योजना शाखामा दक्ष कर्मचारी कमहुँदा प्रभाकारीरुपमा चालु आ.व.मा सञ्चालनमा रहेका योजनाहरुको अद्यावधिक विवरण तयार पार्न तथा आगामी आ.व.को लगि योजनाहरुको बैज्ञानीक पद्धतिबाट ब्यवस्थापन तथा सञ्चालको लागि कार्य योजना बनाउन असफल रहेको ।
- नगर कार्यपालिकाको कार्यालयबाट उपभोक्ता समिति मार्फत सञ्चालनमा भएका योजनाहरु कानून बमोजिम उपभोक्ता समितिलाई हस्तारण गर्नु पर्ने कार्य गर्न नसकेको ।
- नगर कार्यपालिकाको कार्यालयबाट उपभोक्ता समिति मार्फत सञ्चालनमा भएका योजनाहरु के कति सम्पन्न भए र के कति योजनाहरु अधुरा रहेका छन भन्ने विषयम योजना शखाले योजनाको लगत राख्न नसकेको ।
- अगिल्लो आ.व.मा अधुरा रहेको योजनाहरुका सम्वन्धमा आगामी आ.व.म के कटि बजेट विनियोजन गरि त्यस्ता अधुार योजनाहर सम्पन्नगर्न सकिन्छ भन्ने सम्बन्धमा योजना शाख संग कुने लगत राख्न नसकेको ।
- सडक, खानेपानी, सिंचाई जस्ता दिर्धकालिन योजनाहरुमा बजेट विनियोजन गर्दा योजना शाखा र प्राविधिक शाखाबीच समन्वय भई प्राविधिकले तयार पारेको विस्तृत परियोजना प्रतिवेदनलाई आधार मानि कति वर्षमा सो योजना नगरपालिकाको श्रोत र साधनले सम्पन्न गर्न सक्ने हो सो सम्वन्धमा योजना शाखाले राय पेश गरि बजेट ब्यवस्थापनमा सहजीकरण गर्नु पर्नेमा सो काम गर्न नसकेको ।
- योजना शाखाले भौतिक निमार्णका योजनाहरुको सम्वन्धमा काम गर्न नसकिरहेको अवस्थामा लक्षित कार्यक्रमहरु (भौतिक निमार्ण बाहेकका) समेत हेर्नु पर्ने अवस्था रहेकोले झन समस्या भएको ।
- योजना शाखा जहाँ सेवाग्रहीहरुको अत्याधिक चाप हुन्छ त्यो शाखा साँघुरो कोठमा सिमित हुँदा उपभोक्तालाई सोधपुछ र जानकारी लिन असहज भएको ।

## ६.१.७ आ.व.०७५/०७६ मा उपभोक्ता समिति मार्फत सञ्चालमा रहेका योजना तथा कार्यक्रमहरुको विवरण (२०७५ चैत्र मसान्त सम्म)

| क्र.सं. | योजनाको प्रकार | योजना संख्या | योजनाको रकम |
|---|---|---|---|
| १ | भौतिक पुर्वाधार निमार्ण तर्फ (सडक, भवन) | १३१ | ४४९६७१६५.४८ |
| २ | खानेपानी | ३२ | १०५३०००० |
| ३ | सिंचाई | १० | २००५६३२ |
| ४ | शिक्षा तर्फ | ४९ | ८७१२०८९ |
| ५ | मठमन्दिर गुम्वा, चर्च, मसानेपाटी निमार्ण | ३८ | ७१०८३४५ |
| ६ | यूवा तथा खेलकुद | १९ | ४४२८८८२.०५ |
| ७ | विद्युत | ३ | ४७४३०० |
| ८ | पार्क उद्यान, यात्रु प्रतिक्षालय | ४ | ६२४६२३ |
| ९ | लक्षित महिला बालबालिका, अपाङ्ग, अल्प संख्यक | ५७ | ७३०७४३४ |
| १० | बचत तथा ऋण सहकारी, महिाला सहकारी, दुग्ध विकास | ५ | १७२०००० |
| ११ | प्रकाशन तथा एफ.एम. | ४ | २८०००० |
| १२ | स्वास्थ्य | ५ | २५२०५०० |
| १३ | कृषि, तरकारी संकलन वंगुर, वाख्रा.मत्स्य पालन, जग्गा खरिद | ८३ | २५७७५०० |
| १४ | भु-क्षय नियन्त्रण | ३ | ३००००० |
| १५ | सूचना तथा प्रविधि, संघ संस्था सहयोग | ६ | ६००००० |
| १६ | चस्मा खरिद | १ | ३३४००० |
| १७ | फोहोर मैला ब्यवस्थापन | १ | १४००००० |
| १८ | संस्कृती संरक्षण | ५ | ७५०००० |
| १९ | साँगाचोक गढी विकास तथा निर्माण | १ | २०००००० |
| २० | सम्सद विकास कोष | ७ | ४८००००० |
| २१ | सहिद स्मृती कार्यक्रम | १ | ५००००० |
| २२ | ३ नं. प्रदेश बाट सञ्चालीत विभिन्न योजना | २ | ५५००००० |
| २३ | म्याचिङ फण्ड तर्फ | ७९ | २५३६३६४० |

# ६.२ भौतिक पूर्वाधार विकास तर्फ

## ६.२.१ सडक तर्फ

- माटो सडक (नयाँ ट्र्याक)८५.९५ किलो मिटर
- पहरो कटिङ्ग (नयाँ ट्राक) ०.२६३ किलो मिटर

- नाली (Earthern Drain) ५४.६७किलो मिटर
- सडक चौडा ६६.२२ किलो मिटर
- सडक सरसफाइ७५.८७किलो मिटर
- ग्रावेल ३.८२ किलो मिटर
- Stone Soling३.५५किलो मिटर
- तार जाली १३२५ थान (२x१x१ को जाली)
- तार जाली २७४ थान (१.५x१x१ को जाली)
- हिम पाईप ९७५ मिटर
- टेवा पर्खाल ३९२ मिटर
- ढलान (Rigid Pavement) ७५३ मिटर सम्पन्न तथा ४२८ मिटर आ.व. २०७५/७६ भित्र सम्पन्न हुने ।
- कालोपत्रे ६२५ मिटर (२.३२ कि.मि. आ.व. २०७५/७६ भित्र सम्पन्न हुने)

### ६.२.२ आवास तथा भवन तर्फ

- वडा नं ६ को वडा कार्यालय भवन निर्माणसम्पन्न
- वडा नं  को वडा कार्यालय भवन तल्ला थप
- ३ वटा वडा कार्यालय भवन मर्मत कार्य सम्पन्न ।
- चौतारा साँगाचोकगढी नगरपालिकाको भवन निर्माणाधीन अवस्थामा रहेको ।

### ६.३.३ विद्युतीकरण तर्फ

- ८ मिटर Steel Tubular पोल(Full Galvanized) बिधुत पोल ९७२ वटा खरीद कार्य सम्पन्न ।

### ६.४.४ नक्सा पास तर्फ

- १४८२ वटा घर नक्सा पास  कार्य सम्पन्न
- १२८८ वटा पूर्व निर्मित भवनको अभिलेखीकरण कार्य सम्पन्न

### ६.४.५ आध्ययन तथा परामर्श सेवा तर्फ

- ७ वटा DPR तयार तथा १४ वटा DPR आ.व. २०७५/७६ भित्र सम्पन्न हुने ।

## ६.३ राजश्व शाखा

## नगरपालिकाको आन्तरीक श्रोत विवरण

| सि.नं | करका शीर्षक | आ.व २०७४/०७५ | | | आ.व २०७५/०७६ | | |
|---|---|---|---|---|---|---|---|
| | | लक्ष्य | यथार्थ | प्रगति प्रतिशत | लक्ष्य | यथार्थ (दोस्रो चौ मासिक सम्मको) | प्रगति प्रतिशत |
| **राजस्व** | | | | | | | |
| **६.३.१ राजश्व बाँडफाँड तर्फ** | | | | | | | |
| १ | घर जग्गा रजिष्ट्रेशन बाँडफाँड | - | - | - | - | ४८५२००० | - |
| **६.३.२ सबैारी साधन प्रवेश कर/शुल्क** | | | | | | | |
| २ | सबैारी साधन प्रवेश कर | - | - | - | १५००००० | २२७५००० | १५१.६७ |
| ३ | सडक मर्मत संभार शुल्क | - | - | - | १२०००००० | १५९३९००० | १३२.८३ |
| **६.३.३ अन्य बाँडफाँड हुने राजश्व** | | | | | | | |
| ४ | प्रकृतिक स्रोत कर (विक्री वापत) | - | - | - | ७२८५०००० | ७६११७५०० | १०४.४९ |
| ५ | प्रकृतिक स्रोत कर (निकासी वापत) | - | - | - | १४८२५००० | २९०५४७६० | १९५.९८ |
| **६.३.४ आन्तरीक राजस्व तर्फ** | | | | | | | |
| ६ | एकीकृत सम्पति कर | - | - | - | ११०००००० | १२८६४२८ | ११.६९ |
| ७ | मालपोत तथा भुमिकर | १०००००० | १९६३००० | १९६.३ | १५००००० | १५४७८३४ | १०३.१९ |
| ८ | घरजग्गा बहाल कर | २००००० | ७८००० | ३९ | ३०००००० | ३९०७६७ | १३.०३ |
| ९ | व्यवसाय कर | ३२५०००० | १२०२००० | ३६.९८ | २५००००० | ३७००९१५ | १४८.०४ |
| १० | वहाल विरौटी कर | २०००० | ० | ० | १०००००० | ० | ०.०० |
| ११ | पार्किङ शुल्क | ५०००० | ० | ० | - | - | |
| १२ | जडीबुटी कवाडी र जिवजन्तु कर | - | - | - | २००००० | १७९५८ | ८.९८ |

| सि.नं | करका शीर्षक | आ.व २०७४/०७५ | | | आ.व २०७५/०७६ | | |
|---|---|---|---|---|---|---|---|
| | | लक्ष्य | यथार्थ | प्रगति प्रतिशत | लक्ष्य | यथार्थ (दोस्रो चौमासिक सम्मको) | प्रगति प्रतिशत |
| १३ | सवारी साधन कर | - | - | - | - | - | |
| १४ | विज्ञापन शुल्क | ४६०००० | २६०००० | ५६.५२ | ५००००० | १५०००० | ३०.०० |
| १५ | मनोरञ्जन कर | - | - | - | - | - | |
| १६ | पर्यटन शुल्क | - | - | - | - | - | |
| १७ | घरजग्गा कर | २०००००० | ० | ० | - | - | |
| १८ | टेन्डर आव्हान | २०००० | २६०००० | १३०० | २००००० | ४१०००० | २०५.०० |
| १९ | प्रदुषण नियन्त्रण (फोहोरमैला संकलन) | - | ३९६००० | - | ४००००० | १५५४०० | ३८.८५ |
| २० | वनपैदावार कर | - | ६७७००० | - | १०००००० | २१३९४ | २.१४ |
| २१ | न्यायीक दस्तुर | - | ८००० | - | १०००० | २३०० | २३.०० |
| २२ | अन्य राजश्व (र्‍याफ्टिङ शुल्क समेत) | - | - | - | ११०००० | - | |
| २३ | वचत तथा ऋण सहकारी संस्था शुल्क | - | - | - | ५०००० | - | |
| २४ | जमानत र धरौटी जफत वापत | - | - | - | ० | ३०५०००० | |
| २५ | संघ संस्था संचालन सिफारिस दस्तुर | - | - | - | ० | २५००० | |
| २६ | काउन्सिलर प्रमाणित | - | - | - | ० | ९६०० | |
| २७ | स्लेट ढुङ्गा निकासी वापत | - | - | - | ० | ३३७९८ | |
| २८ | भेटनरी शाखा | - | - | - | ० | ५९१९५ | |
| २९ | सोलार बत्ती सम्झौता रखरिद | - | ६३०००० | - | - | - | |
| ३० | खानी संचालन अनुमति वापत | - | - | - | - | १०५००० | |

| सि.नं | करका शीर्षक | आ.व २०७४/०७५ | | | आ.व २०७५/०७६ | | |
|---|---|---|---|---|---|---|---|
| | | लक्ष्य | यथार्थ | प्रगति प्रतिशत | लक्ष्य | यथार्थ (दोस्रो चौ मासिक सम्मको) | प्रगति प्रतिशत |
| ३१ | कन्टीन्जेन्सी वापत | - | - | - | - | १९८९७५० | |
| **६.३.५ नक्शा पास दस्तुर** | | | | | | | |
| ३०.१ | नक्शा पास दस्तुर | ५०००००० | ३९२१००० | ७८.४२ | २७००००० | ८०२३८७ | २९.७२ |
| ३०.२ | डि.पी.सी चेक दस्तुर | १०००००० | १६८००० | १६.८ | १००००० | ७६००० | ७६.०० |
| ३०.३ | नक्शापास किताव दस्तुर | ११००००० | ४७५००० | ४३.१८ | ३००००० | १३१००० | ४३.६७ |
| ३०.४ | निर्माण सम्पन्न प्रमाणपत्र वापत | ४००००० | १०७००० | २६.७५ | ७०००० | ९४००० | १३४.२९ |
| ३०.५ | आशिक निर्माण सम्पन्न प्रमाणपत्र वापत | - | १४००० | - | २०००० | ६००० | ३०.०० |
| ३०.६ | अमिन फिल्ड खटाए वापत | १५००००० | ११३१००० | ७५.४ | ७५०००० | २१००० | २.८० |
| ३०.७ | घर अभिलेखिकरण | - | ३८८००० | - | ६०४०००० | ३६२१६४६ | ५९.९६ |
| ३०.८ | सूचिकरण | - | २२००० | - | २०००० | १०००० | ५०.०० |
| ३०.९ | अन्य सेवा शुल्क | ५००००० | ० | ० | - | - | |
| **६.३.६ वडागत विविध** | | | | | | | |
| ३१.१ | घरजग्गा रजिष्टेशन शुल्क | - | - | - | ४०००००० | ० | ०.०० |
| ३१.२ | सम्पति मूल्याङ्कन शुल्क | ७००००० | ३०७००० | ४३.८६ | १०००००० | ३६६०१० | ३६.६० |
| ३१.३ | सिफरित तथा बक्सौनी दस्तुर | १००००० | १२२९००० | १२२९ | १५००००० | ८०८४७४ | ५३.९० |
| ३१.४ | नाता प्रमाणित दस्तुर | ३००००० | ३६५००० | १२१.६७ | ३३०००० | २६३६०० | ७९.८८ |
| ३१.५ | दण्ड जरिवाना | ४०००० | ० | ० | ५०००० | ० | ०.०० |
| ३१.६ | पञ्जीकरण | २१०००० | १४६००० | ६९.५२ | १५०००० | १०४५५० | ६९.७० |
| ३१.७ | नागरिकता प्रमाणपत्रको प्रतिलिपि | १५०००० | २१६००० | १४४ | २००००० | १४६९४० | ७३.४७ |

| सि.नं | करका शीर्षक | आ.व २०७४/०७५ | | | आ.व २०७५/०७६ | | |
|---|---|---|---|---|---|---|---|
| | | लक्ष्य | यथार्थ | प्रगति प्रतिशत | लक्ष्य | यथार्थ (दोस्रो चौ मासिक सम्मको) | प्रगति प्रतिशत |
| ३१.८ | चार किल्ला प्रमाणित | - | ३३१००० | - | ३५०००० | ४३९१८० | १२५.४८ |
| ३१.९ | घरबाटो प्रमाणित | - | ८४१००० | - | ९००००० | ५३११०० | ५९.०१ |
| ३२ | विद्युत मिटर सिफारिस | - | ५२४००० | - | ३००००० | ५४०८०० | १८०.२७ |
| ३२.१ | आयस्रोत प्रमाणित | - | ६२४००० | - | ६५०००० | ८०२१६० | १२३.४१ |
| ३२.२ | घरधुरी कर | - | ६६६००० | - | ० | २९४०१ | |
| ३२.३ | जग्गा नामसारी/मालपोत सिफारिस | - | १५१००० | - | ० | ७४९५० | |
| ३२.४ | हलभाडा | - | ९००० | - | १२००० | ८४०० | ७०.०० |
| **आन्तरीक आम्दानी जम्मा** | | | १७१०९००० | ९५.०५ | | १५००७११९७ | १०५.६२ |




**नगरपालिकाको आन्तरीक श्रोत विवरण**

## ६.३.७ आ.व. २०७४/०७५ देखी हालसम्म दुई वर्षको अवधीमा राजश्व शाखाबाट भएका कार्यहरु

- आ.व. २०७५/०७६ को श्रावण महिनादेखी एकीकृत सम्पति कर संकलन कार्यको थालनी भएको ।
- आ.व. २०७५/०७६ का लागि दहत्तर वहत्तर शुल्क, सडक मर्मत संभार शुल्क, सवारी साधन कर तथा विज्ञापन शुल्क वापतको राजश्व संकलन कार्यको लागि ठेक्का बन्दोवस्त गरिएको ।
- आ.व. २०७४/०७५ लाई व्यवसाय दर्ता तथा नविकरण वर्षको रुपमा मनाउँदै ६३५ व्यवसायलाई यस न.पा. को व्यवसाय दर्ता तथा नविकरण प्रकृयामा समेटिएको ।
- आ.व. २०७५/०७६ को लागि आन्तरीक राजश्वतर्फ निर्धारित लक्ष्य प्राप्तिका लागि शीर्षक सहित वडागत वार्षिक लक्ष्य निर्धारण गरि तोकिएको समयमा तोकिएको राजश्व लक्ष्य प्राप्ति तर्फ नयाँ प्रयास गरिएको ।
- आ.व. २०७५/०७६ को पौष महिनादेखी देखी एकीकृत कर संकलन प्रणाली सफ्टवेयरबाट आन्तरीक राजश्व संकलन कार्यको थालनी भएको ।
- राजश्व शाखाको अगुवाईमा वजार संयन्त्रलाई व्यवस्थित तथा नियमित गर्न वस्तुको मूल्य सूची, उपभोग्य सामाग्रीको गुणस्तर, व्यवसाय संचालनको कानूनी आधारलाई जोड दिँदै आ.व.२०७५/०७६ मा यस न.पा. भित्र ३ पटक बजार अनुगमन गरिएको ।
- आ.व. २०७६/०७७ का लागि यस न.पा भित्र भएर बग्ने सुनकोशी, ईन्द्रावती तथा वलेफी नदीको प्रारम्भिक वातावरणीय अध्ययनको लागि सम्झौता गरीएको ।

## ६.४ सूचना तथा प्रविधि शाखा

### चौतारा साँगाचोकगढी नगरपालिकाको सूचना तथा प्रविधि शाखा मार्फत सम्पादन गरिएका मुख्या-मुख्या कामहरु

- सामजिक सुरक्षा भत्ताको सम्पूर्ण नामावली अनलाइन अद्यावधिक गरिएको । जसमा हाल सम्म ५३७० जनाको नाम आनलाइनमा प्रविस्टी भई भत्ता खाने दिने गरिएको ।
- व्यक्तिगत घटना दर्ता केहि वडाहरुमा आनलाइन मार्फत सुरु गरिएको (वडा नं. ४, ५, ७, १४ ) र आ.व. २०७६-७७ बाट सम्पूर्ण वडाहरुमा संचालन गर्ने तयारीमा रहेको ।
- नगरपालिकाको जि.आई.एस.नक्शा तयार गरी वेब-साइटमा समेत राखिएको ।
- नगरपालिकाको वेब-साइट, फेसबुक पेज तथा ट्वीटर पेज जस्ता सामाजिक संजालहरु नियामित अद्यावधिक हुने गरेको र नगरपालिको सम्पूर्ण सूचनाहरु प्रकाशन गर्ने गरिएको ।




चौतारा साँगाचोकगढी नगरपालिकाको नयाँ वेबसाइट




चौतारा साँगाचोकगढी नगरपालिकाको टुईटर र फेसबुक पेज

- नगरपालिकाको मोबाइल एप तयार गरी प्ले स्टोरमा समेत राखिएको छ । चौतारा साँगाचो कगढी नगरपालिकाले आफ्नो नगरलाई आधुनिक प्रविधिको विकास गर्नको लागि मोवाईल एप्स सञ्चालनमा ल्याएको हो । नगरपालिकाको सबै सुचना तथा कार्यक्रम अव आफ्नो मोवाईलमा हेर्न सक्ने भएको छ । आफ्नो मोवाइलको प्ले स्टोरीमा गएर चौतारा साँगाचोकगढी नगरपालिका र्सच गरेर नगरपालिकाको एप्स डाउनलोड गरि नगरको सबै सूचना तथा कार्यक्रम आफ्नो मोबाइलमा नै हेर्न सक्नेछन् । अब कुनै सूचना हर्नेका लागी नगरपालिका सम्म धाउन नपर्ने र गुनासा छन् भने पनि सोही एप्स मार्फत नगर सम्म पठाउन सकिने छ ।



- नागरिक वडापत्र तयार गरी किताब समेत प्रकाशन गरिएको छ ।
- एकीकृत सम्पत्ति कर संकलन प्रणाली जडान गरी नगरपालिकाको कार्यालय तथा केहि वडा कार्यालयमा (वडा नं. १, ४, ५, ७) अनलाइन बाट राजश्व संकलन सुरु गरिएको र आगामी आ.व. बाट सम्पूर्ण वडामा अनिवार्य गर्ने योजनामा रहेको छ ।




- नगरपालिका भित्रका सम्पूर्ण माध्यमिक विद्यालयहरुमा इ-हाजिरी जडान कार्य सम्पन्न गरिएको र उक्त विवरण दैनिक रुपमा नगर पालिकाको सूचना प्रविधि शाखाबाट निरीक्षण समेत गर्ने व्यवस्था गरिएको । साथै, इ-हाजिरी जडान पश्चात विद्यालयहरुले चौमासिक निकासा वा शिक्षाको तलब सुविधा माग गर्दा शिक्षाकको हाजिरी विवरण इ-हाजिरीको सफ्टवेयर प्रणालीबाट निकालिएको विवरण अनिवार्य रुपमा नगरपालिकामा बुझाउनु पर्ने व्यवस्था गरिएको छ ।



विद्यालयमा इ-हाजिरीको उद्घाटन कार्यक्रममा नगर प्रमुख सहितको टोली

## ६.५ शिक्षा, युवा तथा खेलकुद शाखा

### चौतारा साँगाचोकगढी नगरपालिका शिक्षा, युवा तथा खेलकुद शाखा मार्फत सम्पादन गरिएका अभ्यासहरू

- आधारभूत तहको विद्यालय मर्ज, दरवन्दी मिलान र विद्यालय Down Sizing
- नगरको श्रोतबाट मावि शुन्य दरवन्दी भएका विद्यालयहरुलाई कम्तिमा २ का दरले नगर मावि अनुदान शिक्षकको व्यवस्था गरिएको जसमा शुन्य दरवन्दी भएका ४ विद्यालयमा २ का दरले गरि ८ र १ दरवन्दी भएका २ विद्यालयमा १ का दरले गरि २ दरवन्दी उपलब्ध गराइ जम्मा नगर मार्फत १० मावि शिक्षक बराबरको आर्थिक व्ययभार हुने गरि शिक्षक व्यवस्थापन ।
- नगर श्रोतबाट Dropout Rate बढि भएका, Disadvantage Group लक्षित समुदायको ४ आधारभूत विद्यालयमा दिवा खाजा कार्यक्रम शुरु गरिएको ।
- बालविकास सहजकर्ता सबैलाई नगरको श्रोत मार्फत मासिक रु २००० दरले १३ महिनाको लागि प्रोत्साहन भत्ता उपलब्ध गराइएको ।
- नगरका सबै विद्यालयहरुमा कक्षा ४ कक्षा सम्म भ्लनष्किज Medium मा पठन पाठन शुरु गरि पाठ्यपुस्तकमा एकरुपता कायम गरिएको ।
- नगर शैक्षिक क्यालेन्डर निर्माण र कार्यान्वयन ।
- नगरभित्र एक विद्यालयलाई नमूना नगर विद्यालयको रुपमा विकास गर्ने गरि १० लाख विनियो जन गरी नमूना विद्यालय छनौट भएको ।
- SEE र नगरस्तरीय कक्षा ८ परीक्षामा उत्कृष्ट नतिजा ल्याउने विद्यालयर विद्यार्थीलाई पुरस्कृत गरिएको ।
- सबै माध्यमिक विद्यालयहरुमा विधुतिय हाजिरी जडान गरिएको ।
- कक्षा ८ को नगर स्तरीय परीक्षा सञ्चालन र व्यवस्थापन
- नगर शिक्षा समितिको पूर्णता सहित शिक्षा सुधारको लागि नियमित रुपमा बैठकहरु सम्पन्न ।
- नगर शैक्षिक नियमाली वमोजिम सबै विद्यालयहरुमा विद्यालय व्यवस्थापन समितिगठन ।
- शैक्षिक सुधारको लागि नगर कार्यपालिकाको ९ बुदे निर्देशन कार्यान्वयन
- विद्यालय भौतिक सुधारको लागि वजेट विनियोजन
- शिक्षकको पेशागत क्षमता विकास कार्यक्रमको सञ्चालन
- नगरपालिका आफैले अस्थायी करार शिक्षक नियुक्ति का लागि आवश्यक विषय विशेषज्ञको रोस्टर तयार
- नगर क्षेत्र भित्र सञ्चालित विद्यालयमा अध्ययनरत विद्यार्थीलाई आँखा परिक्षण गरि निशुल्क चश्माको व्यवस्था र छात्रा बैक खाता सञ्चालनको लागि अनुदान

- नगर क्षेत्र भित्रबाट MBBS अध्ययन गर्ने गरिव तथा जेहन्दार ७ विद्यार्थीलाई छात्रवृतिका लागि जनही बार्षिक १ लाखमा दरले छात्रवृत्ति कार्यक्रम
- शैक्षिक सुधारका सम्वन्धमा आवश्यक सल्लाह, सुझाव प्राप्त गर्नका लाशि विद्यालयका प्र. अ. हरुको बैठक कार्यशाला सम्पन्न ।
- वडा शिक्षा समिति, विद्यालय व्यवस्थापन समितिका पदाधिकारीहरुको क्षमता विकास कार्यक्रम सञ्चालन ।
- नियमित रुपमा विद्यालयहरुको अनुगमन, निरीक्षण गरी विद्यालयहरुलाई सुधारका लागि पृष्ठपोषण प्रदान ।
- विद्यार्थी पोशाकमा एकरुपता कायम गरिएको ।
- नगर स्तरीय राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता सञ्चालन ।

## ६.६ स्वास्थ्य शाखा

### आर्थिक वर्ष २०७/०७५ र २०७५/०७६ को हालसम्मको स्वास्थ्य शाखावाट भएका प्रगति प्रतिवेदन

| सि.नं. | कार्यक्रम (कृयाकलाप) | सेवा पाएका संख्या | कार्यक्रम संचालन पटक | कैफियत |
|---|---|---|---|---|
| १ | आमा सुरक्षा कार्यक्रम (Birthing Center) स्वास्थ्य संस्थामा सुत्केरी गराउने जम्मा संख्या :<br>✠ सामान्य - २८६<br>✠ जटिलता, भ्याकुम - २४<br>✠ C.S. अपरेशन - ७ | ३१७ जना | | |
| २ | अस्पताल, स्वास्थ्य संस्थामा प्रसुति हुनेलाई निशुल्क औषधी तथा न्यानो झोला वितरण | ३१७ जना | | |

| सि.नं. | कार्यक्रम (कृयाकलाप) | सेवा पाएका संख्या | कार्यक्रम संचालन पटक | कैफियत |
|---|---|---|---|---|
| ३ | जनतासँग डाक्टर कार्यक्रमः निशुल्क स्वास्थ्य शिविर सञ्चालन<br>✠ सानोसिरुवारी - ४६९ (३ पटक)<br>✠ पीपलडाँडा - ४९० (३ पटक)<br>✠ साँगाचोक - ७७६ (४ पटक)<br>✠ ठूलोसिरुवारी - ६४४ (२ पटक)<br>✠ कदमबास - १३० (१ पटक)<br>✠ कुवण्डे - ३९४ (२ पटक)<br>✠ चौतारा - १२२१ (५ पटक)<br>✠ भिमटार - ९९ (१ पटक)<br>✠ जल्किने - ३०० (१ पटक)<br>✠ डडुवा - ४८५ (१ पटक) | ५००८ | २३ | |
| ४ | महिला स्वास्थ्य स्वयं सेविका दिवस | २२० | २ | |
| ५ | निशुल्क स्वास्थ्य सेवाका लागि औषधी खरिद | | ६ | |
| ६ | २४ घण्टे प्रशुती सेवा संचालन<br>करार अनमि करार नियुक्ति, २ जना | | १ | |
| ७ | कार्यालय सहयोगी करार नियुक्ति, १८ जना | | १ | |
| ८ | बन्ध्याकरण घुम्ती सिविर अगावै म.स्वा.स्व.से. सँग छलफल | १०२ | ५ ठाउँ | |
| ९ | भ्यासेक्टोमी, मिनिल्याप, बन्ध्याकरण शिविर | ११ | २ | मिनिल्याप -४, भ्यासे क्टोमी - ७ |
| १० | परिवार नियोजन सेवा दिवस | | १ | |
| ११ | सुरक्षित मातृत्व सेवा दिवस | | १ | |
| १२ | म.स्वा.स्व.से. को अर्धवार्षिक गोष्ठी, (१० गा.वि.स) | २७० | ३ | |
| १३ | म.स्वा.स्व.से. को नियमित बैठक, प्रत्येक स्वा.सं. मा १० पटक | | १९० | |
| १४ | आमा समूहको बैठक | | १३२१ | |
| १५ | स्वास्थ्यकर्मीहरुको मासिक बैठक | | २२ | |
| १६ | शहरी स्वास्थ्य केन्द्र स्थापना<br>साँगाचोक, जितपुर, भिमटार, गैरीटार, बतासे | | ५ वटा | |

| सि.नं. | कार्यक्रम (कृयाकलाप) | सेवा पाएका संख्या | कार्यक्रम संचालन पटक | कैफियत |
|---|---|---|---|---|
| १७ | चौतारा अस्पताल हाताभित्र बगैचा निर्माण | | | |
| १८ | राष्ट्रिय भिटामिन ए कार्यक्रम संचालन, कात्तिक र बैशाख, १० गाँउ विकास समिति | | ४ पटक | |
| १९ | स्वास्थ्य सन्देश प्रसारण, पत्रपत्रिका, एफ.एम. | | | |
| २० | स्वास्थ्य सेवा प्रबर्द्धन अन्तरकृया | | १ पटक | |
| २१ | खोप केन्द्र शहरी स्वास्थ्य केन्द्र देउरालीमा ट्रस्ट निर्माण | | १ | |
| २२ | स्वास्थ्य संस्था अनुगमन (उपमेयरको नेतृत्वमा) | | १६ पटक | |
| २३ | पूर्ण खोप नगरपालिका सुनिश्चितता र दिगो पनाको लागि न.पा. स्तरीय गोष्ठी | | १ पटक | |
| २४ | पूर्ण खोप सुनिश्चितता र दिगोपनाको लागि वडा स्तरीय अन्तरकृया, स्थानीय योजना निर्माण तथा वडा स्तरीय खोप समन्वय समिति गठन | | १० पटक | |
| २५ | पहुँच नपुगेका र ड्रप आउट छुट बच्चाको खोजी तथा पूर्ण खोप दिलाउन FCHV लाई अभिमुखिकरण, १० गाँउ विकास समिति मा | | १० पटक | |
| २६ | पूर्ण खोप नगरपालिका घोषणा कार्यक्रम दिगोपनाको लागि सर्बेक्षण, अनुगमन, डाटा भेरिफिकेशन, १४ वडा | | १४ पटक | |
| २७ | विद्यालय स्वास्थ्य शिक्षा कार्यक्रम (सर्ने तथा नसर्ने रोग सम्बन्धी कक्षा संचालन) | | २५ पटक | |
| २८ | किशोर किशोरीलाई महिनावारी व्यवस्थापन सम्बन्धी कक्षा संचालन | | १६ पटक | |
| २९ | अस्पताल सुदृढीकरण बैठक | | ९ पटक | |
| ३० | OCMC को बैठक | | १ पटक | |
| ३१ | स्वास्थ्य संस्था प्रमुखहरुको बैठक तथा मासिक समिक्षा | | १० पटक | |
| ३२ | अस्पतालमा उपचार गर्न नसकी प्रेषण गरिएका विपन्न असहाय ३ जनालाई आर्थिक सहायता | | ३ | |

| सि.नं. | कार्यक्रम (कृयाकलाप) | सेवा पाएका संख्या | कार्यक्रम संचालन पटक | कैफियत |
|---|---|---|---|---|
| ३३ | अन्तरकृया स्वास्थ्य क्षेत्रमा काम गर्ने विभिन्न संघ संस्था र नगरपालिका बिच अन्तरकृया | | १ पटक | |
| ३४ | नगरपालिका स्तरीय स्वास्थ्य तथा योजना सम्बन्धी अन्तरकृया तथा अभिमुखिकरण | | १ पटक | |
| ३५ | भिडिया एक्सरे | १८१ | ५ | |
| ३६ | DOTS चौमाषिक गोष्ठी | २० | २ पटक | |
| ३७ | विश्व स्तनपान दिवस | ९८ | ३ | |
| ३८ | मेडिक मोवाइल स्वास्थ्य तालिम<br>✠ स्वास्थ्यकर्मी ५२ जना<br>✠ स्वयंसेविका ९० जना | १४२ | १० स्थान | न.पा. को आन्तरिक श्रोत |
| ३९ | Birthing को लागि करारमा अनमि नियुक्ति, १ जना | | १ | |
| ४० | नगरपालिका स्तरीयRRT गठन | | १ | |
| ४१ | नगरपालिका स्तरीयRRTगठन भएको टिम लाई चौमासिक गोष्ठि | | २ | |
| ४२ | शहरी स्वास्थ्य केन्द्रमा कर्मचारी नियुक्ति, ४ जना -अ.हे.व. २, अ.न.मी. २ | | २ स्थान | |
| ४३ | शहरी स्वास्थ्य केन्द्रमा कर्मचारी नियुक्ति, ५ जना - अ.हे.व., अ.न.मी.) | | ५ स्थान | |
| ४४ | मानसिक स्वास्थ्य तथा मनोसामाजिक सहयोग सम्बन्धी तालिम<br>✠ मेडिकल अफिसर/स्वास्थ्यकर्मीहरुलाई ६ दिनको, १ पटक, २६ जना<br>✠ शिक्षकहरुलाई Conversion Disorder सम्बन्धी ३ दिनको, १ पटक, २१ जना | ४७ जना | २ | |
| ४५ | स्वास्थ्य संस्थाहरुमा OPD सेवा पाएका बिरामी संख्या | ७७७३९ | १९ स्वास्थ्य संस्थाबाट | |
| ४६ | गर्भवती जाँच, पहिलो पटक | १०७१ | | |
| ४७ | ४ पटक गर्भवती जाँच | ६९५ | | |

## ६.७ पशुसेवा शाखा

### ६.७.१ पशु सेवा शाखाको आ.व. २०७४-७५ मा भएको मुख्य मुख्य क्रियाकलापहरु

| सि.नं. | कार्यक्रम विवरण | ईकाई | बार्षिक लक्ष्य | | बार्षिक लक्ष्य | |
|---|---|---|---|---|---|---|
| | | | परिमाण | बजेट | परिमाण | वजेट |
| चालु खर्च अन्तर्गतको कायक्रम | | | | | | |
| **पशु सेवा कार्यक्रम जानकारी** | | पटक | १ | ३० | १ | ३० |
| क | **दुध आत्मनिर्भर कार्यक्रम** | | | | | |
| १ | हिउदे घांसको विउ वितरण (जै भेच) | प्याकेज | २०० | ७० | २०० | ७० |
| २ | परजिवि औषधि वितरण | पटक | २ | १०० | २ | १०० |
| ख | **मासु आत्मनिर्भर कार्यक्रम** | | | | | |
| १ | प्रजनन वोका वितरण | सख्या | ७ | १०५ | ७ | १०५ |
| २ | मासु पसल सुधार | सख्या | १ | ७५ | १ | ७५ |
| ३ | परजिवि औषधि वितरण | पटक | २ | १०० | २ | १०० |
| ग | **अण्डा उत्पादन आत्मनिर्भर कार्यक्रम** | | | | | |
| १ | ५० प्रतिशत अनुदानमा लेयर्स चल्ला वितरण | सख्या | ५००० | ३०० | १५०० | ९० |
| २ | जैविक सुरक्षा सामाग्री वितरण | पटक | १ | ५० | १ | ५० |
| ३ | फिडर, ड्रिङकर, होवर वितरण | पटक | १ | ५० | १ | ५० |
| घ | **जीविकोपार्जन सहयोग कार्यक्रम** | | | | | |
| **भेटेरीनरी प्रचार प्रसार तथा शिविर कार्यक्रम** | | | | | | |
| १ | पशु पंक्षि विमा अभिमुखिकरण कार्यक्रम | पटक | १ | ५० | १ | ५० |
| २ | रेविज रोग नियन्त्रण शिविर | पटक | १ | ५० | १ | ५० |
| **पशु स्वास्थ्य सेवा कार्यक्रम** | | | | | | |
| १ | इपिडेमिक नियन्त्रण | पटक | ३ | ३० | | ३० |
| २ | रोग निदान तथा प्रयोगशाला सेवा कार्यक्रम | | | | | |
| २.१ | गोवर परिक्षण | संख्या | ३५० | ७० | ४०० | ७० |
| २.२ | थुनेलो परिक्षण | संख्या | १०० | २० | १२० | २० |
| २.३ | पिसाव परिक्षण | संख्या | ५० | १० | ५५ | १० |
| २.४ | सबै परिक्षण | संख्या | ५० | १० | ७० | १० |
| ३ | **उपचार सेवा कार्यक्रम** | | | | | |
| ३.१ | मेडिकल उपचार | संख्या | ६००० | १५० | ८०७५ | १५० |
| ३.२ | माईनर सर्जिकल उपचार | संख्या | ५०० | ५० | ६०७ | ५० |
| ३.३ | गाईनोकोलोजिकल उपचार | संख्या | ३०० | ३० | ५६४ | ३० |
| ४ | **रोग निरोधक खोप सेवा कार्यक्रम** | | | | | |
| ४.१ | रोग निरोधक खोप लगाउने | संख्या | ३००० | ६० | ३५७० | ६० |

| सि.नं. | कार्यक्रम विवरण | ईकाई | बार्षिक लक्ष्य | | बार्षिक लक्ष्य | |
|---|---|---|---|---|---|---|
| | | | परिमाण | बजेट | परिमाण | वजेट |
| ङ. | **सम्पुर्ण कार्यक्रमको अनुगमन मूल्यांकन** | **पटक** | ३ | ६० | ३ | ६० |
| **चालु कार्यक्रम खर्च अन्तरर्गत जम्मा** | | | | १४७० | | १२६० |
| **कार्यालय संचालन खर्च** | | | | ८९ | | ८८ |
| **कुल जम्मा खर्च** | | | | १५५९ | | १३४८ |
| **पशु विकास सेवा तर्फ** | | | | | | |
| **चालु खर्च अन्तर्गतको कायक्रम** | | | | | | |
| १ | युवा लक्षित गाई भैसी कार्यक्रम | पटक | ४ | ६२० | ३ | ४०० |
| २ | युवा लक्षित वंगुर पालन कार्यक्रम | पटक | २ | २०० | ३ | २०० |
| ३ | गाई भैसी खरिदमा अनुदान | संख्या | ८३ | ३१७० | ८३ | २४९० |
| ४ | व्यवसायिक वाख्रा फार्म सुदृढिकरण तथा वाख्रामा जातीय सुधार फलोअप कार्यक्रम | | | | | |
| ५ | युवा लक्षित व्यवसायिक वाख्रा पालन कार्यक्रम | संख्या | ८ | ४०० | ७ | ३५० |
| ६ | जातीय सुधार फलोअप कार्यक्रम संचालन | संख्या | १ | ५१ | | |
| **अण्डामा आत्मनिर्भर तथा पारीवारीक स्तरमा पोषण सुरक्षा कार्यक्रम (ग्रामिण कुखुरा)** | | | | | | |
| १ | समुह समिति गठन तथा परिचालन | प्याकेज | ५ | १० | ५ | १० |
| **तालिम सेवा कार्यक्रम** | | | | | | |
| १ | कुखुरा पालन सम्वन्धि आधारभुत ३ दिने तालिम | संख्या | १ | ५० | १ | ५० |
| **खोर निमार्ण** | | | | | | |
| १ | ५० वटा कुखुराको खोर निमार्णका लागि अनुदान | संख्या | ५० | २५० | ५० | २५० |
| २ | १ परिवारलाई २५ वटाँको दरले ८ हप्ताको चल्ला वितरण(Dual Purpose) तथा ढुवानी | पटक | १२५० | ३८२ | १२५० | ३८२ |
| **पशु स्वास्थ्य कार्यक्रम** | | | | | | |
| १ | रानीखेत , फवलपक्स खोप कार्यक्रम | सख्या | १२५० | १५ | १२५० | १५ |
| २ | आन्तरीक परजीवि नियन्त्रण कार्यक्रम | सख्या | १२५० | १५ | १२५० | १५ |
| **पशु नश्ल सुधार राष्ट्यि अभियान कार्यक्रम** | | | | | | |
| १ | तरल नाईट्रोजन आपुर्ति , ढुवानी तथा व्यवस्थापन | पटक | ३ | ७५ | ३ | ७५ |
| २ | पशु नश्ल सुधार समन्वय समिती बैठक | पटक | ३ | ४५ | ३ | ४५ |

| सि.नं. | कार्यक्रम विवरण | ईकाई | बार्षिक लक्ष्य | | बार्षिक लक्ष्य | |
|---|---|---|---|---|---|---|
| | | | परिमाण | बजेट | परिमाण | वजेट |
| ३ | सहकार्य गर्ने संस्थाहरु तथा इन्सेमेनेटरहरुसंग अन्तरक्रिया | पटक | १ | ३० | १ | ३० |
| ४ | कृतिम गर्भाधान कर्ताहरुको लागि लजिष्टीक सपोर्ट खरिद कृ.ग. केन्द्रहरुमा कृ.ग. गर्न आवश्यकको लागि बुट, एप्रोन, सिथ, ग्लोव आदी | पटक | ३ | ५० | १ | ५० |
| **कार्यक्रम सम्भाव्यता अध्ययन** | | पटक | ३ | ९० | ३ | ९० |
| **चालु कार्यक्रम खर्च अन्तरर्गत जम्मा** | | | | ५४५३ | | |
| **कुल जम्मा खर्च** | | | | ५४५३ | | |
| **सहकारी खेती तर्फ** | | | | | | |
| **चालु खर्च अन्तर्गतको कायक्रम** | | | | | | |
| १ | वंगुर खोर मर्मत सम्भार तथा दाना र थप पाठापाठी खरिद अनुदान | संख्या | १ | ३० | १ | ३० |
| २ | दानापानी विजुली थप चल्ला खरिद तथा ढुवानी अनुदान | संख्या | २ | ६० | १ | ३० |
| ३ | उपचार सेवा कार्यक्रम (उपचार, परजिवि नियन्त्रण, खोप) | पटक | ३ | ५० | ३ | ५० |
| ४ | अनुगमन निरीक्षण | पटक | ६ | ३३ | ६ | ३३ |
| **चालु कार्यक्रम खर्च अन्तरर्गत जम्मा** | | | | १७३ | | १४३ |
| **कुल जम्मा खर्च** | | | | १७३ | | १४३ |
| **पशु आहारा सेवा तर्फ** | | | | | | |
| **चालु खर्च अन्तर्गतको कायक्रम** | | | | | | |
| १ | बोका, बाखा तथा पाठापाठीमा परजीवि नियन्त्रण कार्यक्रम | पटक | २ | २० | २ | २० |
| २ | कबुलीयती बनमा विभिन्न घांसको सट्रेस, स्लिप,विउ खरिद तथा वितरण | हेक्टर | २ | ३५ | २ | ३५ |
| ३ | अनुगमन खर्च | पटक | २ | १० | २ | १० |
| **कुल जम्मा खर्च** | | | | ६५ | | ६५ |
| **पशु स्वास्थ सेवा तर्फ** | | | | | | |
| **चालू खर्च अन्तरगतका कार्यक्रमकहरु** | | | | | | |

| सि.नं. | कार्यक्रम विवरण | ईकाई | बार्षिक लक्ष्य | | बार्षिक लक्ष्य | |
|---|---|---|---|---|---|---|
| | | | परिमाण | बजेट | परिमाण | वजेट |
| १ | पशु औषधी पसल, पशु पंक्षि फार्म, ह्याचरी, मासु पसल, वधस्थल, बधशालाको तथ्याङ् संकलन , रेकडिङ्ग | पटक | ३ | ३० | ३ | ३० |
| २ | संचार माध्यमबाट पशु रोग सम्बन्धी जानकारी | पटक | ३ | १५ | ३ | १५ |
| ३ | मासु पसल,वधस्थल, पशु पंक्षि फार्मको नियमित अनुगमन, निरिक्षण | पटक | ३ | २९ | ३ | २९ |
| जम्मा | | | | ७४ | | ७४ |
| कुल जम्मा | | | | ७३२४ | | ६०८२ |

## ६.७.२ आ.व. २०७५/७६ (वित्तिय समानिकरण तर्फ) वैशाख मसान्त सममको प्रगति विवरण

| सि. नं. | कार्यक्रम विवरण | ईकाई | बार्षिक | | फाल्गुण मसान्त सम्मको | | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | परिमाण | बजेट रु.हजार मा | प्रगति | वजेट खर्च | |
| **दुधमा आत्मनिर्भर कार्यक्रम** | | | | | | | |
| **व्यवसायिक कृषकको लागी सहयोग कार्यक्रम** | | | | | | | |
| १ | मल्टी च्याफकटर वितरण | संख्या | ४ | २०० | ४ | २०० | |
| २ | डेरी पसल स्थापना (साझेदारी) | सख्या | २ | २०० | | | |
| ३ | दुधालु गाई/भैसी खरिदमा अनुदान | संख्या | ३० | ९०० | | | |
| ४ | स्टेनलेस स्टील ट्र्यामि वितरण | संख्या | १०० | २०० | १०० | १९५ | |
| ५ | परजिवि विरुद्ध औषधि वितरण | पटक | २ | १०० | १ | १०० | |
| **व्यवसायिक गाई भैसी पालन कार्यक्रम ५ माउ** (अनुदानं) | | **संख्या** | २ | २०० | | | |
| **मासुमा आत्मनिर्भर कार्यक्रम** | | | | | | | |
| **एकल विपन्न महिला लक्षित वाख्रा पालन कार्यक्रम** | | | | | | | |
| १ | समुह गठन | संख्या | १४ | २८ | १४ | | |
| २ | वाख्रा वितरण (अनुदान) | संख्या | १४० | १०२० | | | |

| सि. नं. | कार्यक्रम विवरण | ईकाई | बार्षिक | | फाल्गुण मसान्त सम्मको | | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | परिमाण | बजेट रु.हजार मा | प्रगति | वजेट खर्च | |
| ३ | परजिवि औषधि वितरण | पटक | २ | ३४ | | | |
| **पशु प्रजनन कार्यक्रम** | | | | | | | |
| १ | प्रजननको वोका वितरण (साझेदारी,अनुदान) | संख्या | १४ | ७०० | | | |
| **वजारीकरण कार्यक्रम** | | | | | | | |
| १ | मासु पसल स्थापना अनुदान (साझेदारी) | संख्या | ६ | ३०० | | | |
| २ | मिटमाट स्थापनामा अनुदान (साझेदारी) | संख्या | १ | २०० | | | |
| **व्यवसायिक वाख्रा पालन कार्यक्रम २० माउ (अनुदान)** | | संख्या | ८ | ४०० | | | |
| **अण्डामा आत्मनिर्भर कार्यक्रम** | | | | | | | |
| **पोषण सुधारको लागी कुखुरापालन कार्यक्रम** | | | | | | | |
| १ | समुह गठन | संख्या | १४ | २८ | १४ | | |
| २ | चल्ला वितरण | संख्या | ३५०० | ८५० | ३५०० | ८५० | |
| ३ | दाना वितरण | के.जि. | ३५०० | २३० | ३५०० | २३० | |
| **व्यवसायिक कृषकको लागी सहयोग कार्यक्रम** | | | | | | | |
| १ | चल्ला खरिदमा अनुदान | संख्या | ३००० | ३०० | | | |
| २ | अण्डा राख्ने क्रेट वितरण | संख्या | ३०० | १०० | | | |
| ३ | स्थानिय कुखुरा प्रवर्द्धन कार्यक्रम (अनुदान) | फार्म | २ | २०० | | | |
| **जिविकोपार्जन कार्यक्रम** | | | | | | | |
| **पशु स्वास्थ्य सेवा कार्यक्रम** | | | | | | | |
| १ | इपिडेमिक नियन्त्रण | पटक | ३ | ६० | | | |

| सि. नं. | कार्यक्रम विवरण | ईकाई | बार्षिक | | फाल्गुण मसान्त सम्मको | | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | परिमाण | बजेट रु.हजार मा | प्रगति | वजेट खर्च | |
| **रोग निदान तथा प्रयोगशाला सेवा कार्यक्रम** | | | | | | | |
| १ | गोवर परिक्षण | संख्या | ३५० | ४० | २०५ | | |
| २ | थुनेलो परिक्षण | संख्या | १०० | २० | ६० | | |
| ३ | पिसाव परिक्षण | संख्या | १०० | २० | ६५ | | |
| ४ | सव परिक्षण | संख्या | १०० | २० | ५४ | | |
| **उपचार सेवा कार्यक्रम** | | | | | | | |
| १ | मेडिकल उपचार | संख्या | ६००० | ३०० | ९५८८ | ६०० | |
| २ | माईनर सर्जिकल उपचार | संख्या | ५०० | ५० | ३०२ | | |
| ३ | गाईनोकोलोजिकल उपचार | संख्या | ५०० | ५० | ३६५ | | |
| **रोग निरोधक खोप सेवा कार्यक्रम** | | | | | | | |
| १ | रोग निरोधक खोप लगाउने | संख्या | ३००० | १०० | ३००० | | |
| २ | सरुवा रोग व्यवस्थापनकोस्थापना | पटक | १ | २०० | | | |
| **शिविर/गोष्ठि कार्यक्रम** | | | | | | | |
| १ | रेविज रोग नियन्त्रण शिविर | पटक | १ | ५० | १ | ५० | |
| २ | डालेघांस रोपन सप्ताहा मनाउने | पटक | १ | ५० | | | |
| **पशु आहारा सेवा कार्यक्रम** | | | | | | | |
| १ | घांसको विउ वितरण (हिउदे, वर्षे, बहुवर्षे) | पाकेट | ५०० | १०० | ३०० | ५० | |
| २ | डाले घांसको वेर्না वितरण | संख्या | ५००० | ६० | | | |
| ३ | ग्रामिण सडक छेउ घांस विकास गर्ने | हेक्टर | ५ | ५० | | | |
| **पशु स्वास्थ नियमन कार्यक्रम** | | | | | | | |
| १ | मासु पसल,वधस्थल, पशु पंक्षि फार्मको नियमित अनुगमन, निरिक्षण | पटक | ३ | ३० | २ | २० | |
| २ | पशू औषधी पसल ,पशु पंक्षि फार्म, ह्याचरी, मासू पसल, वधस्थल, बधशालाको तथ्याङ्क संकलन , रेकडिग | पटक | ३ | ३० | २ | २० | |

| सि. नं. | कार्यक्रम विवरण | ईकाई | बार्षिक | | फाल्गुण मसान्त सम्मको | | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | परिमाण | बजेट रु.हजार मा | प्रगति | वजेट खर्च | |
| ३ | व्यवसायिक फार्म, मासु पसल, समुह, ग्रा.प.स्वा.का. दर्ता तथा परिचालन | पटक | ३ | ३० | २ | ३० | |
| ४ | सम्पुर्ण कार्यक्रमको अनुगमन मुल्यांकन भ्रमण खर्च | | | २५० | | १४५ | |
| ५ | कार्यालय संचालन खर्च | | | ३०० | | १९५ | |
| **कुल जम्मा** | | | | ८००० | | २६८५ | |

### ६.७.३ प्रस्तावीत पशुपालन पकेट क्षेत्र

| वडा नं. | स्थान | पकेट क्षेत्र |
|---|---|---|
| १ | स्याउले | वाख्रा |
| २ | वतासे | वाख्रा |
| ३ | वतासे | वाख्रा |
| ४ | कुविण्डे | गाई भैसी |
| ५ | चौतारा | कुखुरा वंगुर |
| ६ | पीपलडाँडा | वाख्रा |
| ७ | सानोसिरुवारी | गाई भैसी |
| ८ | ईर्खु | कुखुरा,वाख्रा |
| ९ | कदमवास | गाई भैसी |
| १० | सांगाचोक | गाई भैसी |
| ११ | सांगाचोक | गाई भैसी |
| १२ | सांगाचोक | गाई भैसी |
| १३ | ठुलोसिरुवारी | गाई भैसी |
| १४ | ठुलोसिरुवारी | गाई भैसी |

## ६.८ कृषि शाखा

### ६.८.१ कृषि विकास शाखाको आ.व. २०७४/७५ मा भएको मुख्य मुख्य कृयाकलापहरु

| सि.नं. | कार्यक्रम विवरण | ईकाई | बार्षिक लक्ष्य | | बार्षिक प्रगति | |
|---|---|---|---|---|---|---|
| | | | परिमाण | बजेट | परिमाण | वजेट |
| **कृषि प्रसार कार्यक्रम** | | | | | | |
| १ | विज बृद्धि श्रोत विउ मकै वितरण | हेक्टर | १० | १३५ | १० | १३५ |
| २ | विउ प्याकेजिङमा सहयोग | पटक | १ | ५० | १ | ५० |
| ३ | प्लाष्टिक टनेल वितरण ७५ प्रतिशत अनुदान | संख्या | ५० | २०० | ५० | २०० |
| ४ | तरकारी कम्पोजिट किट वितरण | पाकेट | ६००० | ६० | ६००० | ६० |
| ५ | थोपा सिंचाई सहयोग कार्यक्रम ७५ प्रतिशत अनुदान | संख्या | २८ | ११२ | २८ | ११२ |
| ६ | अनुदानमा फलफुल विरुवा सहयोग ७५ प्रतिशत अनुदान (हियदे ५ हे.वर्षे १० हे.) | हेक्टर | १५ | २१० | १५ | २१० |
| ७ | कफिविरुवा सहयोग ७५ प्रतिशत अनुदान | हेक्टर | १ | ८० | १ | ८० |
| ८ | व्याट्रिस्प्रेयर वितरण ७५ प्रतिशत अनुदान | संख्या | ३० | १८० | ३० | १८० |
| ९ | मिनिटिलर वितरण ५० प्रतिशत अनुदान | संख्या | १५ | ४५० | १५ | ४५० |
| १० | च्याउ विउ सहयोग ५० प्रतिशत अनुदान | संख्या | ८५० | ८५ | ८५० | ८५ |
| ११ | समुह/सहकारीको मागमा आधारीत कार्यक्रम | आ.अ. | आ.अ. | ३०० | आ.अ. | ३०० |
| १२ | अगुवा कृषक गोष्ठि | पटक | ८ | ४० | ८ | ४० |
| १३ | वाली संरक्षण सेवा | पटक | २ | ६० | २ | ६० |
| १४ | अनुगमन तथा प्रशासनिक खर्च | पटक | २ | ५८ | २ | ५८ |
| **सहकारी, साना सिंचाई तथा मल विउ ढुवानी कार्यक्रम** | | | | | | |
| १ | प्लाटिक पोखरी निर्माण | संख्या | ७ | २१० | ७ | २१० |
| २ | प्रशासनिक खर्च | पटक | १ | ११ | १ | |
| **माटो परिक्षण सुधार कार्यक्रम** | | | | | | |
| १ | भकारो सुधार कार्यक्रम | संख्या | १५ | ७८ | १५ | ७८ |

| सि.नं. | कार्यक्रम विवरण | ईकाई | बार्षिक लक्ष्य | | बार्षिक प्रगति | |
|---|---|---|---|---|---|---|
| | | | परिमाण | बजेट | परिमाण | वजेट |
| २ | प्रशासनिक खर्च | पटक | २ | १६ | २ | १६ |
| **आलु तरकारी तथा मसला विकास कार्यक्रम** | | | | | | |
| १ | आईरन फ्रेम सहितको प्लाष्टिक टनेल वितरण | संख्या | ४१ | २०५० | ४१ | २०५० |
| २ | मिनिटिलर वितरण ५० प्रतिशत अनुदान | संख्या | ६८ | २०४० | ६८ | २०४० |
| ३ | थोपा सिंचाई सहयोग कार्यक्रम ७५ प्रतिशत अनुदान | संख्या | ५० | २०० | ५० | २०० |
| ४ | वाली संरक्षण सेवा | पटक | २ | १०० | २ | १०० |
| ५ | पि.वि.एस.आलु दाना वितरण | संख्या | २००० | ४० | २००० | ४० |
| ६ | प्लाटिक टनेल वितरण ७५ प्रतिशत अनुदान | संख्या | ५० | २०० | ५० | २०० |
| ७ | अलैची विरुवा सहयोग ७५ प्रतिशत अनुदान | संख्या | ५ | ५०० | ५ | ५०० |
| ८ | अलैची टिप्ने चक्कु वितरण | संख्या | १०० | ३० | १०० | ३० |
| ९ | अनुगमान प्रशासनिक खर्च | पटक | २ | ४८ | २ | |
| **वाली विकास कार्यक्रम** | | | | | | |
| १ | मकै विउ वितरण ७५ प्रतिशत अनुदान | मे.टन | २.५ | २०५ | २.५ | २०५ |
| २ | मिनिटिलर वितरण ७५ प्रतिशत अनुदान | संख्या | ८ | २४० | ८ | २४० |
| ३ | प्रशासनिक खर्च | पटक | १ | ३० | १ | |
| **प्रधानमन्त्री कृषि आधुनिकिकरण परियोजना** | | | | | | |
| १ | साना ब्यवसायिक कृषि उत्पादन केन्द्र (पकेट) बिकास क्षमाता अधिबृद्धि कार्याक्रम (घुम्ती तालिम) (कृषि ब्यवसाय प्रवर्धन तथा बजार विकास कार्यक्रम) | पटक | ४ | २० | ४ | २० |
| २ | साना ब्यवसायिक कृषि उत्पादन केन्द्र (पकेट) विकास कार्यक्रम चालु अनुदान (अन्य) | पटक | ४ | २०० | ४ | २०० |

| सि.नं. | कार्यक्रम विवरण | ईकाई | बार्षिक लक्ष्य | | बार्षिक प्रगति | |
|---|---|---|---|---|---|---|
| | | | परिमाण | बजेट | परिमाण | वजेट |
| ३ | साना ब्यवसायिक कृषि उत्पादन केन्द्र (पकेट) विकास कार्यक्रम पुँजिगत अनुदान (कृषि खेतीको साथै सिंचाइ प्रयोजन र पशु चिकित्सा सम्बन्धी उपकरण तजा मेशिन औजार) | संख्या | ४ | ६०० | ४ | ६०० |
| ४ | परियोजना अभिमुखिकरण गोष्ठि (पकेट स्तर) कृषि ब्यवसाय प्रवर्दन तथा बजार विकास कार्यक्रम | संख्या | २ | ८० | २ | ८० |
| ५ | साना सिंचाई निर्माण तथा मर्मात संम्भार | संख्या | ५ | ६५० | ५ | ६५० |
| ६ | कार्यक्रम अनुगमन गर्न सबैरीको लागि इन्धन | लिटर | ५०० | ५० | ५०० | ५० |
| | **जम्मा** | | | ९६१८ | | ९५२९ |

## ६.८.२ आ.व. २०७५/७६ बैशाख मसान्त सम्मको प्रगति (वित्तिय समानिकरण तर्फ)

| सि.नं | कार्यक्रम विवरण | बार्षिक लक्ष्य | बैशाख मसान्त सम्मको प्रगति | | | कैफियत |
|---|---|---|---|---|---|---|
| | | परिमाण | बजेट रु. हजारमा | प्रगति | वजेट खर्च | |
| **कृषि औजार उपकरण सेट वितरण** | | | | | | |
| १ | मिनिटिलर वितरण (३०००० अनुदान) | ७० | २१०० | ५९ | ७५० | |
| २ | व्याट्री स्प्रेयर वितरण (५० प्रतिशत अनुदान) | ४० | १८० | १५ | ३८ | |
| ३ | कोदो चुट्ने मेशिन वितरण (३० प्रतिशत अनुदान) | १४ | ३०० | ८ | १२० | |
| ४ | मकै छोडाउने मेशिन वितरण (५० प्रतिशत अनुदान समुहको लागी) | ४० | ३०१ | १४ | ७० | |
| **वाली विकास कार्यक्रम** | | | | | | |
| १ | विज बृद्धि कार्यक्रम ५० प्रतिशत अनुदान ढुवानी सहित मकै १५ हे | १५ | ६० | १५ | ६० | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| २ | उन्नत विउ सहयोग ५० प्रतिशत अनुदान ढुवानी सहित (धान ४ मेटन,मकै १५ मेटन,गहुं ०.५ मेटन) | ६ | ४१५ | ६ | ३०० | |
| **आलु तरकारी तथा फुल खेती विस्तार कार्यक्रम** | | | | | | |
| १ | प्लास्टीक टनेल वितरण (५० प्रतिशत अनुदान) | ५६ | १४० | १६ | ३७ | |
| २ | पि.वि.एस.आलु विउ वितरण | | ६ | | | |
| ३ | व्यवसायिक फुल खेती गर्ने कृषकलाई सामाग्री सहयोग | | १५० | | | |
| **व्यवसायिक फलफुल कार्यक्रम** | | | | | | |
| १ | पचास प्रतिशत अनुदानमा विरुवा सहयोग (हिउदे १० हे.सुन्तला १० हे.वर्षे ५ हे.)<br>(आरु ३००, आरुवखडा ३००, हलुवावेद ३००,किवि ५०, नस्पाती २५०, लप्सी २००) | १४०० | २२५ | १४०० | ५२ | |
| २ | कफि विरुवा सहयोग ५० प्रतिशत अनुदान | | १०० | | | |
| ३ | अलैंचिविरुवा सहयोग ५० प्रतिशत अनुदान | | १५ | | | |
| **व्यवसायिक मौरी तथा च्याउ विकास कार्यक्रम** | | | | | | |
| १ | प्लाष्टिक समेत च्याउ विउ सहयोग | ९०० | ५० | ९०० | ५० | |
| २ | मौरी पालनका उपकरण र द्घार वितरण ५० प्रतिशत अनुदान | ४० | २२५ | | | |
| **साना सिंचाई तथा कृषि प्रसार कार्यक्रम** | | | | | | |
| १ | प्लाष्टीक पोखरी निर्माण २५००० अनुदानमा | ४० | १००० | १४ | | |
| २ | कृषक समुह तथा सहकारीको मागमा आधारीत कार्यक्रम | | ५०० | २ | १३० | |
| ३ | क्रप कटिङधान २०, मकै ६०, आलु २०, गहुं ५ | | २८ | | | |
| ४ | मछापालन सहयोग कार्यक्रम | | १५० | | | |
| ५ | मटो परिक्षण शिविर | १ | ३५ | | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ६ | कृषि मेला प्रदर्शनी | १ | १९० | १ | १९० | |
| ७ | ओखेनी चिया खेती सम्भाव्यता अध्ययन | १ | ३०० | १ | | |
| ८ | कार्यक्रम संचालन भै रहेको पकेटमा संचालन हुने कार्यक्रमहरु | | १२०० | | | |
| ९ | नयाँ स्थापना हुने पकेटमा संचालन हुने कार्यक्रमहरु | | ८०० | | | |
| **दैनिक भ्रमण भत्ता खर्च** | | | १५० | | ६० | |
| **अन्य प्रशासनिक खर्च** | | | १२० | | | |
| **कुल जम्मा** | | | ८७४० | | १८५७ | |

## ६.९ आयुर्वेद शाखा

### चौतारा साँगाचोकगढी नगरपालिका, आयुर्वेद शाखाबाट दुइ वर्ष मा सम्पाधित कार्य प्रगति विवरण

- बास्पस्वेदन सेट खरिद गरि जिल्ला आयुर्बेद स्वास्थ केन्द्र मार्फत पंचकर्मको पुर्ब कर्म सेवा अन्तर्गत सर्बाङ्ग स्वेदन (Hole Body Steem Bath)सेवा सुचारु ।
- पिपलडाडा आ.औ. भाडाको घरमा सारिएको ।
- आवश्यक औषधि तथा फर्निचर सामग्रीहरु समयमै खरिद गरि अभाव हुन् नदिएको
- जेष्ठ नागरिकको लागि स्वास्थ्य प्रबर्धन कार्यक्रम अन्तर्गत औषधि खरिद भइ नियमित संस्थाहरु बाट वितरण
- गाँउघर/शहरी क्लिनिक, नसर्ने रोग ब्यबस्थापन कार्यक्रम सानोसिरुबारी र देउरालीमा संचालित
- स्वास्थ्य जिवन कार्यक्रम अन्तर्गत योग (Therapeutic Yoga) र स्वस्थ्य जिबन शैली ब्यबस्थापन (आहर, बिहार, दिन चर्या, ऋतु चर्या) नियमित रुपमा जिल्ला आयुर्बेद स्वास्थ केन्द्रमा संचालित
- बृहत रुपमा पतंजली मार्फत सहिद स्मृति हलमा एक हप्ताको योग शिविर संचालन
- पन्चकर्म पूर्व कर्म सेवा अन्तर्गत शिरोधरा, एकांग स्वेदन, सर्बांग स्वेदन, बस्ति, कर्म सुरु गरिएको
- विद्यालय आयुर्बेद योग तथा शिक्षा कार्यक्रम चार विद्यालयहरुमा संचालन गरिएको
- स्तनपाई आमालाई मात्रीशिशु सुरक्षार्थ दुग्धबर्धक जडीबुटीजन्य औषधि वितरण सम्बन्धी कार्यक्रम सस्थाहरुबाट नियमित भएको
- आयुर्बेद सूचना ब्यबस्थापन प्रणाली सुध्रिनिकरणक लागि पिपलडाडा आ.औलाइ ल्यापटप खरिद गरि हस्थान्तरण गरिएको

## ६.१० न्यायीक शाखा

### ६.१०.१ आ.व. २०७४।०७५ मा दर्ता भएको मुद्दा संख्या : ८१ (न्यायीक समिति र मेलमिलाप केन्द्र समेतबाट)

- जिल्ला अदालत पठाएका मुद्दा संख्या : ४
- मेलमिलाप भएको मुद्दा संख्या : ६९
- निर्णय भएको मुद्दा संख्या : ४

### ६.१०.२ आ.व. २०७५।०७६ चैत्र मसान्त सम्मको जम्मा दर्ता संख्या : १०६

- मेलमिलाप भएको : ८५
- अदालत पठाएको संख्या : १
- लगत कट्टा संख्या : ६

## ६.११ रोजगार शाखा

### ६.११.१ पृष्ठभूमि

लामो समयको संक्रमणकालको अत्य गर्दै २०७२ असोज ३ गते नेपालको संविधान जारी भयो । यो संविधान विगतका तुलनामा केही पृथक मूल्यमान्यता बोकेको संविधान हो । संघीयता र गणतन्त्र संस्थागत, समावेशी प्रतिनिधित्व र व्यापक मौलिक हक समेटीएको छ । यो संविधानले तीन तहको सरकारको परिकल्लपना गरी राज्यशक्तिलाई संघीय, प्रदेश र स्थानीय तीन तहको सरकारमा विभाजन गरेको छ । संविधानको कार्यान्वयनका लागि स्थानीय तह, प्रदेश र संघीय निर्वाचन सफल भई हाल जनप्रतिनिधिहरु तिब्र रुपमा काम गरिरहेका छन् । अर्कोतिर कर्मचारी समायोजन प्रक्रिया समेत औपचारिक रुपमा समापन भईसकेको छ ।

स्थानीय तहमा जनप्रतिनिधिले काम गर्न थालेको दुई बर्ष पुग्नै लागेको छ। संघीय सरकारले २०७२ को संविधानले प्रतिबद्धता जनाएको मौलिक हक कार्यन्वयन गर्ने ऐन तथा संविधान बमोजिम निर्माण तथा संसोधन गर्नुपर्ने ऐन नियम बनिसकेको छ। मौलिक हक कार्यान्वयन गर्ने धेरै कानूनहरु २०७५ मा मात्र निर्माण भएको र स्थानीय तहले यसको उचित अभ्यास गर्ने अवस्था भर्खर मात्र सिर्जना भएको तथ्य सर्बविधितै छ। यस्तै विविध ऐन मध्ये रोजगरीको हक सम्धन्धी ऐन, २०७५ पनि एक हो ।

### ६.११.२ विगतमा रोजगारी सिर्जनामा जनप्रतिनिधि

रोजगारीको हक सम्बन्धी ऐन, २०७५ जारी हुनु भन्दा पहिले करिव डेढ बर्ष जजनप्रतिनिधिहरुले काम गरेको अनुभव छ । यस अवधिमा रोजगारी सिर्जना गर्ने हेतुले नै विकास आयोजना निर्माणमा ध्यान पुर्याउन नसके पनि सम्बृद्दीका लागि रोजगारी सिर्जना गर्नु पर्छ भन्ने विषयमा भने जनप्रतिनिधिहरु स्पस्ट रहेका छन । रोजगारी सिर्जना र आर्थिक क्रियकलापमा तिब्र विकास गर्न यस नगरपालिकाले

पर्यटन विकासमा प्याराग्लाइडिङ जस्तो साहसिक खेलको सुरुवात, चिया खेती, चौतारामा भ्यूटावर निर्माण जस्ता क्रियाकलापमा पाईला अगाडि बढाईसकेको तथ्य हामी सामु छ । यस्तै स्थानीय स्तरका साना विकास निर्मार्णका आयोजनाहरु उपभोक्ता मार्फत गर्नु गराउनुमा पनि कामको गुणस्तार तथा रोजगारी सिर्जना गर्नमा केन्द्रीत रहेको बुझ्न सकिन्छ ।

### ६.११.३ ऐन बनेपछिको अवस्था

रोजगारिको हक सम्बन्धी ऐन, २०७५ र यसको कार्यान्वयनको लागि रोजगारिको हक सम्बन्धी नियमावली,२०७५ र प्रधानमन्त्री रोजगार कार्यक्रम सन्चालन निर्देशिका, २०७५ जारी भई कार्यान्वयन तर्फ अगाडि बढी रहेको छ । स्थानीय तहमा रोजगार संयोजकहरुको पदस्थापन सहित रोजगार सेवा केन्द्र सन्चालनमा आईसकेको छ । केन्द्रीय सरकारको समन्वय र निर्देशनमा यतिवेला प्रत्येक स्थानीय तहमा वडा मार्फत बेरोजगार व्यक्तिहरको तथ्याङ्क संकलन भईरहेको छ । चैत्र महिनाभर तथ्याङ्क संकलन हुने यस कार्यमा वडा प्रतिनिभिहरुको सक्रियता छ । यस तथ्याङकलार्य असार सम्ममा कम्प्युटरमा प्रविष्टी गरिनेछ । चौतारा साँगाचोकगढी नगर पालिकामा यो कार्यक्रम अन्तर्गत नगर कार्यपालिकाको अध्यक्षतामा पाँच सदस्यीय स्थानीय निर्देशक समिति गठन भई सकेको छ । यस समितिले स्थानीय तहमा रोगगारी सिर्जनामा आवश्यक निर्देशन, नियन्त्रण र सहयोग गर्नेछ ।

### ६.११.४ आगामी बाटो

यतिवेला रोजगारी सिर्जना देशव्यापी चासोको विषय बनेको छ । जन-प्रतिनिधि तथा नागरिक दुवैमा उत्साह छ । नयाँनयाँ क्षेत्र पहिचान र रोजगारिको अवसर सिर्जना गर्नुपर्ने अवस्था रहेको छ । ऐन, नियम तथा कार्यक्रम सन्चालन निर्देशिकाले मार्गदर्शन गरेअनुरुप संघ र प्रदेश सँगै स्थानीय तहले पनि रोजगारी सिर्जना गर्ने विकास निर्माण र सो सम्बन्धी बजेट विनियोजनमा सक्रिय हुनुपर्ने अवस्था छ । सकेसम्म आफ्नै स्थानीय क्षेत्रमा रही कानून बमोजिम नागरिकलाई कम्तिमा एक सय दिनको रोजगारी उपलब्ध गाराउन सक्ने बाटाहरु तय गर्नु अवको आवश्यकता हो ।

कार्यक्रम भर्खरै मात्र शुरु भएकोले पनि यो कार्यक्रमबाट अधिकतम रोजगारी सिर्जना गरी नागरिकहरुलाई रोजगारीको प्रत्यभूति दिन निर्देशक समितिले नयाँ नयाँ सम्भावनाको क्षेत्र पहिचान गर्ने तथा स्थानीय जनप्रतिनिधिहरुले आफ्ना क्षेत्रमा रहेका सरकारी गैरसरकारी आयोजना तथा प्रतिठान र निजि व्यवसायीहरुसँगको सहकार्यमा अधिकतम रोजगारीको अवसर सिर्जना गर्नु पर्दछ । यसमा रोजगार सेवा केन्द्रले संयोजनको भूमिका निर्वाह गर्नु पर्दछ । स्थानीय स्तरमा वडा तहबाट रोजगारीको अवसरमा विवेदीकरण रोक्न कानूनले निर्दिष्ट गरे अनुसार बेरोजगार व्यक्तिहरुको प्राथमिकिकरणमा जनप्रतिनिधिहरुको भुमिक महत्वपूर्ण हुन्छ । रोजगारी दिन नसकेको घर परिवारको समाजिक सुरक्षका लागि प्रदान गरिने निर्वाह भत्ता अन्य कार्यक्रमसँग नदोहोरिने गरी सही रुपले वितरण गर्न गराउन पनि जनप्रतिनिधले यस तर्फ चनाखो हुनु पर्नेछ । निर्वाह भत्ता सिफारिसमा वडा प्रतिनिधिहरुको अहम भुमिका रहनेछ । आगामी दिनमा यस कार्यक्रमलार्य सफल बनाउन रोजगार सम्वाद मन्च गठन गरी अझ प्रभावकारी रुपमा यो कार्यक्रम अगाडि बढाउनु उचित हुनेछ ।

## ६.१२ वि.स. २०७२ सालको विनासकारी भुकम्प र पुनःनिर्माण शाखा

वि.स. २०७२ सालको विनासकारी भुकम्प र पुनःनिर्माणवि.सं. २०७२ वैशाख १२ गते गएको विनासकारी भुकम्पबाट सिन्धुपाल्चोक जिल्लामा ३५७० जनाले जीवन गुमाउनु परेको थियो जस मध्य चौतारा साँगाचोकगढी नगरपालिकामा मात्र ६५२ जनाले ज्यान गुमाउनु परेको थियो । कूल जिल्लामा भएको मानविय क्षतिको १८ प्रतिशत यस नगरपालिमामा भएको थियो । नगरपालिका भित्रका ९५प्रतिशत नीजि आवस क्षति भएको थियो । सरकारी कार्यालयहरु ९९ प्रतिशत प्रतिशत क्षति भएको थियो । जिल्लामा उक्त भुकम्पमा परी सयौंको संख्यामा अपाङ्ग भएको थियो । सिन्धुपाल्चोक जिल्लामा मात्र ८६ हजार भन्दा माथि घर भत्किएर जिल्लावासीहरु घरवार विहिन भएका थिए । यस नगरपालिकामा मात्र भूकम्पबाट भएको क्षतिको पुनःनिर्माण तथा पूर्नस्थापना गरी चुनौतीलाई अवसरमा परिणत गर्न जनप्रतिनिधिहरुको पहिलो प्राथमिकता रहेको छ । यस नगरपालिकाले पुनःनिर्माण प्राधिकरण सरकारी तथा गैरसरकारी कार्यालय, संघ संस्थाहरु संग समन्वय गरी पुनःनिर्माणलाई अभियानको रुपमा अगाडि बढाईएको छ ।

हाल सम्मको प्रगति यस प्रकार रहेको छ ।यस नगरपालिकामा नीजि आवास क्षति भई पुनः निर्माणको क्रममा हाल सम्म १३,७३९ जनाले पहिलो किस्ता, १३,२५९ जनाले दोश्रो किस्ता र १२,१०० जनाले तेश्रो किस्ता समेत प्राप्त गरी सकेको अवस्था छ । कूल क्षति भएका घरहरु मध्य ८६.४३ प्रतिशत घरहरु निर्माण सम्पन्न भई सकेको छ ।

## ६.१३ सहकारी शाखा

- नगरस्तरीय सहकारीहरुको नियमन, दर्ता, खारेजी, अनुगमन तथा मुल्याङ्कन नगरपालिकावाटनै हुने व्यवस्था अनुसार चौतारा साँगाचोकगढी नगरपालिकाको सहकारी ऐन, २०७४ स्वीकृत भई कार्यान्वयनमा आएको छ ।
- सहकारी डिभिजन कार्यालय धुलिखेलवाट यस नगरपालिका भित्र कार्यक्षेत्र भएका ९६ वटा सहकारी संस्थाहरु हस्तान्तरण भई आएको छ ।
- नयाँ सहकारी दर्ता गर्न सुरु गरीएको छ ।
- सहकारीको अनुगमन तथा मुल्याङ्कन कार्यहरु सुरु गरीएको छ ।
- नगरपालिकाको सहकारी नियमावली तर्जुमा प्रकृयामा रहेको छ ।
- सहकारीको कामलाई व्यवस्थित गर्न सहकारी शाखा खोलिएको छ ।
- सहकारी क्षेत्रलाई आ.व. ०७५/७६ मा रु १५ बजेट विनियोजन गरी कार्यक्रमहरु सञ्चालन भई रहेको छ ।

## ७. नगरपालिकाको समन्वयमा संघीय सरकारवाट सञ्चालित योजनाहरु

| क्र.स. | योजनाको नाम | स्थान | कुल बजेट | कैफियत |
|---|---|---|---|---|
| १ | चौतारा स्याउले अखोनी सडक | चौ. सा. गढी न.पा. वाडा नं १, ५ र ६ | ३४ करोड | निर्माण कार्य भइरहेको |
| २ | चौतारा बतासे कुम्भेश्वर सडक | चौ.सा. गढी न.पा. वाडा नं २, ३ र ५ | ५ करोड | डि.पि.आर तयार |
| ३ | सागाँचाके लिफ्ट् खानेपानी | चौ.सा.गढी न.पा. वडा नं १०, ११ र १२ | २८ करोड | निर्माण कार्य भइरहेको |
| ४ | नौविसे कुविण्डे चौतारा मेलम्ची सडक | चौ.सा.गढी न.पा. वडा नं ४, ५ र ६ | ४ करोड | निर्माण कार्य भइरहेको |
| ५ | चौतारा वजार भित्री सडक निर्माण | चौ.सा.गढी न.पा. वडा नं. ५ | १० करोड | निर्माण कार्य भइरहेको |
| ६ | चौतारा सागाचोकगढी नगर चत्रपथ | चौ.सा.गढी न.पा. | ३० करोड | डि.पि.आर  तयार तथा निर्माण कार्य भइरहेको |
| ७ | वडा कार्यलयहरु, स्वस्थ्य चौकीहरु तथा खेलमैदान | चौ.सा.गढी न.पा. | ३० करोड | डि.पि.आर तयार तथा निमार्ण कार्य भइरहेको |
| ८ | साँगाचोकगढी निर्माण | चौ.सा.गढी न.पा. १२ | २० लाख | निर्माण कार्य भइरहेको |
| ९ | फलामको पोल खरिद | चौ.सा. गढी न.पा. | १ करोड ५० लाख | खरिद प्रकृया सम्पन्न |
| जम्मा रकम | | | १ अर्व ४२ करोड ७० लाख | |

| नगरपालिकाको समन्वयमा ३ नं प्रदेश सरकार वाट सञ्चालित नगरभित्रका योजनाहरु | | | | |
|---|---|---|---|---|
| क्र. स. | योजनाको नाम | स्थान | कुल बजेट | कैफियत |
| १ | चौतारा टुडिखेल मिनि रंगशाला | चौ.सा.गढी न.पा. वडा नं ५ | १० करोड | डि.पि.आर तयार माटो परिक्षण सम्पन्न तथा टण्डर अह्वान कार्य अन्तीम चरणमा |
| २ | वहु-प्राविधिक महा विद्यालय | चौ.सा.गढी न.पा. वडा नं ५ | १० करोड | डि.पि.आर तयार माटो परिक्षण सम्पन्न |
| ३ | चौतारा सानोसिरुवारी सडक | चौ.सा.गढी न.पा. वडा नं ५ र ७ | १० करोड | डि.पि.आर तयार तथा निर्माण कार्य स'रु |
| ४ | जल्केनी कुडाला सडक ठुलोसिरुवारी सडक | चौ.सा.गडी न.पा. वडा नं १३ | १ करोड ५० लाख | निर्माण कार्य भइरहेको |
| ५ | समुदायिक भवन | चौ.सा.गढी न.पा. वडा नं १४ | २० लाख | निर्माण कार्य भइरहेको |
| ६ | साँगाचाकेगढी निर्माण | चौ.सा.गढी न.पा. वडा नं १२ | १ करोड ५० लाख | निर्माण कार्य भइरहेको |
| ७ | जुगल क्याम्पस, सागाचोक | चौ.सा.गढी न.पा. वडा. नं १२ | ४० लाख | निर्माण कायै भइरहेको |
| ८ | चौतारा बहुमुखी क्याम्पस | चौ.सा.गढी न.पा. वडा नं ५ | ८० लाख | निर्माण कार्य सम्पन्न |
| ९ | चौतारा बजार डि.पि.आर. | चौ.सा.गढी न.पा. वडा नं ५ | ३० लाख | |
| १० | नौविसे क'विण्डे चौतारा सडक | चौ.सा.गढी न.पा. वडा नं ४ | ५ करोड | ४ नं वडा मा निर्माण कार्य भइरहे को |
| ज्ञज्ञ | शहीद स्मृति भवन | चौ.सा.गढी न.पा. वडा नं ५ | ४० लाख | निर्माण कार्य सम्पन्न |
| ज्ञद्द | चौतारा नयाँ वसपार्क देखी प'रानो बसपार्क तथा गौराती मन्दिर जाने वाटो कलो पत्रे तथा ढलान | चौ.सा.गढी न.पा. वडा नं ५ र ६ | २ करोड | टेण्डर भइसकेको (नगर तथा पैदेश सरककारको समप'रक योजना |

| | | | | |
|---|---|---|---|---|
| ज्ञघ | नौविसे, कुविण्डे, चौतारा सडक | चौ.सा.गढी नं पा. वडा नं ५ र ६ | ६ करोड | निर्माण कार्य भइरहेको |
| १४ | चौतारा बतासे कुम्भेश्वर सडक | चौ.सा.गढी न.पा. वडा नं ५ र ३ | ४२ लाख | निर्माण कार्य भइरहेको |
| १५ | मेलचौर, छाप, डाडाँपारी, गुम्वाडाँडा र भिरकुना सडक | चा.सा.गढी न.पा. वडा नं ७, ५ र ६ | | डि.पि.आर तयार |
| १६ | भोटेफुल्पीङ्ग खानेपानी | चौ.सा.गढी न.पा. वडा नं २ | १५ लाख | निर्माणकार्य भइरहेको |
| १७ | बलेफि खोला जलविरे शेरा फाँट पक्की पुल डि.पि.आर | चौ.सा.गढी न.पां वडा न. २ | २५ लाख | अन्तीम चारणमा |
| १८ | बलेफि नदि नियन्त्रण योजना | चौ.सा.गढी न.पा. वडा नं २ | २९ लाख | निर्माण कार्य भइरहेको |
| १९ | खेलकुद मैदान ठु'लोसिरुवारी | चौ.सा.गढी न.पा. वडा नं १३ | २० लाख | निर्माण कार्य भइरहेको |
| जम्मा रकम | | | ६९ करोड २१ लख | |
| निर्वाचन क्षेत्र विकास कोष तर्फ | | | | |
| क्र.स. | योजनाको नाम | स्थान | क'ल बजेट | संघीय निर्वाचन क्षेत्र |
| १ | भैसे कदमवास जल्केनी सडक | चौ.सा.गढी न.पा. वडा नं ९ | १५ लाख | नि.क्षे नं १ |
| २ | नौविसे पुल देउराली देविडाँडा महभिर सडक | चौ.सा.गढी न.पा. वडा नं २ र ३ | २० लाख | नि.क्षे नं १ |
| ३ | चौतारा जुगल थालखर्क होल्चे खा.पा.मुहान जाने सडक | चौ.सा.गढी न.पा. वडा नं १ | १० लाख | नि.क्षे नं २ |
| ४ | चौतारा वहुमुखी क्याम्पस | चौ.सा.गढी न.पा. वडा नं ५ | १० लाख | नि.क्षे नं २ |
| ५ | खेलकुद मैदान निर्माण | चौ.सा.गढी न.पा. वडा नं १२ | १५ लाख | नि.क्षे.नं २ |
| ६ | कुविण्डे दुग्ध डेरी सडक | चौ.सा.गढी न.पा. वडा नं ४ | १० लाख | नि.क्षनं १ |
| ७ | हेलम्वु एफ एम. | चौ.सा.गढी न.पा. वडा नं ५ | १० लाख | नि.क्ष.नं २ |
| ८ | सुनकोशी एफ.एम. | चौ.सा.गढी न.पा. वडा नं ७ | १० लाख | नि.क्ष.नं २ |
| जम्मा रकम | | | १ करोड | |

| | | | | |
|---|---|---|---|---|
| | | | | |
| | नगरपालिकाको समन्वयमा संघीय सरकार वाट सञ्चालित योजनाहरु | १ अर्व ४२ करोड ७० लाख | | |
| | नगरपालिकाको समन्वयमा ३ नं प्रदेश सरकार वाट सञ्चालित नगरभित्रका योजनाहरु | ६९ करोड २१ लख | | |
| | निर्वाचन क्षेत्र विकास कोष तर्फ | १ करोड | | |
| | जम्मा रकम | २ अर्व १२ करोड ९१ लख | | |
| | | | | |

## ८. नागरिकको आँखामा चौतारा साँगाचोकगढी नगरपालिका



*चौतारा सँगाचोकगढी नगरपालिकाबाट सम्पादन हुने विकास निर्माणको कार्यहरु र दैनिक सेवा प्रवाह सम्वन्धमा आम नागरिकको धारणा बुझ्ने क्रममा हाम्रो सम्पादन टोलीले चौतारा सँगाचोकगढी नगरपालिक वडा नं ८, ईर्खु निवासी **श्री दलवहादुर दंगाल** संग भेटी मिति २०७६/०१/११ गते, बिहान ११:०० बजे वहाँको धारणा बुझेको थियो सो को विस्तृत अंश ।*

**प्रश्न : चौतारा साँगाचोकगढी नगरपालिकाबाट के कस्ता सेवा प्रदान हुन्छन ? तपाई लाई थाहा छ ?**

☞ सम्पुर्ण विकास निर्माण, वत्ती, खानेपानीका योजनाहरु, स्वास्थ्य शिक्षा सबै नगरपालिकाले त हेर्छ ।

**प्रश्न : तपाईले भनि हाल्नुभयो माथिका सेवाहरु पाउन नगरपालिकामा कत्तिको सहज छ त ?**

☞ नगरपालिकाले जनताको काम सजिलो संग गरेकै छ त ।

**प्रश्न : योजना माग, योजनाहरुको सम्झौता र भुक्तानी लिन कत्तिको सजिलो छ ?**

☞ मेयरसापलाई भने पछि दिनु हुन्छ । झण्झटीलो छैन नियम पुऱ्याए पछि हुन्छ, नियम बाहिर गर्ने कुरा भएन, सजिलै छ।

**प्रश्न : नगरपालिकामा नक्सापास नगरी घर बनाउन पाईदैन ? वनेका घरहरुको अभिलेखिकरण गर्नु पर्छ भनेको छ, के यो नगरपालिकाको काम ठिक हो त ?**

☞ पहिले गाँउ विकास समितिहुँदा पनि गरेकै हो, अहिले नगरपालिकाले गर्छ । जनतालई अलि गाह्रोछ यो काम चै । कन्सल्टयान्सी खोज्न र नक्शा बनाउनका लागि धैरै दिन लाग्दो रहेछ । पैसा पनि धैरै खर्च हुने यस मा चै जनतालई सुविधा कम भो अनी नगरको अनुगमन पनि अलि फितलो छ हौ किनहो अलि कडा गर्नु पऱ्यो । नक्शा बनाउने कन्सल्टयान्सीको दररेट नगरपालिकाले तोक्नु परो ।

**प्रश्न : जननिर्वाचित प्रतिनिधिहरु बाट कत्तिको सहयोग पाउनु भएको छ त ?**

☞ आफ्नो त खासै काम परेको छैन । सामुहिक काममा सहयोग पाएकै छ । आवश्यकता परेको वेला १/२ वटा विद्युत पोल, खानेपानीको पाईप पाईएको छ ।

**प्रश्न : नगरपालिकामा कर्मचारीले गर्ने काममा कत्तिको सहयोग पाउनु भएको छ ?**

☞ खै मलाई सजिलै छ । मैले कुनै अप्ठेरो भोग्नु परेको छैन । कसै कसैले चै वेस्सरी हिडनु परयो भन्छन । त्यो चै खै किन हो ?

**प्रश्न : के कामको लागि नगरपालिकामा वढी हिडनु पऱ्यो ?**

☞ योजना भुक्तनीको लागि, नक्सा पासको लागि हिडनु पऱ्यो नि ।

**प्रश्न : तपाईको नक्सा पास, योजना भुक्तनी सम्बन्धी धैरै हिडनु पऱ्यो के गर्दा चै अझ सजिलो हुन्छ ?**

☞ वडामा सबै काम नक्सा पास, योजना भुक्तानी हुनु पऱ्यो ।

**प्रश्न : वडामा कति राजश्व उठ्छ तपाईलाई थाहा छ ?**

☞ थाहा छैन । हामीलाई कसैले भन्दैन ।

**प्रश्न : नगरपालिकालाई अझ प्रभावकारी बनाउनका लागि के गर्नुपर्छ, तपाईको केहि सुझाव छन कि ?**

☞ जनतालाई समयमा कामको डेलिभरी दिनु पऱ्यो ।

☞ जनतालाई राहात पुऱ्याउनु पऱ्यो नि ।

☞ विकास सबै ठाउँमा समानुपातिक हुनु पऱ्यो ।

☞ भागवण्डामा विकास हुनु भएन आवश्यकताको पहिचानमा हुनु पऱ्यो ।

☞ अनि योजना कनिका छरे जस्तो गरि छर्न भएन है ।

# ९. पत्र पत्रिकामा चौतारा साँगाचोकगढी नगरपालिका

सिन्धुपवाह २०७६ वैशाख १८ गते बुधबार (६) Sindhu Prabaha Weekly May 1, 2019

## झटारी

### स्कुल बिगार्न्याहरू हेलम्बुतिर जाऊ भ्रमण गरिकन चम्बु भे'र आऊ

### चौसागढी नपा-६ वडाको आफ्नै भवन
## भवन निर्माण गर्नेमा पहिलो वडा



### ठेकेदारबाट ठगिँदै मजदुर
## संरचना ठडिए, कामदारले ज्याला पाएनन्





... पहिलेले विद्यालय बनायो,अहिले विद्यालय पनि छैन कामदारले गरेको कामको भुक्तानी पनि पाएका छैनन्।

२०७४ चैत ७ देखि प्राय तराइबासी कामदारहरुले एक वर्षसम्म विद्यालयमा काम गरेका थिए। तर विद्यालय निर्माण भइसक्दा पनि कामको भुक्तानी नपाएको मजदुरहरुले ... लाख ९७ हजारको लागतमा ३ कोठे भवन र ३ कोठाको शौचालय निर्माण भएको थियो। निर्माण कार्यमा संलग्न ठेकेदारहरु सँग कामदारको ज्याला भुक्तानी नभएको विषयमा सम्पर्क गर्न खोज्दा सम्पर्क नै हुन सकेन। बलेफी गाउँपालिका-३ का वडा अध्यक्ष विरमान तामाङ भने आफूलाई यो विषयमा जानकारी नै नभएको बताउँछन्। मलाई ... भनाइ छ।

यी दुइ प्रतिनिधि उदाहरण मात्र होइन,जिल्लाका विद्यालय लगायत निर्माण व्यावसायीहरु मार्फत हुने गरेका कामहरुमा मजदुरहरुको यस्तै समस्या हुने गरेको छ। विशेषत जिल्लाबाहिरका मजदुरहरु ठेकेदार हरुबाट ठगिने गरेका छन्।

नेपाल सरकार
भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय
सडक विभाग
सडक सुधार आयोजना
